# आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववाद

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग अन्तर्गत नेपाली विषयको दर्शनाचार्य
(एम.फिल.) तहको उपाधिका निम्ति तेस्रो सत्र
पाठ्यांश ६०९ र ६१० को प्रयोजन
पूर्तिका लागि प्रस्तुत

शोधपत्र


शोधार्थी
भगवती सापकोटा
क्रमाङ्क : १२
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं


२०७६

## शोध निर्देकको मन्तव्य र सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्यकी विद्यार्थी सुश्री भगवती सापकोटाले आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववाद शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । यसको आवश्यक मूल्याङ्नको लागि सिफारिस गर्दछु ।

...................................

**प्रा.डा. देवीप्रसाद गौतम**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य शिक्षण कार्यक्रमको नवौं र दशौं पत्रको प्रयाजनार्थ तयार पार्नु भएको **आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववाद** शीर्षकको शोधप्रबन्धमा आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

(१) प्रा.डा. कृष्णप्रसाद घिमिरे ..........................

(विभागीय प्रमुख)

(२) प्रा.डा. देवीप्रसाद गौतम ............................

(शोध निर्देशक)

(३) प्रा.डा. महादेव अवस्थी .............................

(आन्तरिक परीक्षक)

(४) प्रा.डा. दयाराम श्रेष्ठ .............................

(बाह्य परीक्षक)

मिति २०७६।१०।०२

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोध पत्र मैले समादरणीय गुरु शोध निर्देशक प्रा.डा. देवीप्रसाद गौतमज्यू र सह शोध निर्देशक प्रा.डा महादेव अवस्थीज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ। आफ्ना विविध व्यस्तताका बाबजुद पनि अमूल्य समय निकाली अत्यन्तै सौहार्दपूर्ण तवरले यस शोधकार्यमा समुचित निर्देशन दिनुहुने शोध निर्देशक श्रद्धेय गुरुहरू प्रा.डा. देवीप्रसाद गौतमज्यू एवं प्रा.डा महादेव अवस्थीज्यूप्रति सर्वप्रथम म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

शोधपत्र अनुसन्धानमूलक कार्य हो। यो निश्चित विधि र पद्धतिमा आधारित हुन्छ। त्यसैले यो बौद्धिक र जटिल कार्य पनि हो तर यस दर्शनाचार्य तहका आदरणीय गुरुहरूको सहयोग र प्रेरणाबाट यो कार्य सहज रूपमा सम्पन्न भयो। यसका निम्ति गुरुहरू प्रा.डा. खगेन्द्रप्रसाद लुइँटेलज्यू र प्रा.डा. दयाराम श्रेष्ठज्यूप्रति विशेष आभार प्रकट गर्दछु। यसै गरी विविध तरहले सहयोग गर्नु हुने मेरा मित्र श्री महेश कार्की, अर्चना पोखरेल, प्रभा वराल एवं दशनाचार्य तहमा अध्ययनरत सम्पूर्ण साथीहरू पनि धन्यवादका पात्र हुनुहुन्छ। साथै श्रीमान् डा. बलराम चापागाइँ, छोराहरू असीम चापागाइँ र अविन चापागाइँको सहयोग एवं शुभेच्छाप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा यस कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्नु हुने मेरा सम्पूर्ण गुरुजन, मित्रवर्ग, बौद्धिक समुदाय र शुभेच्छुकहरूप्रति हार्दिक आभार प्रकट गर्दै म यो शोधपत्रको उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु।

मिति : २०७६/०४/०६

भगवती सापकोटा

क्रमाङ्क : १२

# विषय सूची


पेज नं.

**परिच्छेद एक : शोध परिचय** **१-११**

१.१ विषय परिचय १

१.२ समस्याकथन १

१.३ उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधो औचित्य ९

१.६ शोधको सीमा १०

१.७ सामग्री सङ्कलन विधि १०

१.८ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा १०

१.९ शोध प्रबन्धको रूपरेखा ११

**परिच्छेद दुई : साहित्यको अस्तित्ववादी स्वर अध्ययनको सैद्धान्तिक आधार र विश्लेषण ढाँचा** **१२-३२**

२.१ अस्तित्ववादको सैद्धान्तिक परिचय र विश्लेषणको ढाँचा १२

२.१.१ अस्तित्ववादः शाब्दिक अर्थ र विशिष्ट अभिप्राय १२

२.१.२ अस्तित्ववादको परिभाषा १४

२.१.३ अस्तित्ववादी स्वरको विकास १६

२.१.४ अस्तित्ववादका प्रमुख प्रवर्तक तथा तिनका मान्यताहरू १९

२.१.४.१ सारेन अबाईकिर्केगार्डका प्रमुख मान्यताहरू १९

२.१.४.२ फ्रेडरिक नित्सेका प्रमुख मान्यताहरू २२

२.१.४.३ मार्टिन हाइडेगरका प्रमुख मान्यताहरू २४

२.१.४.४ ज्याँ पल सार्त्रका प्रमुख मान्यताहरू २५

२.१.४.५ आल्बेर कामुका प्रमुख मान्यताहरू २६

२.१.४.६ साहित्यमा अस्तित्ववाद २९

२.२ साहित्यको अस्तित्ववादी स्वरको विश्लेषण ढाँचा ३०

२.२.१ अस्तित्ववादी चयन स्वतन्त्रता ३१
२.२.२ अस्तित्ववादी निर्णय र निस्सारताको बोध ३१
२.३ निष्कर्ष ३२

**परिच्छेद तिन : आदिम देश कथासङ्ग्रहका कथामा चयन स्वतन्त्रता ३३–५९**
३.१ विषय परिचय ३३
३.२ आदिम देश सङ्ग्रहभित्रका कथामा अस्तित्वको सन्दर्भ ३३
३.२.१ आदिम देश कथाको विश्लेषण ३४
३.२.२ तिउरीको फूल, पायरियाको गन्ध कथाको विश्लेषण ३६
३.२.३ निर्माणको मोडेल समयभित्र कथाको विश्लेषण ३९
३.२.४ बीसौँ शताब्दी एउटा गल्लीमा कथाको विश्लेषण ४२
३.२.५ मैले नजन्माएको छोरो कथाको विश्लेषण ४५
३.२.६ एक उडानमा कथाको विश्लेषण ४६
३.२.७ सधैं बित्नुपर्ने हामी कथाको विश्लेषण ४९
३.२.८ सिमेन्टीभित्र एउटा राजबेली कथाको विश्लेषण ५०
३.२.९ अप्ठ्यारो र अभ्यस्त मान्छे कथाको विश्लेषण ५२
३.२.१० अनिदो र शून्यता कथाको विश्लेषण ५४
३.२.११ साइनो ग्रयाटिनको टुक्रासँग कथाको विश्लेषण ५६
३.२.१२ सोफिजम मेरो लोग्नेसँग कुराकानी कथाको विश्लेषण ५७
३.३ निष्कर्ष ५९

**परिच्छेद चार : आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववादी स्वर ६०–७७**
४.१ विषय परिचय ६०
४.२ आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववादी निर्णय र निस्सारताको स्वर ६०
४.२.१ आदिम देश कथाको विश्लेषण ६१
४.२.२ तिउरीको फूल, पायरियाको गन्ध कथाको विश्लेषण ६२
४.२.३ निर्माणको मोडेल समयभित्र कथाको विश्लेषण ६४
४.२.४ बीसौँ शताब्दी एउटा गल्लीमा कथाको विश्लेषण ६६

४.२.५ मैले नजन्माएको छोरो कथाको विश्लेषण ६७
४.२.६ एक उडानमा कथाको विश्लेषण ६९
४.२.७ सधैं बित्नुपर्ने हामी कथाको विश्लेषण ७०
४.२.८ सिमेन्टीभित्र एउटा राजबेली कथाको विश्लेषण ७१
४.२.९ अप्ठ्यारो र अभ्यस्त मान्छकथाको विश्लेषण ७३
४.२.१० अनिदो र शून्यता कथाको विश्लेषण ७४
४.२.११ साइनो ग्रयाटिनको टुक्रासँग कथाको विश्लेषण ७५
४.२.१२ सोफिजम मेरो लोग्नेसँग कुराकानी कथाको विश्लेषण ७६
४.३ निष्कर्ष ७७

**परिच्छेद पाँच : सारांश तथा निष्कर्ष** **७९–८२**
५.१ सारांश ७९
५.२ निष्कर्ष ८०

**सन्दर्भसामग्री सूची**

# परिच्छेद एक
# शोध परिचय

## १.१ विषय परिचय

कथाकार पारिजात (१९९०-२०५०) नेपाली साहित्यकी बहुमुखी स्रष्टा हुन् । उनले साहित्यका प्रायः सबै विधामा कृति रचना गरेकी भए पनि कथाकारका रूपमा उत्तिकै ख्याति प्राप्त गरेकी छन् । उनले लेखेका कथासङ्ग्रहहरू *'आदिम देश'* (२०२५), *'सडक र प्रतिभा'* (२०३२), *'साग्लीको बलात्कृत आँसु'* (२०४३) र *'बधशाला जाँदा आउँदा'* (२०४९) गरी जम्मा चारवटा प्रकाशित छन् ।

अस्तित्ववादको जन्म नियतिवाद तथा आदर्शवादको विरोधमा सन् १९४३ देखि भएको हो । डेनमार्कका किर्केगार्डले सर्वप्रथम अस्तित्ववाद शब्दको प्रयोग गरेका हुन् । हिगेलको सत्य विषयगत हुन्छ भन्ने विचारको खण्डन गर्दै यिनले सत्य विषयीगत हुन्छ भन्ने बताएका छन् । व्यक्तिको जीवन र अनुभूतिका साथ दर्शनको सम्बन्ध हुनुपर्छ भन्ने उनको भनाइ छ (शर्मा र लुइँटेल, २०६७-११३) । अस्तित्ववादीहरूले पृष्ठभूमिमा विसङ्गत दर्शनलाई नै लिएका हुन्छन् तर उनीहरू विसङ्गतिबाट नै विद्रोह, मूल्य र अस्तित्वको खोजी गर्न पुग्दछन् । जीवनका विसङ्गतिलाई चिरेर केही हदसम्म आफ्नो अस्तित्व प्रमाणित गर्न मान्छे भरमग्दुर प्रयास गर्दछ । यस अध्ययनमा अस्तित्ववादको केन्द्रीयतामा रहेर पारिजातद्वारा लिखित *आदिम देश* कथासङ्ग्रहका कथामा अस्तित्ववादी स्वरको अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

परिजातका कथामामा समकालीन यथार्थहरू अभिव्यक्त भएका छन् । त्यसैले प्राज्ञिक अध्ययनका दृष्टिले यी कथाहरू विवेच्य एवम् अनुसन्धेय रहेकाले पारिजातद्वारा लिखित *आदिम देश* कथासङ्ग्रहका कथाहरूको शोधपरक अध्ययन गरी ती कथामा निहित अस्तित्ववादी स्वर सम्बन्धी ज्ञानको नवीन उद्घाटन गर्नु प्रस्तुत शोध अध्ययनको समाधेय समस्या हो । नेपाली समाज वर्गीय, जातीय, लैङ्गिक आदि अनेक ढङ्गले विभाजित छ । यस प्रकारको विभाजन नै सामाजिक विभेदको मुख्य कारण पनि हो । यही विभेदका कारणबाट नेपाली समाजको एउटा ठूलो वर्ग अस्तित्व रक्षाका लागि सङ्घर्ष गर्न विवश छ । पारिजातद्वारा लिखित आदिम देश कथासङ्ग्रहका कथाहरूमा प्रयुक्त पात्रहरूले स्वको

रक्षाका लागि गरेको सङ्घर्षलाई मुख्य शोध समस्याका रूपमा लिई सोही अनुसार अध्ययन गरिएको छ । यस समस्यासँग सम्बन्धित शोध प्रश्नहरू निम्नालिखितानुसार रहेका छन् :

(क) आदिम देश कथासङ्ग्रका कथामा चयन स्वतन्त्रता के कस्तो छ ?

(ख) आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववादी स्वर के कस्तो पाइन्छ ?

## १.३ उद्देश्य

पारिजातका कथामा अस्तित्ववादको अध्ययन विश्लेषण गरी पात्रले अस्तित्व रक्षाका लागि गरेको सङ्घर्षको खोजी गर्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । यस उद्देश्यसँग सम्बन्धित निम्नालिखितानुसारका बुँदाहरू रहेका छन् :

(क) आदिम देश कथासङ्ग्रहका कथामा चयन स्वतन्त्रताको निरूपण गर्नु,

(ख) आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववादी स्वरको अध्ययन गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

कथालाई हर्ने विविध कोणहरूमध्ये अस्तित्वादी अध्ययन पनि एक हो । अस्तित्वादी सिद्धान्तको कोणबाट नेपाली साहित्य समालोचना र शोधका क्षेत्रमा अध्ययन विवेचना गर्ने परम्परा रहे पनि आदिम देश कथासङ्ग्रहका कथामा केन्द्रित रही गरिएका अध्ययनहरू भने देखिँदैनन् । प्रस्तुत अध्ययनमा पारिजातद्वारा लिखित आदिम देश कथासङ्ग्रहका कथालाई अस्तित्ववादी स्वरका कोणबाट हेर्ने प्रयत्न गरिएको छ । साहित्यिक अध्ययनका सन्दर्भमा अस्तित्ववादी स्वरलाई जोडेर गरिएका अध्ययनहरूको सर्वेक्षण तथा पारिजातद्वारा लिखित कथाहरूमा रहेको अस्तित्वादी चिन्तन सम्बन्धित सर्वेक्षण यस कार्यका लागि आवश्यक देखिने हुनाले प्रस्तुत अध्ययन कार्यमा सोही अनुरूप साहित्य समालोचनामा भएका अस्तित्वादी अध्ययनलाई पूर्वकार्यका रूपमा लिई समीक्षा गरिएको छ ।

ईश्वर बरालले *आख्यानको उद्भव* (२०३९) नामक समालोचनात्मक कृतिमा पारिजातका 'आदिम देश' तथा 'सडक र प्रतिभा' कथासङ्ग्रहका कथाको विश्लेषण एवम् कथाका पात्र तथा शैलीको अध्ययन गर्ने क्रममा यी दुवै कथासङ्ग्रहका कथामा सामाजिक जीवनको भन्दा व्यक्ति जीवनको प्रस्तुतीकरण गरिएको कुरा प्रस्तुत गरेका छन् ।

घटराज भट्टराईले *प्रतिभै प्रतिभा र नेपाली साहित्य* (२०४०) मा पारिजातिका कथाहरूले सामाजिक विसङ्गति र विकृति देखाउनुका साथै समाजमा बाँच्नु परेका निम्न वर्गीय पात्रहरूको चरित्र प्रस्तुत गरेको धारणा उल्लेख गरेका छन् ।

हीरामणि शर्मा पौड्यालले *रचना विवेचना* (२०४६) नामक समालोचनात्मक कृतिमा 'साल्गीको बलात्कृत आँसु' भित्रका कथाहरूमा पारिजातको यथार्थवादी चेतनाको विश्लेषण गर्ने क्रममा उनको सिङ्गो साहित्यिक यात्रालाई विसङ्गतिवादी र प्रगतिवादी अथवा पूवार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गर्दै पूवार्द्धमा लेखिएका कथाको नारी चरित्रहरू नैराश्य, कुण्ठा र यौन वेगका विकृत मनोविकार र उत्तरार्द्धमा लेखिएका कथाका नारी चरित्रहरू जनजीविकाकै मूलभूत समस्याद्वारा आक्रान्त रहेको विचार प्रस्तुत गरेका छन् ।

कृष्ण गौतमले *पारिजातः मैले नजन्माएको छोरो कथा* (२०४७) शीर्षकको समालोचनामा नारीवादी दृष्टिले कथाकार पारिजातिका कृतिको अध्ययन रुचिपूर्ण विषय हुन सक्ने साथै नारीका बारेमा नारीकै विचार के छ भन्ने थाहा पाउन पनि उनका कृति निकै नै उपयोगी हुन सक्ने विचार व्यक्त गरेका छन् । उनले यस क्रममा विवाहमा रुचि नराख्ने, पोइ भन्ने जातप्रति नै घृणा देखाउने कथाकी नायिकालाई लोग्ने मान्छेको प्रभुत्व रहने दाम्पत्य जीवनमा बाँधिन इच्छा नभएको सन्दर्भ उल्लेख गर्दै आलोच्य कथामा नारी शोषणसित परिचित पारिजातको मुक्त नारी जीवनको पक्षमा विशेष झुकाव रहेको विचार प्रस्तुत गरेका छन् ।

मोहनराज शर्माले *नारी मनकी अन्तरङ्ग शिल्पीः पारिजात* (२०४८) शीर्षकको समालोचनामा पारिजातले स्त्रीपात्रको भित्री आँगनीमा डुलेर कोमल नारीमनको प्रमाणिक चित्रण गर्न सकेको सन्दर्भ प्रस्तुत गर्दै उनलाई नारी मनकी अन्तरङ्ग शिल्पी नेपाली साहित्यकी सर्वाधिक शक्तिशाली महिला लेखक तथा नारीको प्रमाणित पहिचान गराउने सबल सर्जक भएको ठहऱ्याएका छन् ।

गोपीकृष्ण शर्माले *आख्यानकार पारिजात* (२०४९) शीर्षकको लेखमा पारिजातका रचनाहरूले खास गरी वर्तमान भोगाइका कटु यथार्थलाई जस्ताको तस्तै व्यक्त गरेका छन् भन्ने कुरा प्रस्तुत गरी उनका कथामा पाइने पहिचानको स्थितिलाई सङ्केत गरेका छन् ।

रञ्जुश्री पराजुलीले *कथाकार पारिजात र मैले नजन्माएको छोरो* (२०४९) शीर्षकको समालोचनामा एउटा अविवाहित नारी पात्रका मातृहृदयको मनस्थितिको चित्र अत्यन्तै सहज र स्वभाविक ढङ्गले खिच्न सफल 'मैले नजन्माएको छोरा' कथामा कथाकार पारिजातले आफू अविवाहित भएर पनि एउटी नारीको सन्तानको चाहना, त्यसप्रतिको प्रेम, ममता र वात्सल्यलाई अति स्वभाविक पाराले व्यक्त गर्न सकेको धारणा प्रस्तुत गरेकी छन् ।

रामहरि पौड्यालले *साल्गीको बलात्कृत आँसुमा समसामयिक स्वर* (२०४९) शीर्षकको समालाचेनामा पारिजातका कथाका पात्रहरू जीवनका प्रतीक भएका, उनका हरेक कथामा तत्कालीन परिस्थितिको स्वच्छ एवम् यथार्थ चित्रण अभिव्यक्त भएको तथा आर्थिक वैषम्यलाई जीवनको सम्पूर्ण कनिठाइहरूको कारण मानेर उनले शोषकहरूको विरोधमा उन्मुख हुन जनतालाई आह्वान गरेको टिप्पणी गरेका छन् ।

ताराकान्त पाण्डेयको *पारिजातका कथामा नारी पात्रहरू* (२०५१) शीर्षक समालोचनामा पारिजातका कथामा नारी पात्रहरूका बारेमा अध्ययन गर्ने क्रममा उनका २०२१ देखि २०३२ सम्मका कथाका नारी पात्रहरूमा अस्तित्ववादी, विसङ्गतिवादी, यौनवादी र नारीवादी चेतना अभिव्यक्त भएको बताउँदै तिनमा नारी पात्रहरूलाई चरम भोग्या र समष्टि नारी जातिलाई वेश्याको रूपमा प्रस्तुत गर्ने विषाक्त चेतना अभिव्यक्त भएको उल्लेख गरेका छन् । त्यस्तै उनले ती पात्रहरू अत्यन्त अकर्मण्य, यथार्थ विमुख, जीवन विमुखत्व र मृत्यु पूजकसम्म देखिएको बताएका छन् । उनले पारिजातको २०३२ देखि २०४९ सम्मका कथामा प्रगतिवादी चेतना अनुरूप नारी पात्रहरू चयन भएको र ती पात्रहरू पर्याप्त युग सचेत, वर्ग सचेत, जीवनमुखी एवम् क्रियाशील रहेको निष्कर्ष निकालेका छन् ।

तुलसी भट्टराईले *पारिजात : नारी अस्मिता र दृष्टिकोण* (२०५१) शीर्षकको लेखमा पारिजातका कथामा प्रयुक्त नारी पात्रहरूलाई उदाहरणस्वरूप प्रस्तुत गर्दै उनका कथाहरू नारी चरित्र र नारी भोगाइका वर्णनमा आधारित रहेको उल्लेख गरेका छन् । उनले यसै क्रममा प्रस्तुत नारी पात्रहरूका माध्यमबाट कथाकार पारिजातले नारी मन, नारी स्वभाव, नारी चरित्र, ममता, वात्सल्य, इच्छा, चाहना, नारी प्रवृत्ति, बाध्यता, विवशता, पीडा, नारी क्षमता, लोग्ने मान्छेसँगका नारी सीमा जस्ता विविध पक्षको राम्रो विश्लेषण गरेको र ती नारी पात्रहरूमध्ये अधिकांश आफ्नै स्वतन्त्र अस्तित्व लिएर सङ्घर्षशील जीवन जिउन प्रयास रहेको धारणा प्रस्तुत गरेका छन् ।

वासुदेव त्रिपाठीले *पारिजातले सिर्जेको साहित्यिक शिखर-शृङ्खला एक चर्चा* (२०५१) शीर्षकको समालोचनामा पारिजातको साहित्यिक योगदाको चर्चा गर्ने क्रममा कथाहरूको समेत विश्लेषण गरेका छन् । उनले यस क्रममा पारिजातले कथामा शोषक सामन्तप्रति विद्रोह सामाजिक अन्तर्बाह्य निरीक्षण, शोषणमुक्त सामाजिक, आर्थिक पुनसंरचनाका निम्ति क्रान्ति र विद्रोह गरेको कुरा उल्लेख गर्दै ती कथामा नारीवादी दृष्टिकोणको पनि उल्लेख्य उपस्थिति रहेको विचार प्रस्तुत गरेका छन् ।उनले पारिजातको कथाका कथ्यमा नारीवाद, मातृत्वको इन्कारी र पुरुषवादप्रतिको आक्रोश र विद्रोह जस्ता प्रवृत्तिहरू पनि विशेष रूपमा मुखरित भएको धारणा व्यक्त गरेका छन् ।

अम्बु भवानी कार्कीले "पारिजातको कथाकारिता" (२०५२) शीर्षकको स्नातकोत्तर शोधपत्रमा पारिजातका कथाहरूको विश्लेषणका क्रममा पारिजात समाजको पितृसत्तात्मक शासन र अन्यायको खुला विरोध गर्नुका साथै तीव्र घृणा भाव पोखेको सन्दर्भ प्रस्तुत गरेकी छन् । उनले पारिजातले एकातिर देशको राजनीतिले समाजवादतिर कोल्टे फेर्न नसक्नाका कारणहरूको अध्ययन गर्दै त्यसका निम्ति श्रमिक किसान तथा मजदुरहरूलाई एकताबद्ध हुन सन्देश दिएको र अर्कोतिर नेपाली नारीहरूले भोग्न परेका कटु पीडादायी सामाजिक, राजनीतिक अन्यायको भण्डाफोर गर्दै नारी समस्याको उद्घाटन गरेको विचार प्रस्तुत गरेकी छन् । यस क्रममा उनले राजनीतिमा समाजवादी/साम्यवादी परिवर्तनको सन्देश दिँदै महिला मुक्तिको आवाज उठाउनु पारिजातका कथाहरूका मूल प्राप्ति रहेको निष्कर्ष निकालेकी छन् ।

राजेन्द्र सुवेदीले *सृजनविधाका परिधिमा पारिजात* (२०५३) शीर्षकको कृतिमा पारिजातका चारओटा कथासङ्ग्रहका कथाहरूको विश्लेषण गर्ने सन्दर्भमा ती कथामा नारीवादी चिन्तन अभिव्यक्त भएको धारणा प्रस्तुत गरेका छन् । पारिजातको कथामा महिला शोषण र उत्पीडन, दमन र आतङ्कका विरुद्ध क्रान्तिको पक्षमा जुट्न थालेका र आफ्नो वर्गीय स्वार्थ रक्षाका निमित्त उठ्न तयार रहेको कुरा व्यक्त भएको छ भन्ने सुवेदीको धारणा रहेको छ ।यस क्रममा उनले पारिजातका नारी चरित्रकेन्द्री कथाहरू नारीवादी चिन्तनका दृष्टिले उच्च र सबल रहेको टिप्पणी गरेका छन् ।

देवीप्रसाद गौतमले *नेपाली कथा* (२०५४) मा पारिजातका कथाहरूलाई अस्तित्वादी विसङ्गतिवादी र समाजवादी यथार्थवादी भनी वर्गीकरण गर्दै उनका प्रवृत्तिहरूको व्याख्या

गर्ने क्रममा समाजवादी यथार्थवादी कथामा पारिजातले तल्लो वर्गप्रति सहानुभूति र माथिल्लो वर्गका चरित्रमाथि तिखो व्यङ्ग्य गर्ने, निम्न वैतनिक कर्मचारीको आर्थिक विवशताको वर्णन गर्ने, विषम समाज व्यवस्था र वर्ग विभक्त सामाजिक तथा आर्थिक संरचनामाथि व्यङ्ग्य प्रहार गर्ने प्रवृत्ति अँगालेको उल्लेख गरेका छन् ।

कृष्णप्रसाद घिमिरेले *पारिजातको कथाकारिता र सडक र प्रतिभा कथाको विश्लेषण* (२०५७) शीर्षकमा पारिजातका कथालाई प्रायः सबै कथाहरूमा नारीहरूलाई नै विषयवस्तुको आधार बनाएर तिनीहरूको सामाजिक, आर्थिक र मानसिक अवस्थालाई चिरफार गरिएको छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

कुमारप्रसाद कोइरालाको *नेपाली आख्यानको अध्ययन* (२०५८) मा पारिजातको विश्लेषणका क्रममा उनको कथायात्रालाई दुई चरणमा विभाजन गरी प्रथम चरणमा आत्मलाप र आत्मप्रक्षेपण, वैचारिक मन्थन, नारीवाद, यौनच्छापरक मनोविश्लेषण, मातृत्वको इन्कारी र पुरुषवादप्रतिको आक्रोश, विद्रोह, पशुत्व र आद्यावेग, ईश्वर-मनुष्य जीवनप्रतिको अनास्था आदि प्रवृत्तिहरू कथ्यका रूपमा मुखतिर भएको विचार प्रस्तुत गरेका छन् । त्यस्तै उनले पारिजात प्रथम चरणमा शून्यवादी विसङ्गतिवादी, अस्तित्ववादी, मनोविश्लेषणवादी, विषङ्गतिवादी अस्तित्ववादी नारीवादीका साथै प्रगतिवादी यथार्थवादी रहेको र द्वितीय चरणमा प्रगतिवादी नारीवादी बताएका छन् ।

कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवादीले *आख्यानकार पारिजात* (२०५८) शीर्षकको कृतिमा पारिजात नेपाली नारीहरूमा जनचेतनाको लहर ल्याएर सजग बनाउन चाहने कथाकार भएको बताउँदै उनले राष्ट्रिय समस्याको पहिचान गरी समाधानतर्फ अग्रसर हुन सबैलाई सचेत गराएकी हुनाले उनी नारीहरूको समस्या र राष्ट्रियता बाँधसँग एकात्मक सम्बन्ध राख्ने कालजयी सशक्त कथाकार रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

ईश्वरीप्रसाद पोखरेलले *रचना विधान अनुसार तिउरीको फूल पायरियाको गन्ध कथाको विश्लेषण* (२०५८/५९) शीर्षकको सामालोचनामा पारिजातिको उक्त कथामा सहरको गल्लीमा विवशतावश निस्सार जीवन बाँचिरहेकी अबोला सचेत पुरुषहरूबाट गरिएको नारी शोषण र तुच्छ व्यवहारप्रति गम्भीर आक्रोश व्यक्त गरिएको विचार प्रस्तुत गरेका छन् ।

रमेशप्रसाद भट्टराईले *नैकापे सर्किनी कथाको बहुसांस्कृतिक विश्लेषण* (२०५९/६०) शीर्षकको समालोचनामा यस कथालाई प्रगतिवादी नेपाली कथाका सन्दर्भमा बहुसांस्कृतिक आयामबाट समीक्षा गरेका छन्। यसमा बहुजाति, बहुधर्म, बहुसांस्कृतिक, चिन्तनका केन्द्रीयतामा पारिजातको वर्गीय, लैङ्गिक, जातीय, धार्मिक एवम् आर्थिक विसङ्गतिप्रतिको धारणालाई कथाका माध्यमबाट निरूपण गरी मार्क्सवादी कला चिन्तनका आधारमा प्रस्तुत गरेका छ।

दयाराम श्रेष्ठले *नेपाली कथा भाग ४* (२०६०) मा पारिजातका कथात्मक प्रवृत्तिहरूको अध्ययनका क्रममा कथाहरूलाई दुई चरणमा विभाजन गरी द्वितीय चरणका कथाहरूमा समाजका अभिजात वर्गीय सामान्ती संस्कार र संस्कृतिले जन्माएका सामाजिक यथार्थहरूलाई प्रगतिशील विचारधाराबाट अर्थ्याइएको, निम्न वर्गका मानिसहरूका पीडा र वेदनाका सन्दर्भमा आर्थिक शोषण, असन्तुलित समाज व्यवस्था, मानवीय चरित्रका विकृति, तुच्छ सोचाइ एवम् व्यवहार आदिलाई विषयवस्तु बनाइएको तथा यो आडम्बरी समाजका शोषकहरू र समाजमा वर्गद्वन्द्वलाई प्रोत्साहित गरेर आफ्नो स्वार्थ पूरा गर्ने सामन्तवादी युगीन परिवेशप्रति विद्रोह गरिएको छ भन्ने धारणा प्रस्तुत गरेका छन्।

दीपक गौतमले "समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू" (२०६३) शीर्षकको विद्यावारिधि शोध प्रबन्धमा साल्गीको बलात्कृत आँशु र वधशाला जाँदा आउँदा सङ्ग्रहका केही कथाहरूको विश्लेषण गर्ने सन्दर्भमा तिनमा पाइने नारीका सामाजिक, आर्थिक, राजनीतिक समस्या र त्यसप्रति उनीहरूले गरेको विद्रोहको बारेमा संक्षिप्त अध्ययन गरेका छन्।यस क्रममा उनले विवेच्य कथामा महिला शोषणलाई पारिजातले कथाको रुचिक्षेत्र बनाएको धारणा प्रस्तुत गरेका छन्।

रेवता उप्रेतिले "साल्गीको बलात्कृत आँशु कथा सङ्ग्रहको अध्ययन" (२०६४) शीर्षकको शोधपत्रमा कथाहरूको विश्लेषण गर्ने सन्दर्भमा पारिजातका कथाले समाजमा भएको विसङ्गतिको यथार्थ चित्रण गर्दै लैङ्गिक विभेदले गर्दा नारीले आफ्नो हकहितका लागि लड्नु पर्ने सन्दर्भ दिएको उल्लेख गरेकी छन्।

ताराकान्त पाण्डेयले *साल्गीको बलात्कृत आँशु कथाको सांस्कृतिक* अध्ययन (२०६८) शीर्षकको समालोचनामा सांस्कृतिक अध्ययनका विविध आयामबाट विश्लेषण गर्ने सन्दर्भमा

प्रस्तुत कथा पितृसत्तात्मक संस्कृतिले नारी शरीरको नाफा आर्जनको माध्यम बनाएको अमानुषिक सन्दर्भ प्रस्तुत गर्ने कथा भएको टिप्पणी गरेका छन्। उनले नारीमाथिको उत्पीडन नै कथाको केन्द्र भएको सन्दर्भ प्रस्तुत गर्दै कथाको पितृसत्ता विरुद्ध सशक्त प्रतिरोध गर्न खोजेको र यो नै कथाको सबलता र सफलता रहेको निष्कर्ष प्रस्तुत गरेका छन्।

कृष्णप्रसाद घिमिरले *अनुसन्धात्मक समालोचना* (२०६९) शीर्षकको कृतिमा 'साल्गीको बलात्कृत आँशु' कथाको वर्ग चेतना विश्लेषण गर्ने सन्दर्भमा नारी चरित्र प्रधान प्रस्तुत कथामा चेलीबेटी बेचबिखनको जीवन्त समस्या देखाएको कुरा उल्लेख गरेका छन्। यस क्रममा उनले आफ्नै छोरीबेटीलाई धनको लोभमा बेच्ने ल्वाँगे घर्ती जस्ता अपराधीहरू गाउँ, समाज र राष्ट्रलाई सधैं तर्साउने र छल्ने जिउँदा भएकाले त्यस्तालाई जसले भेटे पनि मार्नु पर्छ भन्ने परोक्ष सन्देश दिनु यस कथाको निचोड रहेको निष्कर्ष प्रस्तुत गरेका छन्।

कृष्णप्रसाद घिमिरेले "पारिजातका कथाका प्रवृत्ति" (२०६९) शीर्षकको विद्यावारिधि शोध प्रबन्धमा कथाकार पारिजातले पुरुषप्रधान पुँजीवादी व्यवस्थामा रहेका नारीहरूको अपहेलित अवस्थालाई चित्रण गरेकी हुँदा उनी नारीवादी कथाकार भएको उल्लेख गरेका छन्। त्यसै गरी उनले यस प्रसङ्गमा पारिजातले वि.सं. २०२८ पूर्वका कथामा पुरुष विरोधी र नारीपरक धारणालाई अवलम्बन गरेको तथा त्यसपछि समाजवादी चिन्तनलाई नारीवादी बनेर कथामा फिभ्फाएको बताउँदै उनी विश्वसाहित्यमा प्रचलित अस्तित्ववाद, विसङ्गतिवाद र नारीवादको समकालीन चिन्तनलाई नेपाली कथामा प्रस्तुत गर्न सफल रहेको निष्कर्ष निकालेका छन्।

रमेशप्रसाद भट्टराईले *नेपाली साहित्य पहिचान र प्रतिनिधित्व* (२०७०) शीर्षकको समालोचनात्मक कृतिमा नैकापे सर्किनी कथाको बहुसांस्कृतिक आयामबाट विश्लेषण गर्ने सन्दर्भमा प्रस्तुत कथामा प्रयुक्त लिङ्गगत अवस्थाको पनि चर्चा गरेका छन्। यस क्रममा उनले उक्त कथाले महिलाले भोग्नु परेको पीडाको चित्रण गरेको सन्दर्भ प्रस्तुत गर्दै कथाले महिलाहरू बोल्ने, हाँस्ने अवसरबाट समेत वञ्चित रहेको, वर्षौंदेखि उत्पीडनमा परेका नारीको स्वपरिचय र सामाजिक परिचय समेत नरहेको अवस्थाको चित्रण गरेको विचार व्यक्त गरेका छन्। उनले कथामा नारी अस्मिता जागृत भएको बताउँदै नारीको शरीर लुट्ने र शरीरमाथि खेलवाड गर्ने शरीर राजनीतिका विरुद्ध सचेत हुनुपर्ने सन्देश दिइएको उल्लेख गरेका छन्।

यसरी हेर्दा पारिजात र उनका साहित्यिक कृतिहरूको अध्ययन गर्ने लामो परम्परा रहेको भए तापनि उनको आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववादीकोणबाट गरिएको अध्ययन भने त्यति पाइँदैन । यस पूर्वका अध्ययनहरूमा पारिजातका कथागत प्रवृत्तिको प्रस्तुति तथा कथाहरूको विश्लेषणका क्रममा नारी शोषण र उत्पीडन, नारी समस्या र विद्रोहका बारेमा केही टिप्पणी भएका छन् भने कथाकारको नारी सम्बन्धी दृष्टिकोणका चाहिँ यथेष्ट चर्चा गरिएको भेटिन्छ । यी पूर्वकार्य समीक्षाका आधारमा उनको आदिम देश कथासङ्ग्रहमा रहेका कथालाई अस्तित्ववादी कोणबाट समग्र रूपमा अध्ययन र मूल्याङ्कन गरिएको छैन भन्ने कुरा प्रष्ट हुन्छ। अस्तित्ववादी चिन्तनलाई साङ्केतिक रूपमा समेटिएका उल्लिखित अध्ययनहरू शोध्य समस्याको समाधान प्रस्तुत गर्न असमर्थ रहेकाले पारिजातको *आदिम देश* कथासङ्ग्रहका कथाहरूको अस्तित्ववादी स्वरका आधारमा अध्ययन हुन बाँकी नै रहेको देखिन्छ । यसर्थ उल्लिखित पूर्व अध्ययनहरूले शोध प्रश्नहरूको पूर्ण रूपमा समाधान प्रस्तुत गर्न नसकेको र आदिम देश कथासङ्ग्रहका कथाहरूको अस्तित्ववादी दृष्टिकोणबाट थप अनुसन्धान आवश्यक रहेको हुँदा यस अध्ययनमा शोध्य विषयसँग सम्बन्धित समस्याहरूको आधिकारिक र प्रमाणिक समाधान प्रस्तुत गरिएको छ ।

## १.५ शोधको औचित्य

पारिजातद्वारा लिखित *आदिम देश* कथासङ्ग्रहका कथामा अस्तित्ववाद अध्ययन आफैँमा एउटा गहन अनुसन्धेय विषय हो। कथाकार पारिजातद्वारा लिखित आदिम देश कथासङ्ग्रहका कथाका बारेमा प्रशस्त पूर्वाध्ययनहरू भए पनि अस्तित्ववादी स्वरको खोजी सङ्क्षिप्त र सूत्रात्मक टिप्पणीमा मात्रै सीमित देखिन्छ। यस अध्ययनमा अस्तित्वादसँग सम्बन्धित रहेर आदिम देश कथासङ्ग्रहका कथाहरूको अध्ययन विश्लेषण गरिएको छ। यसले पारिजातका कथाको अध्ययनका सन्दर्भमा परम्पराभन्दा भिन्न र नवीन धारणा प्रस्तुत गर्ने छ जुन साहित्यिक शोधका परम्परामा औचित्यपूर्ण हुनेछ। त्यसैले यस अध्ययनले नेपाली साहित्यलाई अस्तित्ववादी स्वरको कोणबाट विश्लेषण गर्न जान्न चाहने जिज्ञासुलाई जानकारी प्रदान गर्ने हुनाले यस शोधको व्यावहारिक उपयोगितालाई पनि यसले प्रमाणित गर्दछ ।

## १.६ शोधको सीमा

पारिजातद्वारा लिखित आदिम देश कथासङ्ग्रहका कथामा निहीत अस्तित्ववादी स्वरको खोजी र विश्लेषणमा मात्र यो अध्ययन केन्द्रित रहको छ। यस अध्ययनमा **आदिम देश** कथासङ्ग्रहमा रहेका बाह्रवटा कथाहरूको अस्तित्ववादी स्वरको कोणबाट विवेचना एवम् विश्लेषण गर्न योग्य भएको हुनाले यी कथाहरूको कथानक, चरित्र चित्रण, उद्देश्य र बिम्बका आधारमा मात्र अध्ययन विश्लेषण गरिएको छ भने अन्य आधारमा गरिएको छैन ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध पूर्णतः साहित्यिक र गुणात्मक भएकाले यसका लागि आवश्यक पर्ने आधारभूत तथा सहायक सामग्रीको सङ्कलनको मुख्य स्रोत पारिजातद्वारा रचित आदिम देश कथासङ्ग्रहलाई नै बनाइएको छ। पारिजातका उक्त कथासङ्ग्रहमा सङ्कलित कथाहरू यस शोधका प्राथमिक वा मूल सामग्री हुन् र तिनैको अस्तित्ववादी पठनका आधारमा यस शोध समस्यासँग सम्बन्ध राख्ने खालका जीवनी, समालोचना र पारिजातको कृतिबारे गरिएका शोध आदि जस्ता द्वितीयक स्रोतबाट पनि आवश्यक सामग्रीको सङ्कलन गरिएको छ ।

## १.८ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोधमा उठाइएका समस्याको प्राज्ञिक समाधानका लागि अस्तित्ववादको मूल स्थापनालाई प्रमुख आधार बनाइएको छ। सङ्कलित सामग्रीहरूलाई अस्तित्ववाद सिद्धान्तकै आधारमा रहेर आदिम देश कथासङ्ग्रहका कथामा भएको अस्तित्ववादी स्वरको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । प्रस्तुत शोधका सङ्कलित सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा शोध प्रश्न क्रम अनुसार यसप्रकार रहेको छ :

क. शोध प्रश्न ‘क’ मा उल्लिखित आदिम देश कथासङ्ग्रहका कथामा चयन स्वतन्त्रता के कस्तो छ ? भन्ने प्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषणका निम्ति निम्नलिखित आधारको प्रयोग गरिएको छ :

आदिम देश कथा सङ्ग्रहका कथामा चयन स्वतन्त्रताको निरूपण

यस शीर्षक अन्तर्गत अस्तित्ववादले निर्धारण गरेको स्वतन्त्र इच्छा, स्वतन्त्र सङ्कल्प वा स्वतन्त्र निर्णयका आधारमा पारिजातका कथामा पात्रहरूले चयन गरेको स्वतन्त्रताको अध्ययन गरिएको छ ।

ख. शोधप्रश्न 'ख' मा उल्लिखित आदिम देश कथासङ्ग्रहका कथामा अस्वित्ववादी स्वर के कस्तो पाइन्छ ? भन्ने प्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषणका निम्ति निम्न लिखित आधारको प्रयोग गरिएको छ :

आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववादी स्वर

यस शीर्षक अन्तर्गत अस्तित्ववादका आधारमा रहेर आदिम देश कथासङ्ग्रहका कथामा पात्रले देखाएको अस्तित्ववादी स्वरको अध्ययन गरिएको छ ।

## १.९ शोध प्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित र व्यवस्थित रूप दिनका लागि यस शोध प्रबन्धमा निम्न लिखित पाँच  परिच्छेदहरू योजना गरिएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : साहित्यको अस्तित्ववादी स्वर अध्ययनको सैद्धान्तिक आधार र विश्लेषण ढाँचा

परिच्छेद तिन : आदिम देश कथासङ्ग्रहका कथामा चयन स्वतन्त्रता

परिच्छेद चार : आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववादी स्वर

परिच्छेद पाँच : सारांश तथा निष्कर्ष

# परिच्छेद दुई

# साहित्यको अस्तित्ववादी स्वर अध्ययनको सैद्धान्तिक आधार र विश्लेषण ढाँचा

## २.१ अस्तित्ववादको सैद्धान्तिक परिचय र विश्लेषणको ढाँचा

युग परिवर्तनका साथसाथै मानवमस्तिष्कको चिन्तनधारा पनि विकसित र परिवर्तित भइरहन्छ र अन्ततः एक दिन त्यसले नै युग चिन्तनको स्वरूप ग्रहण गर्दछ। समय र परिस्थितिको परिवर्तनसँगै एउटा चिन्तन पुरानो बन्छ र त्यसका ठाउँमा अर्को नयाँ चिन्तन प्रतिस्थापित हुन पुग्छ। आधुनिक पाश्चात्य दर्शन-परम्परामा अस्तित्ववाद एउटा नयाँ विचार धाराका रूपमा प्रतिस्थापित छ। यसको मूल स्वरूप ठम्याउनका निम्ति यसका पक्षहरू केलाउनु आवश्यक हुन आउँछ।

### २.१.१ अस्तित्ववादः शाब्दिक अर्थ र विशिष्ट अभिप्राय

मान्छे स्वतन्त्र हुन अभीषप्त छ, किनकि, संसारमा एकपल्ट फ्याँकिएपछि ऊ आफूले गरेका प्रत्येक क्रियाकलापका लागि आफू स्वयं जिम्मेवार छ। हामी के चाहन्छौं, त्यो हामी स्वयंलाई थाहा छैन। तर पनि हामी जे छौं, त्यसका लागि हामी स्वयं जिम्मेवार छौं। सत्य यही हो। स्वतन्त्रता नै अस्तित्व हो, र यसमा सार्थकताभन्दा अस्तित्व नै प्रधान हुन्छ। बढ्दो स्वतन्त्रता तात्कालिक र मूर्त हुन्छ, र यसलाई यसैको वरण स्वतन्त्रतासँग छुट्याएर हेर्नुपर्छ, अर्थात्, व्यक्ति स्वयंबाट छुट्याएर हेर्नुपर्छ। तर यस संरचनालाई स्वतन्त्रताको सत्य पनि भन्न सकिन्छ, अर्थात् ऊ स्वतन्त्रताको मान्छे हो। सार्त्रका आँखामा मान्छे र उसको स्वतन्त्रताबीच कुनै भिन्नता छैन। उनी भन्छन्, "मान्छे भन्नु नै स्वतन्त्रता हो" (त्रिपाठी, ११४)। सार्त्र भन्छन्, "स्वतन्त्रता त्यो मानव हो, जसले आफ्नै विगतलाई आफ्नो सरोकारबाट बाहिर राख्छ, र आफ्नै शून्यतालाई लुकाउँछ।" वरण स्वतन्त्रताका बारेमा सार्त्रको भनाइ यस्तो छः

"म अरू केही हुइनँ, कुनै पूर्वनिर्धारित अवस्थितिभन्दा पर आफैंको एउटा प्रकल्प हुँ, र यस प्रकल्पले म स्वयंलाई कुनै मूर्त अवस्थामा पूर्व-निर्धारण गर्दछ, र थप, यसले त्यस अवस्थालाई मेरो चयनको रूपमा प्रदर्शित गर्दछ।" ( त्रिपाठी, ११४)। सार्त्रको स्वतन्त्रताको अवधारणाका बारेमा क्रिस्टिन डेग्ले भन्छन्, मान्छे सारमा स्वतन्त्र छ र आफूलाई आफ्नो आवश्यकताअनुरूप बनाउँछ भन्दै गर्दा सार्त्रले पूर्ण स्वतन्त्रता र विकल्पहरूबारे आफ्नो

प्रस्ताव अघि सारेका छन् । व्यक्तिविशेषलाई सशक्तीकरण गर्ने यस अवधारणा निकै महत्वाकांक्षी थियो र यसले सार्वजनिक र निजी दुवै प्रकारका विमर्शको माग गर्दछ । (पृ. १) उनी अगाडि लेख्छन्, "मान्छेलाई आफू स्वयंको निर्मितिका लागि अभिप्रेरित गर्ने तत्व भनेको उसको स्वतन्त्रता नै हो ।" (त्रिपाठी, ४४) ।

अस्तित्ववादभित्रको वरण स्वतन्त्रता मानवदर्शन हो । मानवीय जीवनको मूल समस्या पहिल्याउन र त्यसैको परिप्रेक्ष्यमा जीवनको सत्य खुट्याउनु वरण स्वतन्त्रताको विशिष्ट अभिप्राय हो । अस्तित्ववाद व्यक्तिलाई सम्पूर्ण भ्रमबाट मुक्त पार्न चाहन्छ र भ्रममुक्त भएको एउटा शून्यको बिन्दुबाट आफूलाई खोज्ने र आफ्नै प्रयासले आफूलाई प्राप्त गर्ने जाँगर र आत्मविश्वास व्यक्तिभित्र जगाउन खोज्छ । यद्यपि जन्मसँगैसँगै मृत्युको अभिशाप पनि बोकेर आएको मान्छेको जीवनका निस्सारता, निरर्थकता, निरूपायता, अनिश्चितता एवं यावत् विवशताको बोधबाट उत्पन्न चरम नैराश्यको भावना नै अस्तित्ववादको मूल प्रेरणा स्रोत हो, तर यो आफै भने निराशावादी दर्शन होइन ।यसले मानिसलाई जीवनबाट भाग्न होइन, जीवनसित जुधेर अर्थात् सङ्घर्ष गरेर यसको नवीन अर्थ र मूल्यको खोजी गर्न उत्प्रेरित गर्दछ । व्यक्तिसत्ताप्रति यस वादको अपार लगाव र झुकाव रहेको पाइन्छ । एक अर्थमा भन्ने हो भने अस्तित्ववाद व्यक्तिवाद नै हो । अस्तित्ववादको सिद्धान्त अनुसार केबल व्यक्ति नै सत्य हो । यो संसारमा मान्छे हुनुको कुनै निश्चित प्रयोजन छैन । मान्छे आफ्नो इच्छा बिना नै यो संसारमा त्यत्तिकै विना प्रयोजन फालिएको छ । उसको अगाडि जीवनको मूल्य तोक्ने अर्को कुनै सत्ता यस संसारमा हरेकले आफ्नो मूल्य आफै निर्माण गर्दछ र गर्नुपर्दछ । हरेक मान्छे आफ्नो काम आफै रोज्छ र त्यस अनुसार आफैले आफूलाई बनाउँछ । यसरी हरेक व्यक्तिले आफ्नो मूल्य आफै प्राप्त गर्न प्रयास गर्नुपर्छ भनी वैयक्तिक जीवनलाई नयाँ सन्दर्भ, अर्थ र मानवीय मूल्यमा प्रतिष्ठापित तुल्याउन खोज्नु नै अस्तित्ववादको मूल अभीष्ट हो । पाश्चात्य चिन्तन परम्परामा पुरानो अमूर्त चिन्तन, तार्किक एवं वैज्ञानिक दर्शनको विरोधमा प्रादूर्भाव भएको अस्तित्ववाद आधुनिक पाश्चात्य चिन्तनको मूलधारमा विशिष्ट अस्तित्व कायम गर्न सफल भएको छ । अस्तित्ववादको प्रभावको क्षेत्र व्यापक छ ।

### २.१.२ अस्तित्ववादको परिभाषा

अस्तित्ववाद एउटा विराट दर्शन हो । अस्तित्ववाद धेरैका लागि अस्पष्ट र बुझ्नीनसक्नुको छ। अस्तित्ववाद के हो भन्नेबारे जिज्ञासा राख्ने हरेकका लागि सुरुमै अगाडि एउटा अस्पष्टता तेर्सिन आइपुग्छ (जोशी, १११) । यद्यपि यो सबैको आफ्नै अनुभवको यथार्थ हो तर पनि यसलाई बुझ्न र बुझाउन त्यति सरल छैन । यसभित्र अनेक अन्तर्विरोधी तर्कहरू अटाएका छन् । त्यसैले पनि अस्तित्ववादलाई एउटा पूर्ण परिभाषित दार्शनिक सिद्धान्तको रूपमा व्याख्या गर्न कठिन हुन्छ। विरोधाभासले भरिएको मान्छेको जीवन र यसको समस्यामूलक चरित्रको अध्ययनमा केन्द्रित भएको हुनाले पनि हुन सक्छ अस्तित्ववाद स्वयं नै विरोधाभासको एउटा उदाहरण बन्न पुगेको छ । यसैले अस्तित्ववाद परिभाषेय नहोला तर पनि यसको मूलभूत प्रवृत्तिलाई दृष्टिगत गरी यसका बारेमा सम्बन्धित क्षेत्रका विद्वान्हरूबाट मत व्यक्त भएको पाइन्छ र विभिन्न भाषाका शब्दकोश एवं विश्वज्ञानकोशहरूमा पनि अस्तित्ववादको परिभाषा दिइएको पाइन्छ । निःसन्देह, ती परिभाषाहरूले अस्तित्ववादका अर्थ र अभीष्टका सम्बन्धमा अवधारणा बनाउन सहयोग मिल्छ। अस्तित्ववादका सम्बन्धमा उपलब्ध परिभाषाहरूमध्ये केही यस प्रकार छन् :

वासुदेव त्रिपाठीले पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भन्ने पुस्तकमा अस्तित्ववादको परिचय यसरी दिएका छन् - अस्तित्ववादलाई युरोपको दर्शन र साहित्यको क्षेत्रमा प्रचलित दर्शनहरूमध्ये अपेक्षाकृत आधुनिक चिन्तन भन्न सकिन्छ। वस्तुतः अस्तित्ववादी मान्यताका अनुसार मान्छे आफ्नो अन्त्यतः अजेय विसङ्गति र व्यर्थताका माझको जीवन-सन्दर्भमा आफ्नो 'अस्मिता' लाई प्रमाणित गर्न सङ्घर्ष गर्दछ। यसरी व्यर्थता र विसङ्गतिको मानवीय प्रवृति, स्वभाव वा तत्वभन्दा मान्छेको अस्तित्व-चेतनालाई अस्तित्ववादले बढी महत्व दिएको छ (त्रिपाठी, २०४९) ।

जोन म्याक्वेरीले आफ्नो **एक्जिस्टेनसियालिज्म** भन्ने पुस्तकको पहिलो अध्यायमै अस्तित्ववादलाई दर्शनको रूपमा होइन, दार्शनिकीकरणको अस्तित्वमूलक शैलीको रूपमा उल्लेख गरेका छन् । उनको भनाइमा अस्तित्ववादको प्रमुख विशेषता के हो भने यो चिन्तन प्रकृतिबाट होइन, मानिसबाट सुरु हुन्छ। उनले जोड दिएर भनेका छन् - अस्तित्ववाद कर्ताको दर्शन हो, वस्तुको होइन ।

मेरी वारनकको भनाइमा अस्तित्ववाद अन्तर्गत एक किसिमको दार्शनिक क्रियाकलाप आउँछ जुन युरोपीय महादेशमा सन् १९४० र १९५० को अवधिमा  विकसित भएको छ जसका केही निश्चित सामान्य अभिरुचि एउटै पूर्वज र सामान्य पूर्वमान्यताहरू छन् । समग्रमा मानवीय स्वतन्त्रताप्रति अभिरुचि देखिनु नै सबै अस्तित्ववादीहरूलाई एउटै  बिन्दुमा उभ्याउने कारण हो  ।

जुतियन ब्रेनद्राको मतमा अस्तित्वाद भनेको भाव तथा विचारप्रति जीवनको विद्रोह हो भने एमानुएल मोलियरको भनाइमा अस्तित्ववाद भाव तथा वस्तुहरूको अतिवादी दर्शनका विरोधमा स्थापित मानवीय वा मानववादी दर्शन हो । त्यस्तै एलेनले अस्तित्ववादका सम्बन्धमा मानव जीवनप्रति परम्परागत दर्शक दृष्टि नभएर अभिनेताको दृष्टि हो भन्ने मान्यता अघि सारेका छन् (श्रेष्ठ, २०५१:१३४) ।

**नेपाली बृहत् शब्दकोश**मा मनुष्यजीवनको अस्तित्वमाथि चिन्तन गर्ने र उसको जन्म, मृत्यु, कुण्ठा, सन्त्रास आदिमा सही अर्थ खोज्ने दार्शनिक वा साहित्यिक मान्यता भनेर अस्तित्ववादलाई चिनाइएको पाइन्छ । सोही कोशमा अस्तित्ववादलाई अर्को शब्दमा यसरी पनि बुझाइएको छ- मानिसलाई स्वतन्त्र प्राणीका रूपमा हेर्दै अस्तित्वलाई तत्वको पूर्वगामीको रूपमा सकार्ने द्वितीय विश्वयुद्धपछि बढी प्रचारित एक साहित्यिकवाद (पोखरेल निर्देशक), २०४०: ९६ ।

**नेपाली साहित्यकोश**मा अस्तित्ववाद भन्ने पदले अस्तित्वसँग सम्बन्ध राख्नुलाई जनाउँछ तथा तर्कशास्त्रमा अस्तित्वको विषयमा भन्नु भन्ने अर्थ बुझाउँछ भनिएको पाइन्छ (प्रधान संयोजक), २०५५:७२० ।

**मानविकी पारिभाषिक कोश** (दर्शन खण्ड) मा अस्तित्ववादी दृष्टिकोणबाट प्रभावित भएका सबै विचारकहरूले वास्तविक मानवीय परिस्थितिलाई नै सार्थक विषय मानेका छन् भन्ने तर्कलाई अगाडि सार्दै अस्तित्ववादलाई  मानवतावादी दर्शन भनेर चिनाइएको छ (नगेन्द्र, सन् १९६५:८३) ।

द वर्ल्ड बुक इन्साक्लोपेडिया (भोलुम ४) मा अस्त्विवाद व्यक्ति अस्तित्वको अध्ययनमा केन्द्रित एउटा दर्शनको नाम हो भनिएको पाइन्छ (पृ: ६०१) ।

**अमेरिकाना विश्वकोश** (भोलुम १०) मा मानवीय समस्यामा केन्द्रित भएको र व्यक्ति-स्वतन्त्रतालाई अधिक महत्व दिने आधुनिक विचारधारा नै अस्तित्ववाद हो भनिएको पाइन्छ (पृ: ६३९) ।

**ब्रिटानिका विश्वकोश** (भोलुम ४) मा अस्तित्ववाद मानव अस्तित्वको व्याख्यामा समर्पित भएको दर्शनको एउटा परिवार हो। यसले मानवीय अस्तित्वको यथार्थ र यसको समस्यामूलक चरित्रलाई विशेष गहिराइका साथ हेरेको छ भनिएको पाइन्छ (पृ: ५) ।

माथि दिइएका परिभाषाहरूलाई मनन गर्दै समष्टिमा अस्तित्ववादलाई यसरी चिनाउन सकिन्छ-यस संसारमा बाँचिरहेका मानिसहरूको अस्तित्व र त्यसको समस्या नै अस्तित्ववादको चिन्तनको केन्द्रबिन्दु हो र वैयाक्तिकताप्रतिको अपार आस्था र प्रतिवद्धता यसको मूल स्वरूप हो। व्यक्तिको अस्तित्वलाई नै प्रथम महत्वको तत्व मान्दै त्यसैको आधारमा त्यसको मूल्यलाई प्राप्त गर्न व्यक्तिले गर्ने स्वतन्त्र निर्णयलाई नै जीवनको शक्ति र सीमा हो भनेर स्वीकार्नु अस्तित्ववादको मूल स्वर हो। यावत् स्थापित मूल्यमान्यताको विरोध गर्नु, बौद्धिक विवेचनाको खोक्रो भ्रमलाई तिरस्कार गर्नु, दार्शनिक अमूर्ततामा अल्मलिइन नखोजेर अस्तित्वको ठोस यथार्थतिर आकर्षित हुनुका साथै यसलाई क्रियात्मक, भावनात्मक एवं अनुभवात्मक रूपबाट मात्र जान्न सकिन्छ भन्ने विश्वास अगाडि सार्नु र सङ्घर्षलाई नै जीवनको पर्याय स्वीकार्नु अस्तित्ववादको अर्थ हो, अभीष्ट हो र प्राप्ति पनि यही नै हो ।

### २.१.३ अस्तित्ववादी स्वरको विकास

किर्केगार्डबाट सूत्रपात भएको अस्तित्ववादी दर्शन लामो समयसम्म चर्चाविहिन अवस्थामा गुज्रिएको भए तापनि बीसौं शताब्दी यसको लागि विशेष उपलब्धिपूर्ण सावित भयो। यस शताब्दीमा आएर अस्तित्ववादी चिन्तनप्रति विद्वान्हरूको ध्यानाकर्षण हुनुका साथसाथै यसको विकासमा प्रशस्त कामहरू भए। अस्तित्ववादको प्रभाव क्षेत्रमा पनि विस्तार भयो। साहित्य-कलाको माध्यमबाट पनि यसको प्रभाव विस्तारमा यथेष्ट मद्दत पुग्यो। यसका लागि जर्मनी र फ्रान्सका चिन्तक तथा लेखकहरूको योगदानले विशेष भूमिका निर्वाह गरेको थियो भन्ने कुरामा यस क्षेत्रका अध्येयताहरू सबैको एकमत रहेको पाइन्छ ।

अस्तित्ववादको विकास हुनुमा प्रथमतः जर्मन दार्शनिकहरूको विशिष्ट योगदान रह्यो। अस्तित्ववादको इतिहासमा नित्से (सन् १८४४-१९००) को नाम विशेष स्मरणीय मानिन्छ। नित्सेको ईश्वर-मृत्युको संचार, व्यक्तिको स्वतन्त्र अस्तित्व र शक्तिप्राप्तिको अभीष्ट तथा महामानवको परिकल्पनाले अस्तित्ववादको उठानमा प्रभाव पारेको कुरा यहाँ विशेष स्मरणीय हुन आउँछ। बीसौं शताब्दीको प्रथम दशकमा त्यहाँ अस्तित्ववादी चिन्तन हुर्कन अनुकूल वातावरण सिर्जना हुन पुग्यो (त्रिपाठी, २०४९)। प्रथम विश्वयुद्धको घटनापश्चात् अरू पनि धेरै जर्मन दार्शनिकहरूले अस्तित्ववादको विकासमा महत्वपूर्ण काम गरे। यस क्रममा मार्टिन हाइडेगर (सन् १८८९-१९७६) को भूमिका विशेष महत्वको भएको बुझिन्छ। मानवीय अस्तित्वको समस्यालाई नै आफ्नो चिन्तनको मूल विषय बनाउने जर्मन दार्शनिक हाइडेगर अस्तित्ववादका एक प्रमुख प्रवर्तक मानिन्छन्। उनीबाट नै पहिलोचोटि अस्तित्ववादलाई सुव्यवस्थित स्वरूपमा प्रस्तुत गर्ने काम भएको हो भनिएको पाइन्छ। हाइडेगरको मतमा मान्छे प्रतिकूल संसारको बन्दीजस्तै छ। प्रत्येक मान्छे आफूले रोजेको यस संसारमा त्यत्तिकै बिना प्रयोजन फालिएको अवस्थामा आफूलाई प्राप्त गर्दछ र उसले आफ्नो अस्तित्वद्वारा, आफ्नोपनद्वारा अनि स्वतन्त्र रचना वा सिर्जनाद्वारा यस संसारलाई प्रभावित पार्नुपर्छ। यही नै उसको अस्तित्वको स्वतन्त्रताको प्रमाण हो र जीवनप्रतिको दायित्व पनि हो भन्ने हाइडेगरको मत थियो। हाइडेगरले अस्तित्ववादको प्रतिपादन गर्दा आफ्ना गुरु एडमन्ड हुसरेल (सन् १८५९-१९३८) को चिन्तनको प्रभाव ग्रहण गरेका हुनाले अस्तित्ववादको विकासमा हुसरेलको पनि योगदान रहेको स्विकारिन्छ।

यद्यपि हुसरेल आफै नै अस्तित्ववादको मूलधारमा उभिएका व्यक्ति भने होइनन्। उनलाई प्रक्रियाशास्त्रका प्रवर्तक मानिन्छ। हुसरेलको प्रक्रियाशास्त्र वस्तुको व्यावहारिक इन्द्रियजन्य ज्ञानसित सम्बन्धित छ। तत्काल व्यक्ति-चेतनामा प्रकट हुने वस्तुको निक्खर रूपलाई स्वीकार गर्ने आग्रह हुसरेलको प्रक्रियाशास्त्रको विशेषता हो। यो शास्त्रको सम्बन्ध, चीज वस्तुको व्यवहारिक इन्द्रियजन्य ज्ञानसित छ। हुसरेलको यो शास्त्रले अस्तित्ववादी सिद्धान्तलाई ठूलो टेवा पुगेको छ। अस्तित्ववादको विकासमा उनको योगदान हाइडेगरका माध्यमबाट भित्रिएको छ। हाइडेगरले अस्तित्ववादी चिन्तनको व्याख्या गरिएको आफ्नो ग्रन्थ 'बिइङ्ग एन्ड टाइम' (१९२७) तयार गर्दा आफ्ना गुरु हुसरेलको प्रक्रियाशास्त्रको प्रभाव ग्रहण गरेका छन्। हुसरेलले झैं हाइडेगरले पनि वस्तुलाई कुनै पनि पुर्वाधारणाहरूको सहयोग नलिईकन बुझ्न खोजेका छन्। हुसरेलको प्रक्रियाशास्त्रलाई अस्तित्ववादमा

मिलाएर हाइडेगरले यस्तो साधन प्रस्तुत गरिदिए जसबाट अस्तित्ववादलाई अरू प्रतिष्ठित प्राचीन वा नवीन कुनै दर्शनसित दाँज्न सरल भयो । यसरी अस्तित्ववादलाई दर्शनको तहमा सम्झन र बुझ्न हुसरेलको प्रक्रियाशास्त्र अत्यन्त उपयुक्त र कामलाग्दो सावित भयो ।

अस्तित्ववादको विकासमा जर्मन दार्शनिकदोय फ्रान्ज ब्रेन्दानो (सन् १८३८-१९१७) र विलियम डिल्थे (सन् १८३३-१९११) को विचारले पनि महत्वपूर्ण प्रभाव पारेको स्विकारिन्छ । हुसरेलले ब्रेन्टानोको व्यावहारिक-मानसिक-क्रियाशास्त्रको मद्दत एवं प्रभावबाट आफ्नो शास्त्रको निर्माण गरेका थिए जुन शास्त्रको प्रभाव हाइडेगरको माध्यमबाट अस्तित्ववादमा परेको छ । ब्रेन्टानोको शास्त्र प्रक्रियाशास्त्रको अनुरूप थियो अर्थात् बाह्य रूपको अन्वेषण वा इन्द्रियजन्य ज्ञानको सङ्कलन गरेर एउटा निश्चयमा आइपुग्ने क्रम यसमा राखिएको थियो । यो प्रणाली प्रयोगात्मक वा प्रयोगद्वारा नियन्त्रित अन्तरविवेचन थिएन । यस धाराको विशेषता सम्पूर्ण मानसिक जीवनलाई क्रियात्मक भनी मान्नुमा निहित थियो । भनाइको मतलब के भने यसमा अनुभवलाई पनि क्रिया वा गर्नुको एक प्रकार मानिन्थ्यो । मानसिक क्रियाले एक न एक वस्तुको सङ्केत गर्दछ किनकी त्यस क्रियाले सधैं कुनै वस्तुलाई बताउँछ अथवा वस्तुको प्रयोजन (इन्टेन्सन) लाई जनाउँछ। त्यसैले ब्रेन्दानोको यो प्रणालीलाई इन्टेन्सनको सिद्धान्त भनिन्छ। मानसिक चैतन्यका अवस्थाहरू हमेसा नै कुनै चीजको द्योतक हुन, किनकी ती अवस्था मानसिक क्रिया हुनाले कुनै न कुनै वस्तुलाई त्यस क्रियाले सङ्केत गर्छ जो मनमा अभिप्रायको रूपमा देखा पर्दछ। जस्तै प्रेम गर्नु कुनै वस्तुलाई प्रेम गर्नु हुन्छ, निर्णय गर्नु कुनै वस्तुको सम्बन्धमा निर्णय गर्नुहुन्छ। त्यो वस्तु के हो भनी ठेगान लगाउने काम मानसशास्त्रको हो। यसको घनिष्ठ सम्बन्ध पूर्वापर क्रममा अस्तित्ववादसित रहेको स्पष्ट हुन्छ। यसबाट प्रत्येक निर्णय मानसिक क्रिया हुन आउँछ साथै त्यो मानसिक क्रियाले कुनै वस्तुको संङ्केत गर्दछ जसबाट व्यक्तिको व्यक्तित्व बन्दै जान्छ (प्रधान, सन् १९७१: ३१-३२)। अर्को दार्शनिक विलियम डिल्थे जो अनुभववादी विचारका प्रणेता थिए। उनको अनुभववादी विचारको प्रभाव हुसरेल र हाइडेगर दुवैमाथि परेको छ। डिल्थे के ठान्दथे भने ऐतिहासिक घटना वा इतिहासको धारा, सर्वप्रथम व्यक्तिगत आफूमा वा आफ्नोभित्र अनुभव हुने गर्दछ अनि त्यो धारा संस्कृतिको बाह्य वा व्यवहारिक ज्ञानमा अनुभव हुन्छ ( सन् १८३३-१९११)। डिल्थेको यस विचारअनुसार प्रत्येकले आफू पहिले जीवनको अनुभव गर्दछ र त्यसपछि मात्र समाजसंस्कृति आदि अन्य बाहिरी कुरा सम्झने र बुझ्ने भन्ने प्रश्न आउँछ। निःसन्देह यसरी हेर्दा डिल्थेको मान्यताले

पाठकलाई किर्केगार्डको अस्तित्वपछि मात्र विचारको कुरा आउँछ भन्ने मान्यताको स्मरण गराउँछ। यसरी अस्तित्ववादको विकासमा प्रत्यक्ष-परोक्ष ढङ्गबाट हुसरेलको जस्तै फ्रान्ज ब्रेन्टानो र विलियम डिल्थेको पनि योगदान रहेको थियो भन्ने तथ्य पुष्टि हुन आउँछ। अस्तित्ववादको पुनः प्रतिष्ठापनको क्रममा हुसरेलका साथसाथै ती दुई दार्शनिकको पनि आंशिक रूपमा प्रभाव रह्‍यो भन्ने तर्क समालोचक वासुदेव त्रिपाठीले पनि उठाएका छन् (त्रिपाठी, २०४९) । तर यहाँ निर एउटा तथ्य के स्मरणीय छ भने अस्तित्ववादको विकासमा हुसरेल, ब्रेन्दानो र डिल्थे यी तीनै जनाका चिन्तनको प्रभाव हाइडेगरमार्फत आएको थियो ।

## २.१.४ अस्तित्ववादका प्रमुख प्रवर्तक तथा तिनका मान्यताहरू

अस्तित्ववादको अध्ययन गर्दा के तथ्य स्पष्ट हुन आउँछ भने अस्तित्ववाद कुनै एक निश्चित व्यक्तिको स्थापना होइन, धेरै जनाको प्रयास र समर्पणबाट यसले आफ्नो स्वरूप प्राप्त गर्न सकेको छ। यसको निर्माणको एउटा लामो इतिहास छ र विभिन्न दार्शनिकहरूको चिन्तन एवं लेखनमा यसको स्वरूप छरिएर आएको छ।सुकरातलागायतका पाश्चात्य दार्शनकहरूको दर्शनमा अस्तित्ववादका प्रवर्तकहरूको नाम खुट्याउन खोज्दा पनि यहाँ थुप्रै व्यक्तिहरूको नाम स्मरण गर्नुपर्ने हुन आउँछ तर यहाँ शोधग्रन्थको मुख्य उद्देश्यलाई ध्यानमा राखेर अस्तित्ववादको मूल मर्मलाई ठम्याउने हेतुमा मात्र सीमित हुँदै निम्नलिखित पाँच जना अस्तित्ववादी दार्शनिक तथा लेखकहरूको संक्षिप्त जीवनीका साथै तिनको मूल मान्यता पहिचान गर्न प्रयास गरिएको छः

### २.१.४.१ सारेन अबाईकिर्केगार्डका प्रमुख मान्यताहरू

अस्तित्ववादको इतिहासमा सोरेन अबाई किर्केगार्डको नाम आफैमा एउटा छुट्टै इतिहास बनेर रहेको छ। युरोपेली दार्शनिकहरूको सूचीमा किर्केगार्ड प्रथम अस्तित्ववादी भनेर चिनिन्छन (त्रिपाठी, पृ.११४) । यद्यपि कतिपय कारणले गर्दा उनले आफ्नो जीवनकालमा प्रख्यातिको अनुभव गर्न पाएनन् तर मृत्युपश्चात् उनको दर्शन सारा युरोपभरि प्रसिद्ध भयो। दुई महायुद्धको घटना पश्चात् उनको दर्शन विश्वभरिकै चिन्तक, लेखक एवं कलाकारहरूका लागि सर्वाधिक आकर्षणको विषय बन्न पुगेको पाइन्छ।

किर्केगार्डको दर्शन उनको धर्म चेतनाको भावबाट अनुप्रेरित हुँदै निर्माण भएको छ। उनी ईसाई धर्ममा कट्टर समर्थक थिए तर धर्म जस्तो आत्मनिष्ठ विषयलाई धर्मशास्त्रीहरू र धर्म

क्षेत्रमा व्याप्त विधिविधानको अनिवार्यताको प्रश्नमाथि उनले आफ्ना लेखहरूका माध्यमबाट कडा आपत्ति जनाए। ईसाई धर्मावलम्बीहरूले धर्मको नाममा दोहोऱ्याइरहेका धेरै जसो गल्ती वास्तवमा आफूलाई धर्मका ठेकेदार सम्झने समाजका बुज्रुक पण्डितहरूको खोक्रो तर्क प्रतिको एकोहोरो मोह तथा राज्यमा स्थापित चर्चका धर्म गुरुहरूमै समेत अस्तित्वको प्रकृतिप्रति अस्पष्टता भइरहेका कारण नै भएको हो भन्ने किर्केगार्डको भनाइ थियो। किर्केगार्डको धर्मप्रतिको चिन्तन नितान्त बेग्लै र व्यक्तिवादी छ। उनी चर्चगामी धार्मिक र हिगेलवादी बुद्धिजीवी दुवैलाई ईसाई धर्मका प्रमुख शत्रु ठान्दछन् र मूलतः यिनै पक्षमाथि उनले आफ्नो चिन्तनको वाण प्रहार गरेका छन्। किर्केगार्डको मूल मान्यता यिनै पृष्ठमूमिको सेरोफेरोबाट उब्जिएको बुझिन्छ।

किर्केगार्डको विचारमा यस जगत्को निर्माणमा कुनै निश्चित प्रयोजन छैन र मानवीय जीवनमा असङ्गतिको बास छ। दर्शनको क्षेत्रमा त्यति बेला बुद्धिवादको बोलावाला थियो र किर्केगार्डका प्रथम गुरु हिगेल (सन् १७७०-१८३१) को दर्शनको प्रभावले त्यस ताका शिखर छोइरहेको थियो। जेजति सत्य छन् ती सबै बुद्धिसङ्गत छन् र बुद्धिसङ्गत जेजति छन् ती सबै सत्य हुन् भन्ने हिगेलको चिन्तनका चुरोप्रति नै शङ्खा गरी त्यसको खण्डन गर्ने पहिला व्यक्ति किर्केगार्ड नै भए। निरपेक्ष सत्यको वकालत गर्ने हिगेलवादी बुद्धिजीवीहरूले यस जगत् र मानवीय जीवनलाई एक सुनिश्चित र सुनियोजित चेतनात्मक व्यवस्थाको रूपमा जसरी परिभाषित गरिरहेका थिए, किर्केगार्डलाई त्यस परिभाषाप्रति विश्वास लागेन र उनले त्यसको खण्डन गर्दै यस जगत्को निर्माणको कुनै निश्चित प्रयोजन छैन र मानवीय जीवनमा असङ्गतिको बास छ भन्ने आफ्नो मान्यतालाई अगाडि सारे।

किर्केगार्डको विचारमा बुद्धिद्वारा सत्यलाई बुझ्न सकिन्छ भन्ठान्नु आफैमा अबुद्धिवादी तर्क हो। किर्केगार्ड यस जगत्को निर्माणमा कुनै निश्चित प्रयोजन छ भन्ने ठान्दैनन्। उनी मानवीय जीवनमा असङ्गतिको बास भएको देख्छन्। उनका अनुसार विसङ्गति-असङ्गति र विरोधाभासितापूर्ण यो जगत्को सत्यले सङ्गति र व्यवस्थाका सम्पूर्ण बौद्धिक प्रयासहरूको खिल्ली उडाएको छ। त्यसैले बुद्धिद्वारा सत्यलाई बुझ्न सकिन्छ भन्ठान्नु आफैमा अबुद्धिवादी तर्क हो। किर्केगार्डको के भनाइ छ भने वास्तविक संसारमा र मानव जीवनमा कतिपय यस्ता एब्सर्ड तत्व विद्यमान छन् जसलाई तर्कबुद्धिले भेट्टाउन सकिदैन तर ती एव्सर्डलाई सबैले भोग्न चाहिँ अनिवार्यतः पर्दछ। जीवनका ती एब्सर्डबाट मुक्ति

कसैलाई पनि कसै गरे पनि सम्भव हुँदैन, जीवन अनिवार्यतः विसङ्गतिले युक्त छ। किर्केगार्डको यो भनाइले उनी विसङ्गतिका पनि प्रथम प्रवक्ता हुन् भन्ने पुष्टि हुन आउँछ।

किर्केगार्ड सत्यको बास बुद्धिमा होइन, व्यक्तिको आत्मामा हुन्छ भन्ने मान्यता राख्छन्। उनले सत्यको बारेमा बुझाउन खोज्दा सोक्रेटसको नो दाइसेल्फ भन्ने आव्हानको स्मरण गरेका छन्। उनको भनाइमा सत्यका लागि व्यक्तिले आफैभित्र दृष्टि दिनुपर्छ। सत्य आत्मपरक कुरा हो जहाँ बाहिरी विश्वास अर्थात् सत्यलाई बुझ्ने यावत् वस्तुपरक ज्ञान केबल व्यवधान मात्र सिद्ध हुन्छ भन्ने किर्केगार्डको भनाइ छ। उनी सत्य दर्शनका लागि व्यक्तिमा आस्थायुक्त समर्पणको खाँचो देख्दछन् जसका निम्ति आत्मनिष्ठ विधि एकमात्र विकल्प हो भन्ने उनको मान्यता रहेको छ। आत्मनिष्ठ विधिले नै सत्यप्रति वैयक्तिक अनुभूतिको राग पनि थपिदिन्छ जसले गर्दा त्यो बढी प्रभावकारी विश्वास बन्दछ भन्ने आफ्नो विचारमा उनी दृढ देखिन्छन्।

किर्केगार्डको भनाइमा व्यक्तिमा आफैभित्र अन्तर्विरोधी भाव विद्यमान छ हरेकका निम्ति ईश्वरीय सहायता अपेक्षित हुन्छ। जब हामी आफूभित्र दृष्टि केन्द्रित गरी आफ्नो अस्तित्वको सम्बन्धमा विचार गर्न लाग्छौ, आफैभित्र हामी अन्तर्विरोधी भाव देख्न पुग्छौँ। एकातिर यो संसारमा हामी आफूलाई शक्तिवान् र शाश्वत बन्न चाहन्छौ। त्यो बेला हाम्रो मनमा अन्तर्विरोध, निराशा र सन्त्रास आदि जस्तो भावना जागृत हुन्छ। किर्केगार्डका अनुसार त्यस्तो क्षणमा हरेकलाई ईश्वरीय सहायताको आवश्यकता पर्दछ। त्यस्तै क्षणमा हामी ईश्वरको अस्तित्व बोध गर्छौ र ईश्वरप्रति आस्थापूर्ण भावले हामी समर्पित हुन्छौ। विपद्को घडीमा व्यक्तिको मनमा उठेको त्यही आस्थापूर्ण विश्वासलाई नै किर्केगार्डले ईश्वरको रूप भनेर चिनाएका छन् जसलाई कुनै निश्चित स्वरूपमा देखाउन सकिदैन, शब्दमा अटाउन मिल्दैन र व्याख्यामा खुम्चाउन पनि हुदैन, मिल्दैन भन्ने किर्केगार्डको धारणा छ। किर्केगार्डका अनुसार ईश्वरसितको साक्षात्कार आन्तरिक यात्राको पराकाष्ठ हो। भगवान् प्राप्तिपछि व्यक्ति कर्मको निम्ति पूर्णतः स्वतन्त्र हुन्छ त्यस्तो स्वतन्त्रता जसमा आत्मविश्वासको ओज पनि थपिएको हुन्छ, तर ईश्वरले आफै आएर कुनै व्यक्तिलाई कुनै सहयोग गर्दैन, आफ्नो लागि हरेकले आफै कर्म गर्नुपर्छ। किर्केगार्डको धार्मिक चेतनाको रहस्य यही नै हो र यही चेतनाको अभिप्रेरणाबाट उनले युरोपेली दर्शनको इतिहासमा एउटा त्यस्तो निर्णायक मोड भित्राउन सके जसलाई अस्तित्ववादी दर्शनको नाम प्राप्त भएको छ।

### २.१.४.२ फ्रेडरिक नित्सेका प्रमुख मान्यताहरू

फ्रेडरिक नित्से युरोपको सम्पूर्ण आधुनिक चिन्तनको अर्थ माथि प्रश्न उठाउँदै समकालीन युरोपीय चिन्तनको मार्गलाई नयाँ दिशा प्रदान गर्ने विश्वकै एक महान् दार्शनिक मानिन्छन् । युरोपमा अस्तित्ववादको विकासका लागि अनुकूल दार्शनिक वातावरण निर्माण गरिदिने चिन्तकहरू मध्येमा नित्सेको योगदान सर्वाधिक महत्वपूर्ण रह्यो । अस्तित्ववादको मूलस्रोत पहिचान गर्ने क्रममा कतिपय विद्वान्हरूले किर्केगार्डसँगसँगै नित्सेको नाम पनि जोडेर उल्लेख गर्ने गरेका छन् (त्रिपाठी, ११६) । निःसन्देह, नित्सेको ईश्वर-मृत्युको घोषणाले जीवन र जगत्मा व्याप्त अर्थशून्य स्थितिप्रति परवर्ती चिन्तकहरूको ध्यानाकर्षण गराउने काम गऱ्यो जसको प्रभावस्वरूप मानवीय अस्तित्वको करुण अवस्थामाथि परवर्ती दार्शनिकहरूको अध्ययन केन्दित हुन पुग्यो । त्यति मात्र होइन, नित्सेले ईश्वर, धर्म, परम्परागत मूल्य मान्यता आदि सम्पूर्ण कुराको अस्तित्व नास भइसकेको एउटा रित्तो संसारमा रित्तै अवस्थामा मान्छे फालिएको छ र त्यो मान्छेका अगाडि स्वयंको मूल्य रचना गर्नुपर्ने दायित्व र चुनौती तेर्सिएको छ भन्ने कुरा उठाई नास्तिक अस्तित्ववादी दर्शनको प्रतिवादन गर्ने काम गरे ।

नित्सेको विचारमा मनुष्यले शक्तिको उच्च स्वरूप प्राप्त गर्नका निम्ति प्रथमतः आफ्नो मनबाट ईश्वरको भ्रमलाई मेट्नु अत्यावश्यक हुन्छ । नित्सेको दर्शनको मूलसार उनको ईश्वरको मृत्युबारेको घोषणामा नै अभिव्यञ्जित भएको छ । उनले स्पष्टसित के घोषणा गरेका छन् भने हामीले ईश्वरलाई मारिदियौं, ईश्वरको मृत्यु भइसकेको छ, त्यसैले अब ईश्वर कहीँ भेटिदैन । त्यो न इतिहासमा थियो न प्रकृतिमा छ न त त्यो प्रकृतिभन्दा पर नै कतै छ । ईश्वर छ भन्ठान्नु केवल हाम्रो दास-मनोवृत्ति मात्र हो । ईश्वरको अस्तित्वलाई स्विकार्नु जीवनको विरुद्ध गरिएको एउटा अपराध हो । नित्सेका अनुसार यो मानवीय जीवनमा कुनै अर्थ भेटाइन्छ भने त्यो अर्थ मनुष्यलाई ऊ आफैले नै दिएको मात्र हुन सक्छ (जोशी, ११३) । नित्सेले ईसाई धर्म सम्बन्धी विचार सिद्धान्त र धार्मिक पुस्तकहरूको वर्चस्वमाथि आफ्नो दर्शनले कडा शैलीमा आक्रमण गरेका छन् । उनको भनाइमा ईसाईहरूको ईश्वर यति निष्ठूर छ कि त्यसले शताब्दीयौदेखि अनगिन्ति सन्देह र अपवादहरूलाई जबरजस्ती लागू गरिरहेर सत्यको उल्लङ्घन गर्ने काम गरेको छ । अब ईश्वरलाई हामीले मारिदिइसकेका छौं, त्यसको मृत्यु भइसकेको छ भन्ने घोषणा गर्दै नित्से

सम्पूर्ण गिरजाघरहरू ईश्वरका चिहान हुन् भन्छन् र यो ईश्वरबिनाको संसारमा मनुष्य आफैंले आफ्नो मूल्य खोज्नु पर्छ भन्ने तर्क अघि सार्छन्। युरोपको सम्पूर्ण  आधुनिक चिन्तनलाई नै पराजित जातिको प्रलाप ठान्ने नित्सेले आफ्नो दर्शनमा ईसाई धर्म, उदारतावादी, दृष्टिकोण हिगेलको दार्शनिक मान्यता, मार्क्सको साम्यवादी विचार, अङ्ग्रेजी तथा फ्रान्सेली समाजवादी र रूसको निरङ्कुशतावादी दृष्टिको कडा विरोध गरेका छन्। उनको विचारमा मनुष्य एक्लैले पूर्णता प्राप्त गर्न सक्छ, मनुष्यको मुख्य लक्ष्य मानवता होइन,  महामानव बन्नु हो। उनले आफ्नो यस विचारलाई 'दश स्पीक जराथुस्त्र' शीर्षकको पुस्तक (सन् १८८६) मा अभिव्यक्ति दिएका छन्। प्रस्तुत पुस्तकभित्र नित्सेले नायकको माध्यमबाट मनुष्यलाई महामानव बन्ने शिक्षा दिएका छन्। महामानव बन्नका लागि मनुष्यले पहिलो काम नै आफ्नो स्वभावमा विद्यमान मनुष्यतालाई  अतिक्रमण गर्नु हो जुन मनुष्यले आफ्नो मनुष्यता माथि विजय प्राप्त गरेको छ, त्यो नै महामानवको स्तरमा पुग्दछ भन्ने नित्सेको भनाइ रहेको पाइन्छ। नित्सेका अनुसार मनुष्यको कर्मको लक्ष्य सबै मनुष्यको भलाइका लागि नभएर त्यो स्वयंश्रेष्ठ र शक्तिशाली व्यक्तिको विकासका लागि हुनुपर्दछ। यस सन्दर्भमा नित्सेले कतिसम्म भनेका छन् भने त्यस्तो महामानव उत्पन्न गर्नको निमित्त श्रेष्ठ पुरुषले श्रेष्ठ महिलासित नै विवाह गर्नुपर्दछ। स्वच्छ रगतबाट उत्पन्न भएको सुन्दर र स्वस्थ बालकलाई  त्यस्तो विद्यालयबाट शिक्षा दिलाइनुपर्दछ जहाँ बलपूर्वक पूर्णता प्राप्त गर्नु शिक्षणको स्वाभाविक परिणाम हुन्छ। यस प्रक्रियाबाट जन्मिएको र शिक्षित भएको व्यक्ति सत् र असत् भन्दा माथि उठेको हुन्छ।आवश्यकता परेको खण्डमा ऊ असत् बन्न पनि सङ्कोच मान्दैन।ऊ सत् बन्न भन्दा पनि बढी निडर उत्सुक हुन्छ।उसको मुख्य उद्देश्य नै शक्ति सञ्चय गर्नु तथा निडर भएर बाँच्नु हुन्छ (त्रिपाठी, ११४)।यसरी नित्सेको दर्शनमा महामानवको लक्षण औँल्याइएको पाइन्छ। नित्सेले यो हाम्रो जीवन र जगत्लाई शक्ति प्राप्तिको इच्छाको धारणाले व्याख्या गर्नुपर्ने बताएका छन्। उनको विचारमा यो संसार शक्तिको इच्छाका अतिरिक्त केही पनि होइन।यहाँ सबै मनुष्य अनिवार्य रूपमै आफ्नो शक्ति बढाउन प्रयत्नरत हुन्छन्। शक्तिको इच्छाको आदि  र अन्त्य  छैन र यहाँ शक्तिहीन मनुष्यको कुनै अस्तित्व हुँदैन। नित्सेले व्यक्तिका अगाडि शक्तिको उच्च स्वरूप प्राप्त गर्नका लागि ईश्वरप्रतिको विश्वासलाई त्याग्नुपर्ने पहिलो सर्त राखेका छन्। उनको ईश्वरको मृत्युको घोषणामा त्यो सर्त स्पष्टसित  मुखरित भएको छ।

### २.१.४.३ मार्टिन हाइडेगरका प्रमुख मान्यताहरू

मार्टिन हाइडेगर समकालीन पाश्चात्य दर्शनपरम्पराका एक अत्यन्त महत्वपूर्ण दार्शनिक मानिन्छन् । अस्तित्ववादको विकासमा उनको योगदान ऐतिहास महत्वको भएको स्विकारिन्छ । सम्बन्धित कतिपय विद्वान्ले त हाइडेगर नै पहिलो सच्चा अस्तित्ववादी दार्शनिक हुन् भनेर तर्क गरिएको पनि पाइन्छ (त्रिपाठी,११५) । हाइडेगरले गरेका कामहरूको अध्ययन गर्दा कतिपय कामहरू यस्ता देखिन्छन् जसको आधारमा उनलाई पहिलो सच्चा अस्तित्ववादी भन्नु  तर्क सङ्गत  नै देखिन्छ । सारतत्वले आफैंमा अस्तित्व अटाएको हुँदैन, सारतत्व र अस्तित्व यी दुई अलग कुरा हुन्, यी दुई अलग कुरालाई एउटैमा खप्ट्याएर हेर्न मिल्दैन भनी अस्तित्व र सारबीच स्पष्ट रेखा खिच्ने काम पहिलोपल्ट हाइडेगरले नै गरेका हुन्  । जुन अस्तित्ववादको लागि एउटा आधारभूत सिद्धान्त बनेको छ । त्यति मात्र होइन, पाश्चात्य चिन्तन परम्परामा हाइडेगरले नै अस्तित्वको समस्यालाई दार्शनिक दृष्टिले हेर्नुका साथसाथै मृत्यु र नैराश्य तथा भय र चिन्ताजस्तो अघि-अघि अप्रासङ्गिक ठानिएको विषयलाई महत्वका साथ हेर्ने र त्यसमाथि बौद्धिक छलफल गर्ने वातावरणको सिर्जना गरे । यी तथ्यहरूको आधारमा हाइडेगर अस्तित्ववादका प्रमुख प्रवर्तक हुन् भन्ने कुरा पुष्टि हुन्छ । यद्यपि उनी आफैले भने आफूलाई अस्तित्ववादी दार्शनिकको नाममा चिनाउन चाहेका छैनन्  ।

मनुष्य अस्तित्वको दार्शनिक समस्या नै हाइडेगरको चिन्तनको केन्द्रविन्दु हो । उनको भनाइमा मनुष्य अस्तित्वको समस्या मूलतः उसको हुनु को समस्या हो । मनुष्य अस्तित्वको समस्यालाई बुझाउन हाइडेगरले ‘दाजाइन’ भन्ने शब्द प्रयोग गरेका छन् । जर्मनी भाषामा यस शब्दको अर्थ ‘अस्तित्व’ अथवा ‘त्यहाँ हुनु’ हुन्छ । यो शब्दले मनुष्य अस्तित्वको विशिष्ट तत्व शास्त्रीय स्थितिलाई बुझाउँछ । हाइडेगरका विचारमा यो संसारमा मनुष्य अस्तित्व अन्य सबै वस्तुको अस्तित्वभन्दा भिन्न छ, विशिष्ट किसिमको छ र त्यस भिन्नताका विभिन्न पक्षहरू छन् । पहिलो कुरा त कुनै लक्ष्यविनाको तर पनि यथार्थ यो संसारमा आफ्नो इच्छाविना नै आफू त्यसै फालिएको अवस्थामा मनुष्य आफूलाई  पाउँछ । दोस्रो कुरा उसले आफ्नो अनिर्धारित वास्तविकताको बीचबाट नै आफू स्वयं आफ्नो प्रक्षेपक बनी जीवन बाँच्नुपर्छ । तेस्रो कुरा आफ्नो जीवनमा मृत्यु अवश्यम्भावी छ भन्ने तथ्य पनि यसलाई ज्ञान हुन्छ ।  मृत्युसत्यले क्षणभङगुर तुल्याइ दिएको आफ्नो जीवनको त्यही वास्तविकता भित्रबाट

उसले आफ्नो 'आफू' लाई  प्राप्त गर्नु छ , आफ्नो आफूलाई बनाउनु छ, आफै रोज्नु छ, र त्यो आफूलाई प्राप्त गर्न प्रयास गर्नु । हाइडेगरको दाजाईनको तात्विक समस्या यही नै हो ( त्रिपाठी, ११६) । यो स्थितिमा उसलाई आफू 'हुनु' को बोध हुन्छ । यो संसारमा ऊ आफू भएको कारणले नै उसलाई यो बोध भएको हो भन्ने हाइडेगरको भनाइ छ ।

हाइडेगरले आफ्नो दर्शनमा अवस्तुताको स्थितिलाई नयाँ किसिमले परिभाषित गरेका छन् । त्रासको अवस्थामा अथवा निराशाको अवस्थामा जब व्यक्ति आफ्नो वास्तविक अस्तित्वलाई पूरा मात्रामा प्राप्त गर्दछ त्यस क्षणमा नै ऊ  अवस्तुतासित साक्षात्कार गर्छ । यही अवस्तुतालाई आधार बनाएर हाइडेगरले जीवन मूल्यको विरोध गरेका छन् । उनका अनुसार मूल्यको स्थापनाको प्रयत्न वास्तविक अस्तित्वलाई लुकाउने प्रयास हो । उनले यही अवस्तुतासितको साक्षात्कारलाई दृष्टिगत गरी अस्तित्वको  ऐतिहासिक व्याख्या गरेका छन् । ईश्वर मरिसकेको छ, यो नै सत्य हो । त्यति मात्र होइन, त्यो भन्दा पनि कडा सत्य के हो भने ईश्वरको मृत्युपछि त्यो स्थानमा कोही छैन अर्थात् आजको मान्छे दोहोरो अवस्तुताको भावनामा गुज्रिरहेको छ । पहिलो कुरा त नयाँ ईश्वरको सिर्जना गर्नु उसको क्षमता भन्दा बाहिरको कुरा हो र अर्को कुरा के भने पुरानो ईश्वरतर्फ फर्कनु भनेको अतीतमा बाँच्न खोज्नुको व्यर्थको प्रयास हो । त्यसैले मान्छेले आत्मोपलब्ध अस्तित्वले ऐतिहासिक विकासको हरेक युगमा आफ्नो पद्धतिको खोज स्वयं नै गर्नु पर्दछ भन्ने हाइडेगरको मान्यता  रहेको पाइन्छ ।

### २.१.४.४ ज्याँ पल सार्त्रका प्रमुख मान्यताहरू

अस्तित्ववादको इतिहासमा ज्याँ पल सार्त्रको नाम शीर्षस्थानमा रहेको पाइन्छ । उनी आधुनिक अस्तित्ववादका मूल स्तम्भ मानिन्छन् (त्रिपाठी, १२७) । किर्केगार्डले उति बेला जन्माएर गएका अस्तित्ववादी दर्शनलाई  परिष्कार गर्नुका साथसाथै पूर्ण स्वरूप प्रदान गर्दै त्यसलाई आफ्ना दार्शनिक पुस्तक एवं प्रवचनका माध्यमबाट र विशेष गरी साहित्यिक प्रयोगका माध्यमबाटसात्रले प्रसिद्धी र लोकप्रियताको शिखरमा पुऱ्याउने काम गरे । सार्त्रकै प्रयासले अस्तित्ववादी दर्शनको प्रख्याति विश्वव्यापी हुन पुगेको हो । यद्यपि आफ्नो जीवनमा उनले आफ्ना वैचारिक तथा साहित्यिक अभिव्यक्तिद्वारा धर्म र परम्पराप्रति गरेको क्रान्तिकारी विरोधका कारण खास गरी रोमन क्याथोलिकहरूबाट  धेरै नै आरोप-प्रत्यारोपहरू बेहोर्नु परेको थियो त्यसै गरी यता धर्म परम्परालाई नमान्ने मार्क्सवादी

विद्वान्हरूबाट पनि उनले प्रशस्त घोचपेच सुन्नुपरेको थियो तर पनि उनी त्यसबाट विचलित भएनन् । उनी यथार्थमा कथनी र करनी दुवै दृष्टिले अस्तित्ववादी नै भएर रहे । सार्त्र आफ्नो सिद्धान्तप्रति कुन हदसम्म प्रतिबद्ध थिए भन्ने कुराको ज्वलन्त उदाहरणको रूपमा उनले नोबेल पुरस्कार लिन अस्वीकार गरेको घटनालाई स्मरण गर्न सकिन्छ । संसारको सर्वोत्कृष्ट साहित्यिक सम्मान पाउँदा पनि उनले आफ्नो सिद्धान्तको विपरित हुने कारण देखाई त्यो लिन अस्वीकार गरेका तथ्य विश्वइतिहासमै एउटा चर्चित प्रसङ्ग बनेको पाइन्छ ।

सार्त्रले अस्तित्वलाई दुई प्रकारमा विभाजन गरेर अर्थ्याएका छन्-१) स्वयंमा अस्तित्ववान् अस्तित्व र २) स्वयंको लागि अस्तित्ववान्  अस्तित्व । नेपालीमा यसलाई जड भविता र चिद् भविता भनी अनुवाद गरिएको पाइन्छ, (त्रिपाठी, १२७) । सार्त्रको भनाइमा यी दुई प्रकारका अस्तित्वमध्ये मान्छे दोस्रो प्रकारको अस्तित्व अर्थात्  स्वयंका लागि आस्तित्ववान् अस्तित्व हो जो सधैं आफूबाट बाहिर निक्लिएर केही गर्ने वा बन्ने स्वतन्त्र इच्छा राख्दछ । स्वयंका लागि अस्तित्ववान् अस्तित्व त्यसर्थमा मान्छेको चेतनाको क्षेत्र हो । अविरत अतिक्रमण चेतनाको मूल प्रकृति हो । मानव अस्तित्व त्यसैले अविरल 'स्व' अतिक्रमण हुन्छ । चेतना आफै चाहिँ आफ्नो लागि केही होइन तर त्यो आफ्नो अस्तित्वमा लीन भएर रहेको कारणले गर्दा नै मान्छेलाई आफू हुनुको बोध हुन्छ । यस किसिमको अस्तित्वका लागि अर्थात् मनुष्य अस्तित्वका लागि आफू बाँचुन्जेल सबै वस्तु एउटा  सम्भाव्यताको बिन्दुमा अडेको हुन्छ ।  सार्त्रको भनाइमा मान्छे सुरुमा केही हुदैन पछि मात्र ऊ (मान्छे)  केही हुन्छ र ऊ जे हुन्छ  त्यो आफैले बनाए जस्तै हुन्छ । त्यसैले ऊ अघिबाट नै कुनै परिभाषामा बाँधिदैन । मान्छे एक प्रकारको योजना  हो र आफ्नो खास वा अन्तिम योजनाको अर्थ खोज्न नै ऊ अस्तित्वमा रहेको छ अर्थात् बाँचेको छ ।  मान्छे आफ्नो वातावरण र परिस्थितिका बीच  सधैं सङघर्षशील छ, यही उसको अस्तित्व हो भन्ने सार्त्रको मान्यता रहेको पाइन्छ ।

### २.१.४.५ आल्बेर कामुका प्रमुख मान्यताहरू

आल्बेर कामु अस्तित्ववादी दर्शनको इतिहासमा एउटा त्यस्तो  महत्वपूर्ण नाम हो जसबाट अस्तित्ववादले एब्सर्डको नयाँ आयाम प्राप्त गर्न सक्यो  । **मिथ अफ सिसिफस** जस्तो कृतिका स्रष्टा कामुले एकातिर आफ्नो दर्शनको घुमाउरो विश्लेषणद्वारा यो जीवन र

जगत्को जगमा व्याप्त असङ्गतिलाई उजागर पार्ने काम गरेका छन् भने अर्कोतिर विद्रोहद्वारा नै मनुष्यले यो जीवनलाई नौलो मूल्यमा प्राप्त गर्न सक्छ भनेर सम्भावना मनुष्यकै हातमा छ भन्ने तथ्यको पुष्टि गर्न प्रयास गरेका छन् । अस्तित्ववादी दर्शनको आशयप्रति अत्यधिक मात्रामा आशक्ति रहँदारहँदै पनि आफू अस्तित्ववादी दर्शनिक भनिन भन्दा एउटा कलाकार भनेर चिनिन रुचाउने कामुको कृति वास्तवमा अस्तित्ववादको प्रचारप्रसारका लागि अत्यन्त सार्थक सिद्ध भएको तथ्य सर्वस्वीकृत छ । साहित्यका लागि सन् १९५७ को नोबेल पुरस्कारले विभूषित भएका कामुको नाम अस्तित्ववादको इतिहासमा ज्याँ पाल सार्त्रपछिको अर्को महत्वपूर्ण व्यक्तित्वको रूपमा स्मरण गर्ने गरिएको पाइन्छ ।

जीवन यथार्थमा जे छ जस्तो छ त्यसैमा कामुको आस्था छ । प्रथम महायुद्ध मानवसमाजमा छोडेर गएको भयावह वातावरणसित जुध्दै बितेको कामुको बाल्यावस्था एवं किशोरावस्था अनि दोस्रो महायुद्धको आगोसित साक्षात्कार गरेको आफ्नो चेतनामा मान्छेको जीन्दगी जेजस्तो छविमा प्रकट भयो त्यसलाई नै कामुले आफ्नो चिन्तनको मूल विषय बनाएका छन् । जीवन र जगत्मा व्याप्त सङ्तिहीनता एवं विसङ्तिको सत्य उद्घाटित गर्नु र त्यसको विरुद्धमा विद्रोह गरी हरेकले आफ्नो अस्तित्वलाई मूल्य दिन आफै प्रयास गर्नुपर्छ भन्ने सन्देश सम्प्रेषण गर्नु कामुको मृत्यु को मूल अभीष्ट हो ।

कामुको एब्सर्डको अवधारणा अस्तित्ववादको एउटा प्रमुख पक्ष मानिन्छ । हाम्रो मनले यो संसार सङ्गति र सामञ्जयस्यपूर्ण भएको हेर्ने अपेक्षा गर्नु तर अनुभवमा भने त्यो अनेक विसङ्गति असम्बद्धताले भरिएको पाउनु कामुको एब्सर्डको विशिष्ट अर्थ हो (फोलेर ( सम्पा). सन् १९७३:१ ) । हरेक सचेत व्यक्तिका निम्ति यो जीवन एउटा निरर्थकको बोझ हो भन्ने कामुको ठहर छ । यो संसार जहाँ मान्छे बाँचिरहेको छ कुनै तर्कले पनि यो संसारको व्याख्या गर्न सकिन्छ । संसार निरर्थक छ, समाज निरर्थक छ, यो समाजको अनुशासन पनि निरर्थक छ । बनाइएका सबै नियम नैतिकता एवं यावत् पूर्व निर्मित मूल्यमान्यताहरू र परम्पराहरू सबै स्वयंमा निरर्थक छन् । कुनै अर्थ नभएको हुनाले यो संसारको अर्थ खोज्नु भनेको आफैमा एउटा अर्थहीन कुरा हो । संसारको सम्बन्धमा हामीलाई सधै एउटा निरर्थकता मात्र हात लाग्छ कामुको विश्लेषण छ ।

आत्महत्या, हत्या र जीवनको निरर्थकता जस्तो विषयलाई लिएर कामुले आफ्नो विशेष दृष्टिकोण प्रकट गरेका छन् । कामुको विचारमा जीवन निरर्थक छ, तर त्यो निरर्थकता

हाम्रो निराशाबाट उत्पन्न भएको नभई त्यो आफै एउटा त्यस्तो साधन हो जसले मान्छेमा आत्महत्याको भावनाका लागि प्रेरणा प्रदान गर्दछ तर आत्महत्या निष्प्रयोजनीय छ किनकि यसले निरर्थकताको समस्या समाधान हुँदैन । जब हामी यस निरर्थक जीवनको सिकार भएका छौ भने यसबाट मुक्तिको लागि सबैभन्दा उत्तम उपाय भनेको आत्महत्या होइन विद्रोहको भावना हो । उनी विद्रोहले नै मान्छेले जीवनमा नयाँ मूल्यको खोजी गर्ने अठोट गर्दछ र आफ्नो त्यस अठोटप्रतिको सङ्कल्पले उसमा जीवनको मोह बढेर जान्छ भन्छन् । उनको भनाइअनुसार मान्छेले जीवनको सम्पूर्ण समस्याको समाधान आफ्नो जीवनको सीमाना भित्र नै रहेर गर्न सक्छ । आफ्नो चेतनाको बलले मान्छेले आत्महत्याको भावनालाई जीवनको एउटा व्यवस्थाभित्र समाहित गर्दछ । त्यसैले हत्या, मृत्यु र निरर्थकता मान्छेका लागि महत्वपूर्ण समस्याहरू हुन् । यी समस्याहरूले जीवनको मूल्यलाई बढाइदिन्छन् र प्रत्येक मान्छेलाई आफ्नो जीवन झन् बढी गहिराइका साथ बाँच्नका लागि प्रेरित गरिदिन्छन् ।

कामुका भनाइमा यो जीवनमा त्यस्तो मान्छेका लागि मात्र आनन्द सम्भव हुन्छ जो जीवनमा आनन्द छैन भन्ने थाहा पाएर पनि जीवन बाँच्न उत्सुक हुन्छ । कामु केबल संसारमा मात्र होइन, यस संसारमा रहने मानवीय अस्तित्वमै पनि निरर्थकता विद्यमान छ भन्छन् । उनको भनाइमा वास्तवमा यो निरर्थकता नै संसार र मान्छेबीचको सम्बन्धको मूल कडी हो । जगत्देखि जीवनसम्म व्याप्त भएर रहेको यो निरर्थकतालाई न त कुनै तर्कले नै युक्तियुक्त तुल्याउन सक्छ न त कुनै विश्वासले नै यसको खाडललाई पुर्न सक्छ । त्यसैले कामु आफ्ना रचनाहरूमा यो जीवनमा त्यस्तो मान्छेका लागि मात्र आनन्द सम्भव हुन्छ जो जीवन बाँच्न उत्सुक हुन्छ, भन्ने विचार प्रकट गरेका छन् ।उनको 'दि मिथ अफ सिसिफस' यसको ज्वलन्त उदाहरण हो । सिसिफसको कथा ग्रिसेली पुराणमा आधारित छ । उहिले सिसिफसले ग्रिसेली देवताहरूको आशाको उल्लघंन गरेको हुनाले देवताद्वारा उसलाई सजाय तोकिएको थियो । जुन सजायअनुसार उसको एउटा ठूला ढुङ्गालाई पहाडको फेदीबाट ठेलेर चुचुरासम्म पुऱ्याउनुपर्थ्यो । त्यो ढुङ्गा फेरि गुडेर तल झर्थ्यो, सिसिफसले फेरि त्यो ढुङ्गालाई बोक्दै चुचुरामा पुऱ्याउनु पर्थ्यो । सिसिफस आफूलाई दिइएको उक्त सजायलाई स्वीकारेर ढुङ्गा पहाडको चुचुरामा लग्ने र त्यहाँ बाट गिराउने र फेरि चुचुरामा पुऱ्याउने काम निरन्तर गरिरहन्छ । यसरी सिसिफस मनुष्यको अस्तित्वशील अवस्थाको द्योतक बनेर प्रस्तुत भएको छ कामुको उक्त कृतिमा । सिसिफसले ईश्वरलाई घृणा गरेको छ, यसले मृत्युलाई पनि

घृणा गरेको छ र जीवनलाई प्रेम गरेको छ। ऊ जीवनको निरर्थकतालाई बोध गरेर पनि जीवन बाँच्न थाकेको छैन।

कामुको दर्शन मानवतावादी भावनाबाट अनुप्रेरित भएको छ। सुरुसुरुमा कामु शून्यवादी देखिएका भए पनि जीवनको उत्तरार्धमा गएर उनको त्यो शून्यवादी मनोवृत्ति सक्रिय मानवतावादी प्रवृत्तिमा परिवर्तन हुन पुगेको देखिन्छ। उनको दर्शनमा आएको विद्रोहको आग्रहमा जीवनको मूल्य प्रतिस्थापित गर्ने सन्दर्भ र मानवतावादी भावनाको प्रवर्धनको मनसाय प्रकट भएको छ। विद्रोह गरेर नै व्यक्तिले समाजममा अरू मान्छेहरूको बीच आफ्नो अस्तित्व प्रमाणित गर्न सक्छ र उसको त्यो अस्तित्व ऊ सित सम्बन्धित अरू सबै मान्छेहरूको अस्तित्वका लागि पनि प्रेरणा बन्न पुग्छ भन्ने उनको दृष्टि छ । कसैले पनि आफ्नो मूल्य प्राप्त गर्नका निम्ति कर्म गर्दा कुनै पनि हालतमा मानवीय मूल्यप्रति नकरात्मक आँच आउने उद्योग गर्नुहुन्न भन्ने उनको मान्यता छ।

### २.१.४.६ साहित्यमा अस्तित्ववाद

साहित्यमा अतियथार्थवाद पछिको एउटा आधुनिक घटनाको रूपमा अस्तित्ववादको आविर्भाव भएको हो। मानव जीनवनको यथार्थ विश्लेषण गर्ने क्रममा नै साहित्यमा यस वादको अविर्भाव भएको हो। द्वितीय विश्वयुद्धकालीन युरोपको महाविनासकारी स्थिति-परिस्थिति र यावत् मूलयमान्यताहरू धराशायी भएको अवस्था विशेषबाट अनुप्रेरित हुँदै साहित्यमा यसको प्रयोगको प्रचलनले व्यापकता पाएको तथ्यप्रति सबै विद्वान्हरू एकमत रहेका पाइन्छन्। यस सन्दर्भमा फ्रान्सेली साहित्यकारहरूको योगदान ऐतिहासिक महत्वको रह्यो। अस्तित्वादलाई साहित्यमा सचेतताको साथ प्रयोग गर्नुका साथसाथै यसको लोकप्रियतता बढाउने काममा फ्रान्सेली साहित्यकारहरू एवं चिन्तक ज्याँ पल सार्त्रले नेतृत्वदायी भूमिका खेलको कुरा यहाँ विशेष स्मरणीय हुन आउँछ। वास्तवमा सार्त्रको सशक्त लेखनीको माध्यमद्वारा नै एउटा विशिष्ट आन्दोलनको रूपमा अस्तित्ववादले साहित्यमा प्रवेश गरेको हो। यद्यपि सार्त्रभन्दा अगाडि पनि अन्य कतिपय पाश्चात्य साहियकारहरूको रचनाहरूमा प्रत्यक्ष-परोक्ष ढङ्गबाट अस्तित्ववादी स्वर मुखरित नभएको भने होइन।

पाश्चात्य साहित्यमा अस्तित्ववादी मर्मलाई साहित्यक अभिव्यक्ति दिने काम सबै भन्दा पहिले को बाट भएको थियो भन्ने बारे निश्चित किटान गरेर भन्न मिल्ने अवस्था देखिदैन । धेरै अघिदेखिबाट कतिपय पाश्चात्य साहित्यकारहरूले आफ्ना रचनाहरूमा असचेत रूपमा नै अस्तित्ववादी मर्मलाई अभिव्यक्ति दिने काम थालिसकेका थिए भनिएको पाइन्छ। जाने म्याकवेरीको एक्जिसन्सियालिज्म भन्ने पुस्तकमा जर्मन कवी होल्डीन (सन् १७७०-१८४३) को कवितामा अस्तित्ववादी मर्म केही मात्रमा मुखरित भएको तथ्य उल्लेख भएको छ। होल्डरीन  हाइडेगरका पनि प्रिय कवि थिए भन्ने तथ्य फेला पर्नुले -काफम्यान (सन् १९५६:३८) उनको कवितामा अस्तित्ववादी स्वर अन्तर्निहित थियो भनी अनुमान गर्न थप बल पुग्छ। म्याक्वेरीले आफ्ना उक्त पुस्तकमा टल्सटाय तर्कनेभको रचनामा पनि अस्तित्ववादको मर्मले अभिव्यक्ति पाएको थियो भन्ने तथ्य उल्लेख गरेका छन्  (त्रिपाठी, १३४) । यिनै तथ्यको आधारमा यी साहित्यकारहरूलाई अस्तित्ववादी साहित्यकारका पूर्वजको संज्ञा दिन सकिन्छ ।

## २.२ साहित्यको अस्तित्ववादी स्वरको विश्लेषण ढाँचा

अस्तित्ववादभित्रको वरण स्वतन्त्रता मानवदर्शन हो। मानवीय जीवनको मूल समस्या पहिल्याउन र त्यसैको परिप्रेक्ष्यमा जीवनको सत्य खुट्याउनु वरण स्वतन्त्रताको  विशिष्ट अभिप्राय हो । अस्तित्ववाद व्यक्तिलाई सम्पूर्ण भ्रमबाट मुक्त पार्न चाहन्छ र भ्रममुक्त भएको एउटा शून्यको बिन्दुबाट आफूलाई खोज्ने र आफ्नै प्रयासले आफूलाई प्राप्त गर्ने जाँगर र आत्मविश्वास व्यक्तिभित्र जगाउन खोज्छ। यद्यपि जन्मसँगैसँगै  मृत्युको अभिशाप पनि बोकेर आएको मान्छेको जीवनका निस्सारता, निरर्थकता, निरूपायता, अनिश्चितता  एवं यावत् विवशताको बोधबाट उत्पन्न चरम नैराश्यको भावना नै अस्तित्ववादको मूल प्रेरणा स्रोत हो, तर यो आफै भने निराशावादी दर्शन होइन । यसले मानिसलाई जीवनबाट भाग्न होइन, जीवनसित जुधेर अर्थात् सङ्घर्ष गरेर यसको नवीन अर्थ र मूल्यको खोजी गर्न उत्प्रेरित गर्दछ। व्यक्तिसत्ताप्रति यस वादको अपार लगाव र झुकाव रहेको पाइन्छ। एक अर्थमा भन्ने हो भने अस्तित्ववाद व्यक्तिवाद नै हो। अस्तित्ववादको सिद्धान्त अनुसार केवल व्यक्ति नै सत्य हो । यो संसारमा मान्छे हुनुको कुनै निश्चित प्रयोजन छैन। मान्छे आफ्नो इच्छा बिना नै यो संसारमा त्यत्तिकै विना प्रयोजन फालिएको छ। उसको अगाडि जीवनको मूल्य  तोक्ने अर्को कुनै सत्ता यस संसारमा छैन। हरेकले आफ्नो मूल्य आफै

निर्माण गर्दछ र गर्नुपर्दछ । हरेक मान्छे आफ्नो काम आफै रोज्छ र त्यस अनुसार आफैँले आफूलाई  बनाउँछ । यस्ता पात्रहरूको कृतिगत पहिचान गरी अस्तित्ववादी स्वरलाई विवेचना गर्न सकिन्छ । त्यसैले अस्तित्ववादी स्वरको सैद्धान्तिक स्वरूपलाई ठम्याउन केही मुख्य अवधारणा प्रस्तुत गरिएको छ, ती यस प्रकार छन् :

### २.२.१ अस्तित्ववादी चयन स्वतन्त्रता

यस शीर्षक अन्तर्गत लेखकले आफ्नो कृतिका माध्यमबाट अस्तित्ववादी चयन स्वतन्त्रताको पुष्टि कसरी गरेकी छन् भन्ने कुराहरूलाई निम्नलिखित उपशीर्षक दिएर विश्लेषण गर्न सकिन्छ :

(क) कथानकमा चयन स्वतन्त्रताका सूचकहरू

(ख) पात्रका चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

(ग) उद्देश्यमा चयन स्वतन्त्रताका सूचकहरू

(घ) बिम्ब प्रयोगमा चयन स्वतन्त्रताका सूचकहरू

### २.२.२ अस्तित्ववादी निर्णय र निस्सारताको बोध

यस शीर्षक अन्तर्गत लेखकले आफ्नो कृतिमा पात्रका माध्यमबाट प्रस्तुत गरेको निर्णय स्वतन्त्रताको आवाज र निस्सारता बोधको अभिव्यक्तिको पुष्टिका लागि निम्नलिखित उपशीर्षक दिएर विश्लेषण गर्न सकिन्छ :

(क) कथानक र चरित्रचित्रणमा निर्णय र निस्सारताको बोध

(ख) लेखकीय दृष्टिकोण

कृतिभित्र  कथानक र चरित्रचित्रणका माध्यमबाट अस्तित्ववादी निर्णय स्वतन्त्रता खोज्दा लेखकले पात्रहरूलाई कसरी प्रस्तुत गरेको छ भन्ने कुरालाई प्राथमिकतामा राखेर कृतिको अध्ययन गर्नुपर्ने हुन्छ । यसरी कृतिमा लेखक बढी बोलेको छ कि पात्र नै बोलेका छन् भन्ने कुरालाई हेर्नका लागि लेखकीय दृष्टिकोणको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

## २.३ निष्कर्ष

विश्वसाहित्यमा चालीसको दशकबाट सुरु भएको अस्तित्ववादले साठीको दशकसम्म आफ्नो एक्लो वर्चश्व कायम राख्न सकेको देखिन्छ। साठीको दशकपछि विश्व साहित्यमा उत्तर आधुनिकतावादको उदय हुन्छ जसभित्र पनि एउटा विशेषता बनेर अझैसम्म वरण स्वतन्त्रताको प्रभाव कायम नै रहेको छ। विश्वका विभिन्न मुलुकका साहित्यकारहरूले आ-आफ्नो समाजको विशेषता अनुरूपले स्थानीय परिस्थितिभित्रबाटै अनुप्रेरित हुँदै वरणको प्रभावलाई ग्रहण गर्दै साहित्य रचना गरी आफ्नो भाषाको साहित्यको इतिहासमा अस्तित्ववादी धाराको विकास गर्ने काम गरेको देखिन्छ। त्यस क्रममा नेपाली स्रष्टाहरू पनि अछुत रहेका छैनन्। नेपाली साहित्यमा हाम्रो आफ्नै सामाजिक सांस्कृतिक एवं राजनैतिक परिस्थितिको कारण ढिलो गरिकन अस्तित्ववादी साहित्यको प्रभाव भित्रिएको भए तापनि त्यो प्रयोगले सिद्धी प्राप्त गर्न सकेको देखिनुलाई प्रसन्नताको विषय मान्न सकिन्छ।

# परिच्छेद तिन

# आदिम देश कथासङ्ग्रहका कथामा चयन स्वतन्त्रता

## ३.१ विषय परिचय

पारिजातका चारवटा कथासग्रहहरूमा सतचालीस वटा कथाहरू प्रकाशित भएका छन् । उनका कथासङ्ग्रहहरू क्रमशः **आदिम देश, सडक र प्रतिभा, साल्गीको बलात्कृत आँसु र बधशाला जाँदा आउँदा** गरी चारवटा  रहेका छन् । उनका **आदिम देश** कथा सङ्ग्रहका बाह्रवटा कथाहरूमा मानव जीवनका अस्तित्व र मानवीय मूल्यलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ । उनका अन्य तीन कथासङ्ग्रहहरू **सडक र प्रतिभा, साल्गीको बलात्कृत आँसु** र **बधशाला जाँदा आउँदा** का कथाहरूमा मार्क्सवादी चिन्तन प्रमुख रूपमा आएको देखिन्छ । यस अध्ययनमा पारिजातका कथामा अस्तित्ववादी स्वरमा केन्द्रित हुनुपर्ने भएको हुनाले अस्तित्ववादसँग सम्बन्धित भएर लेखिएका पारिजातको आदिम देश  कथासङ्हका बाह्रवटा कथाहरूलाई मात्र यस अध्ययनमा समेटिएको छ । यस अध्यायमा छनोटमा परेको **आदिम देश** कथासङ्ग्रह भित्रका बाह्रवटा कथामा अस्तित्व रक्षाका लागि पात्रले गरेको सङ्घर्षलाई भाषाका माध्यमबाट के कसरी उपस्थित गराइएको छ र आफ्नो चयन स्वतन्त्रताका लागि उनीहरूले कसरी सङ्घर्ष गरिरहेका छन्  भन्ने कुराको अध्ययन गरिएको छ ।

## ३.२ आदिम देश सङ्ग्रहभित्रका कथामा अस्तित्वको सन्दर्भ

आदिम देश कथासङ्ग्रहमा **आदिम देश**, **बीसौं शताब्दी एउटा गल्लीमा**, **सिमेन्टीभित्र एउटा राजबेली**, **सधैं बित्नुपर्ने हामी**, **मैले नजन्माएको छोरो, एक उडानमा, तिउरीको फूल, पायरियाको गन्ध**, **सोफिज्म मेरो लोग्नेसँग कुराकानी**, **निर्माणको मोडेल समयभित्र**, **साइनो ग्रयानिटको टुक्रासँग**, **अनिदो र शून्यता**, **अप्ठ्यारो र अभ्यस्त मान्छे** कथाहरू पर्दछन् । यी कथाहरूमा समाजका विकृति, विसङ्गति, जीवनका वितृष्णा एवम् अस्तित्ववादी दर्शन रहेको पाइन्छ । आध्यात्मिक चिन्तन बोध, बौद्ध दर्शनको शून्य बोध र अस्तित्ववादी मान्यताको केन्द्रीतामा पारिजातले आदिम देशभित्रका कथाहरू लेखेको पाइन्छ ।

कुनै प्राणीको हुनु वा नहुनु, मानवीय अस्तित्व र अनस्तित्व एवम् भाव र अभाव जस्ता मुख्य गुणको खोजी गर्नु पनि  अस्तित्ववादको महत्त्वपूर्ण पाटो हो । प्राणी स्वयंमा पूरै अपारदर्शी तथा अभेदक र ठोस हुने गर्दछ । प्राणी स्वयंमा जे थियो त्यो उही नै हो । तर प्राणी आफ्ना

लागि जे जो थिएन त्यो त्यही हो । प्राणी वा मनुष्यले आफ्ना लागि हुनु भनेको उसमा चेतना हुनु हो । त्यो चेतना भनेको कुनै वस्तु नभई वस्तुको चेतना हो । चेतना त्यतिवेला मात्र पैदा हुन्छ जब कुनै व्यक्ति केही हुने चाहना राख्दछ । त्यस्तो केही चाहना राख्ने प्राणी मनुष्य मात्र हो । त्यसै चेतनाले गर्दा नै मानिस संसारमा सम्पूर्ण प्राणी र पदार्थका बिचमा विशिष्ट रूपको देखिन आउँछ । उसको आफू छु भन्ने बोध वा चेतनाले नै उसको विशिष्ट अस्तित्व देखाउँछ । उसको आफू छु भन्ने बोधको आधार उसको वरण स्वतन्त्रतामा आधारित आत्मचेतना भएको हुनाले नै ऊ केही गर्ने वा बन्ने स्वतन्त्र इच्छा राख्दछ र त्यसबाट उसले आफ्नो अस्तित्व देखाउन पुग्दछ ।

### ३.२.१ आदिम देश कथाको विश्लेषण

#### १. कथानकमा चयन स्वतन्त्रताका सूचकहरू

**आदिम देश** कथा मानव अस्तित्व र मानवेतर अस्तित्व प्रस्तुत गरिएको कथा हो । आजको मानिसमा माानिसलाई नै संहार गर्ने प्रवृति बढ्दै गएको सन्दर्भलाई यस कथाले देखाउन खोजेको छ । वैज्ञानिक उन्नति र राजनैतिक स्वतन्त्रताका नाममा मानिस मानवीय मूल्य र मान्यताबाट नाङ्गिएको कुरालाई कथाकारले देखाउन खोजेकी छन् । म र उसकी श्रीमती गरी दुई जना पात्र रहेको यस कथामा कथाकारले सम्पूर्ण मान्छेको अस्तित्वलाई देखाउन खोजेको देखिन्छ । मानवीय मूल्य, नैतिक प्रतिष्ठा र निष्ठाका आवाजलाई जोगाउनका लागि यस कथामा पात्रले गरेको चयन स्वतन्त्रताका लागि सङ्घर्षको सन्दर्भलाई तलको साक्ष्य मार्फत प्रस्ट पार्न सकिन्छ :

*उसले मान्छे जन्माउन अस्वीकार गरेकी थिई एक पल्ट र यही एउटै अस्वीकृतिमात्र ऊभित्र पनि ईश्वरतत्वको आभास हुनुको परिचय थियो । यहाँ ईश्वरतत्वको आभास हुनुको परिचय थियो । यहाँ ईश्वरतत्व शब्द बेढंगी हुन जाला, क्षमा गर्नुहोस् । मैले मेरी अज्ञात स्वास्नीलाई मान्यता दिएँ* । (पृ. २०)

विसङ्गत जीवन बाध्यात्मक रूपमा जिउँदै आफ्नो स्वतन्त्र अस्तित्वका लागि सङ्घर्ष गरिरहेको कथाको म पात्र यस कथाको वक्ता पनि हो । आजको मान्छे आफूलाई जतिसुकै धार्मिक भएको ढोँग गरे पनि, उदारवादी र मानवीय भावले ओतप्रोत ठाने पनि ऊ यी सबै

कुराबाट नाङ्गिएको प्रसङ्गलाई कथाकारले देखाउँदै हरेक मान्छे आफ्नो चयन स्वतन्त्रताका लागि सङ्घर्ष गर्न तयार हुन्छ भन्ने कुरालाई  कथामा प्रस्तुत गरेको  देखिन्छ ।

### २. पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

कथामा प्रयुक्त पात्रहरू म र उसकी श्रीमतीको चरित्रचित्रणबाट चयन स्वतन्त्रताका सूचकहरू फेला पार्न सकिन्छ । कथाकारले यी दुई पात्रलाई प्रतिनिधि पात्रका रूपमा लिएर सम्पूर्ण मान्छेको अस्तित्वलाई देखाउन खोजेको देखिन्छ । मानवीय मूल्य, नैतिक प्रतिष्ठा र निष्ठालाई यस कथाका पात्रको चरित्रचित्रणबाट देख्न सकिन्छ, जुन कुरालाई तलको साक्ष्य मार्फत प्रस्ट पार्न सकिन्छ :

*यसरी म बाहिर आउन सक्दिनँ, पटक्कै सक्दिनँ, तपाईंहरू सबलाई थाहा छ कि आदिम देश हो , यहाँ डरलाग्दा जात्रा र नृत्यहरूको जुलुस चलिरहन्छ । आदिम देश, आदिम उत्सव, आदि मानिस र आदिम प्रवृत्ति (पृ. २०) ।*

विसङ्गत जीवन बाध्यात्मक रूपमा जिउँदै आफ्नो अस्तित्व खोज गर्दै जाँदा शून्यतामा पुगेको आजका सारा मानिसको प्रतिनिधि म पात्र यस कथाको वक्ता पनि रहेको देखिन्छ । परिस्थिति, अवस्था र सम्पूर्ण क्रियाकलापबाट सर्वाङ्ग नाङ्गो भइसकेको म पात्र अझ नाङ्गिन नचाहेको अभिनय गरेर आफ्नो चयन स्वतन्त्रता देखाइरहेको आजको मान्छेको यर्थाथ बिम्बलाई कथाकारले देखाउन खोजेकी छन् ।

### ३. उद्देश्यमा  चयन स्वतन्त्रताका सूचकहरू

आन्तरिक दृष्टिविन्दु अवलम्बन गरेर लेखिएको यो कथाको सार भनेको नै आजको मान्छेले आफूलाई जतिसुकै धार्मिक भएको ढोँग गरे पनि उदारतावादी र मानवीय व्यवहारले ओतप्रोत ठाने पनि ऊ यी सबै कुराबाट नाङ्गिएको हुन्छ र बदलामा मानिस हिँसा र हत्यातिर उन्मुख हुन्छ भन्ने चयन स्वतन्त्रताका सूचकलाई तलको साक्ष्यमा देख्न सकिन्छ :

*मलाई यहाँ एउटा लालीगुँरासले पुग्दैन । एउटा हिमालले पुग्दैन । यी त धेरै सस्ता अस्वीकृतिहरू हुन् । यिनलाई मान्यता नदिए हुन्छ । तर मेरी स्वास्नीले जस्तै यो पनि मैले बल पुऱ्याएर गरेको अस्वीकृति (पृ.२१) ।*

म पात्र नै कथाको सम्पूर्ण वक्ता र भोक्ता भएकाले आफ्नो बौद्धिकता र दार्शनिकतालाई प्रस्तुत गरेकीले कथाकारले जीवन र जगत्प्रतिको अर्मूत चिन्तनलाई प्रस्तुत गरेकी देखिन्छ ।

४. **बिम्ब प्रयोगमा चयन स्वतन्त्रताका सूचकहरू**

**आदिम देश** कथा मानव अस्तित्व र मानवेतर अस्तित्व प्रस्तुत गरिएको कथा हो । आजको मानिसमा माानिसलाई नै संहार गर्ने प्रवृति बढ्दै गएको सन्दर्भलाई यस कथाले देखाउन खोजेको छ । यसमा विषयानुरूपको भाषा प्रयोग गरिएको छ । विभिन्न बिम्बको प्रयोगका माध्यमबाट चयन स्वतन्त्रताका सूचकहरू कथाकारले प्रस्तुत गरेको देखिन्छ , जस्तै : डरलाग्दा जात्रा र  नृत्यका जुलुसहरू, एउटा लालीगुँरास, एउटा हिमाल, बलौटोमा सुकेको गड्यौला, वस्तुहरूको ताँती, एक धर्सो गोरेटो, बाँझो भूमि आदिजस्ता बिम्बहरूको प्रयोगबाट कथाकारले चयन स्वतन्त्रतालाई प्रस्तुत गरेकी देखिन्छ ।

## ३.२.२ तिउरीको फूल, पायरियाको गन्ध कथाको विश्लेषण

### १. कथानकमा चयन स्वतन्त्रताका सूचकहरू

**तिउरीको फूल पायरियाको गन्ध** नारीकेन्द्री कथा हो । जवानीको प्रस्फुटनलाई तिउरीको फूलसँग दाँजिएको यस कथाको कथानकले चयन स्वतन्त्रताका पाटाहरूलाई देखाउन खोजेको छ । समाजमा मान्छेले मान्छेलाई चिर्थोन गरेका दुष्कृत्यहरूकै बिचमा मान्छेले आफ्नो चयन स्वतन्त्रताका लागि गरेको सङ्घर्ष नै यस कथाको कथानकका रूपमा  प्रस्तुत भएको देखिन्छ । तिनै दुष्कृत्यहरूबाट बच्नका लागि यस कथाका पात्रहरूले स्वतन्त्रताको खोज गरेका छन् । यहाँको समाज तिउरीको समग्र रङ्गिन शोभामा होइन पायरियाको बास्नामा दुर्गन्धित भएर फैलिएको छ । त्यही यस कथामा आएका पात्रहरूले चयन स्वतन्त्रताका लागि गरेको सङ्घर्ष प्रतीकात्मक खालको देखिन्छ जुन कुरालाई तलको साक्ष्य मार्फत प्रस्ट पार्न सकिन्छ :

*यही त सोच्दी हो लाटी लाममा उभिएका घरहरूलाई हेरेर । घर बाहिरै फालेको होला कुनै कुमारी आमाले यसको लाटो अस्तित्वलाई पनि । फोहोर मैला जे पायो त्यही खाएर प्युठाने मूला जस्तो सप्रेकी छ यो आफ्नो उमेरभन्दा पहिले नै* (पृ. ५९) ।

यस कथामा काठमाडौँको एउटा मन्दिरको छेउमा उपेक्षित जीवन बिताइ रहेकी एउटी लाटीका केन्द्रीयतामा नारी समुदायका मूलभूत समस्या र आफ्नो जीवन बाँच्नका लागि गरिरहेको सङ्घर्ष नै यस कथाको केन्द्रीय विचार हो । कथामा देशको राजधानी काठमाडौँमा मन्दिर परिसरमा बेवारिसे, उत्पीडित र प्रताडित जीवन बिताउन बाध्य बनाउने परिस्थिति र त्यो परिस्थितिलाई अन्त्य गरी आफ्नो जीवनयात्रामा चयन स्वतन्त्रताको लागि सङ्घर्ष गरिरहेका लाटी जस्ता मान्छेहरूको अस्तित्वको कुरालाई यस कथामा देखाउन खोजिएको छ ।

## २. पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

लाटीको केन्द्रीयतामा संरचित रहेको यस कथामा  एउटी कुमारी आमाले आफ्नो अपराध लुकाउन बाध्य बनाइएका कारण घरबाहिर फालेकी लाटी शब्दहीन र अर्थहीन गीत गाउँदै कहिले मन्दिरको बलेसी र कहिले पसल नजिक भएको छाप्रोको अगाडि बस्दै आएकी छ । सम्पूर्ण कथा त्यही नारी पात्र लाटीका वरिपरि घुमेको छ । कथामा समाख्याता, उसकी श्रीमती, रिक्सावाल, पुलिस र टुरिस्ट गाइड ठिटाका सन्दर्भहरू गाँसिन आएका छन् लाटी पुलिस, रिक्सावाल, टुरिस्ट  गाइड र  ठिटाको यौनतुष्टिको साधन बनेकी छ ।

समाख्याता समेत उसलाई मानसिक रूपमा यौन शोषण गर्दछ । पुलिसले उसलाई यौन शोषण गर्नका साथै शाारीरिक यातना समेत दिएको छ । लाटीको दाँतमा पायरिया लागेको छ । उसका ओठहरू हरिया छन् । उसमा स्वास्नी मान्छेको स्वरूप र आकृति मात्र छ । समाख्याता पात्र अड्डामा काम गर्छ । ऊ अड्डा आउँदा जाँदा लाटीको दुरावस्था र उसमाथि हुने अत्याचार सधैँजसो देख्ने गर्दछ । ऊ टुरिस्ट  ठिटो लाटी  भएतिर गएको पटक्कै रुचाउँदैन । सुरुमा लाटीप्रति दया देखाए पनि कथाको अन्त्यमा ऊ लाटीलाई अमेरिकी म्यागजिनमा प्रकाशित सुन्दरीको चित्रमा आरोपित गरी भोग गर्ने मानसिकतामा पुगेको छ । उसले आफ्नी श्रीमतीको श्वासमा पायरियाको दुर्गन्ध पाउँछ र ऊ श्रीमतीप्रति विकर्षित हुन पुग्छ । आफ्नो स्वतन्त्र अस्तित्वका लागि पात्रहरूले गरेको सङ्घर्षलाई यस साक्ष्य मार्फत यसरी देखाउन सकिन्छ :

*छिः पहेलो दाँत, हरियो पल्टेको ओठ शायद दाँत नमाझेर पायरिया लागेको होला कति सास गन्हाउँदो हो । के छ र त्यो लाटीमा ? स्वास्नीमान्छे भनेर चिन्हाउने एउटा आकृति छ ।*

*ऊ कहाँ हो र स्वास्नीमान्छे ? उसको जीउबाट स्वास्नीमान्छेको मासुको बास्ना आउँछ। बस त्यति हो। म आफू चोखो र चोखो बँचेर निस्कन चाहन्छु। एकैछिनमा पायरियाको नमिठो गन्ध मेरै छेउबाट आएको पाउँछु, म मेरी स्वास्नीको ओठ हरियो देख्न थाल्छु। मलाई मेरी स्वास्नीसँग घृणा आउँछ। मलाई स्वास्नी मान्छेसँग घृणा लागेर आउँछ* ( पृ.५४)।

यस साक्ष्यमा समाजमा नारीहरूलाई पुरुषका उपभोग्य वस्तुका रूपमा रहेको देखाइएको छ। लाटी र समाख्याताकी श्रीमतीलाई हेर्ने पुरुषवादी दृष्टिकोण समान रहेको छ। यी दुवै नारीले पुरुषको प्रभुत्व र प्रताडना पाएका छन्। समाख्याताका दृष्टिमा उनीहरू दुवै घृणाका पात्र बनेका छन्। उनीहरू उपेक्षित, उत्पीडित र प्रताडित नारी भएर पनि आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरिरहेका छन्। समाख्याता, पुलिस, रिक्सावाल र टुरिस्ट गाइड पितृसत्तात्मक समाजका प्रतिनिधि भएकाले उनीहरू हरेक सन्दर्भमा संरक्षित र सम्मानित छन्। उनीहरूका अपराधलाई वैधानिकता प्राप्त छ। यसरी कथामा लैङ्गिक रूपमा यौनशोषण, उत्पीडन र प्रताडना सहन बाध्य नारी पात्रहरू आफ्नो अस्तित्व रक्षाका लागि सङ्घर्ष गरिरहे तापनि उनीहरूले आफ्नो चयनको स्वतन्त्रता प्राप्त गर्न सकेका छैनन्।

### ३. उद्देश्यमा चयन स्वतन्त्रताका सूचकहरू

यस कथाकी नायिका लाटी हो। ऊ सीमान्तकृत नारी समुदायकी प्रतिनिधि चरित्र हो। उसले फरक क्षमता भएका समुदायको प्रतिनिधित्व गरेकी छ। तत्कालीन ऐतिहासिक परिप्रेक्ष्यले उसललाई पागल घोषित गरेको छ। उसले यौनतृप्तिको साधन बनाइएकाबाट समाजमा परित्यक्ता र उपेक्षित नारीहरूको प्रतिनिधित्व गरेकी छ। नारीमाथि यौन शोषण गरी अवैध रूपमा बच्चा जन्माउन बाध्य बनाएर त्यसलाई स्वीकार गर्न नसक्ने कथित सभ्य समुदायका कारण खोला, बगर र सडकमा फालिएका एवम् पहिचानविहीन भएर देवालय, मन्दिर, पाटी र सत्तलमा बेवारिसे जीवन बाँचिरहेका ऊ जस्ता कैयौँ नारी समुदाय रहेका छन्। पुरुष प्रधान सत्ताले एकातिर लाटीकी आमाले जन्माएको बच्चालाई पाप र अपराधको संज्ञा दिई नवजात शिशुलाई घरबाहिर फ्याक्नुपर्ने र अर्कातिर लाटीले पनि आमाकै नियति भोग्नुपर्ने परिस्थिति रहेको छ। लाटी र उसकी कुमारी आमाले समेत समाजबाट प्रताडना सहनु परेको छ। लाटीकी आमा पनि उत्पीडित नारी हो। केन्द्रमा पुरुष रहेको हुँदा ऊ

जस्ता अविवाहित आमाहरू आफूले जन्माएका सन्तानलाई पुरुषसत्ताका निर्देशनमा घरबाहिर फ्याँक्न बाध्य बनाइएका छन् ।

**४. बिम्ब प्रयोगमा चयनस्वतन्त्रताका सूचकहरू**

प्रकृतिले मानवीय स्वभाव र गुण प्रदान गर्ने बेलामा गरेको कन्जुसी र समाजमा मान्छेले मान्छेलाई चिर्थोन गरेका दुष्कृत्यलाई कथाकारले बिम्बात्मक तरिकाले देखाउने प्रयत्न गरेको

देखिन्छ । यहाँ जवानीको प्रस्फुटनका रूपमा तिउरीलाई बिम्ब बनाइएको छ । त्यसै गरेर पायरीयालाई दुर्गन्धित भएको देख्ने कथाकारले सामाजिक विकृतिलाई यहाँ देखाउन खोजेकी छन् । मन्दिरका पेटीमा बास बस्ने त्यही पागल, लाटी, बेवारिसे केटीको पायरियायुक्त दाँतले भरिएका मुखमा चुम्बन गर्न र त्यसलाई सम्भोग गर्ने पुरुषको मानसिकतालाई कथाकारले बिम्बात्मक तरिकाले देखाउन खोजेको देखिन्छ । बलात्कृत अवस्थाकी त्यस लाटीको जवानी बरू तिउरीको फूलझैँ सुन्दर र शुभ उत्सवको मेहेन्दीको काम गर्न सफल हुन्छ र म पात्रको बलात्कारी दु:साहस समाजमा दुर्गन्ध फैल्याउने र मूल्यका जरा उखेल्ने पाइरिया हुन सक्छ भन्ने बिम्बात्मक सूचकहरू यस कथामा देख्न सकिन्छ । लाटी मागेर होइन श्रम गरेर पेट पाल्छे । जतिसुकै श्रम गरे पनि श्रमको उसले उचित ज्याला त पाएकी छैन तर पनि उसले आफ्नो अस्तित्व रक्षाका लागि भने हार मानेकी छैन । लाटी रजस्वला भएका अवस्थामा अरूसँग नछोइन र नदेखिन बारपसलको छाप्रोनिर पुगेकी हुँदा उपल्लोजातीय समुदायमा हुने सचेतता उसमा रहेको छ। यस प्रकार यस कथामा आएकी लाटी र समाख्याताकी श्रीमती आफ्नो अस्तित्वको लागि सङ्घर्ष गरिरहेको तथ्यलाई कथाकारले देखाउन खोजेकी देखिन्छ ।

**३.२.३ निर्माणको मोडेल समयभित्र कथाको विश्लेषण**

**१. कथानकमा चयन स्वतन्त्रताका सूचकहरू**

कथामा सडक निर्माण कार्यमा संलग्न ज्यामी तथा मजदुर समुदायले जीवन भोगाइको क्रममा आएका विविध समस्या र ती समस्याको निराकरणका लागि पात्रले गरेको अस्तित्वको सङ्घर्षलाई पात्रको कार्यव्यापारका माध्यमबाट देखाउन खोजिएको छ । सडक निर्माणमा संलग्न ज्यामीहरूमाथि गरिएको ज्यादती तथा महिला ज्यामीमाथि गरिएको यौन

दुर्व्यवहार नै यस कथामा आएको मुख्य  विषय हो । यसमा रोलर चालक, महिला तथा परुष ज्यामीहरू, नाइके, ओभरसियर, इञ्जिनियर लगायतका सडक निर्माणसँग सम्बद्ध समुदाय तथा कलेज पढ्ने  ठिटाहरूको उपस्थिति रहेको छ । बिहानदेखि बेलुकासम्म सडक निर्माणमा संलग्न श्रमजीवी समुदायको दिनचर्या नै यस कथाको सेरोफेरो हो । यस कथाको समाख्याता रोलर चालक म पात्र हो । सडक निर्माणमा संलग्न मजदुरहरू सामाजिक रूपमा उत्पीडित र उपेक्षित, आर्थिक रूपमा शोषित र राजनीतिक रूपमा किनारीकृत बनाइएका छन् । तलको साक्ष्यले निम्न वर्गीय ज्यामी समुदायले आफ्नो जीवनको अस्तित्व चाहनाका लागि गरेको सङ्घर्षको पाटोलाई दखाउन खोजेको छ :

*अब यो सडक बाफिन्छ अनि आफ्नै पसिना र जीनको बाक्लो आवरणभित्रको सतहमा बाफिनुपर्छ । ज्यामीहरू अग्राखको आगो वरिपरि र पग्लेको पीचको छेउछाउ घाम नउदाउँदैखेरि  बाफिइसके, एउटा असामयिक बाध्यता । रोलरको घर्र...आवाज म र मेरो गति एकनास चल्दैछ, चल्दै जान्छ* (पृ. ६९) ।

यस साक्ष्यले सडक निर्माण कार्यमा लगाइएका निम्न वर्गीय ज्यामी समुदायको जीवनपद्धतिलाई जीवन्त रूपमा प्रतिनिधित्व गरेको छ । निर्माण गर्नु पर्छ भन्ने नारा उर्लेको समयले जन्माएको परिवेशमा रोलर चालक र उसलाई नास्ता खुवाउने होटलवाल्नी, विद्यालय, महाविद्यालय जाने, आउने विद्यार्थीका हुल यस कथामा आएका पात्रहरू हुन् । यी पात्रहरूले आफ्नो अस्तित्व रक्षाका लागि सङ्घर्ष गर्ने प्रयास गरेका छन् । विभिन्न स्वभाव, धर्म र क्षेत्रका पात्रहरूको प्रयोग भएको प्रस्तुत कथाले नेपाली समाजमा भौतिक र मानसिक निर्माणको अभियान समयक्रमकै आधारमा सञ्चालित मान अस्तित्वका लागि गरेको सङ्घर्षलाई देखाउन खोजेकी छन् ।

## २. पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

विभिन्न स्वभाव, धर्म र क्षेत्रका पात्रहरू प्रयोग गरिएको यस कथामा होटलवाल्नी, विद्यालय, महाविद्यालय जाने, आउने विद्यार्थीका हुल यस कथामा आएका पात्रहरू हुन् ।     उनीहरू अग्राखको आगो र पग्लेको तातो पिचमा पसिना चुहाउँदै ओभरटाइम गर्न बाध्य भएका छन् । जतिसुकै अधिक समय काममा खटिए पनि ज्यामीहरू भटमास र लट्टेको साग अनि चिउरा र भुटेको मकैको फाँकोले जीवन धान्न बाध्य भएका छन् त्यसैले उनीहरू शोषित,

उत्पीडित मजदुर समुदाय हुन् । अस्तित्ववादमा शून्यता, चिन्ता, त्रास, मृत्यु र विसङ्गति जस्ता कुराहरूको अत्यधिक चर्चा पाइन्छ। यस दर्शनले मानव अस्तित्वका त्यस्ता समस्याहरूलाई  कोट्याउँछ, जसलाई साधारण मानिसहरू अस्वस्थ ठान्छन् र सचेत रूपमा दवाएर राख्नु उपयुक्त मान्दछन् ।

यस कथामा दीर्घकालीन इतिहास बोकेका श्रमजीवी समुदायको अस्तित्वलाई उजागर गर्न खोजिएको छ। त्यसैले कथाकार  ऐतिहासिक र सामाजिक निर्मितिका रूपमा दुःखद र कष्टकर जीवनयापन गरिरहेको ज्यामी, चालक जस्ता श्रमजीवी मजदुर समुदायका अस्तित्वलाई बचाउन यो कथामा सफल भएको मानिन्छ ।

कथामा लैङ्गिक प्रसङ्ग पनि देखाइएको छ। ज्यामी काम गर्ने युवतीहरू र नाइकेकी श्रीमतीले नारी समुदायको प्रतिनिधित्व भएको छ। नारी समुदायका लागि लैङ्गिक उत्पीडन र वर्गीय शोषणलाई यस कथामा देखाउन खोजिएको छ। ज्यामी युवतीहरू काममा आएका बेला नाइकेका वरिपरि झुम्मिएर बस्नुपर्ने र उसको निर्देशनमा कठपुतली बन्नु परेको छ। उनीहरू  चरम यौनिक उत्पीडनमा परेका छन्। काम गर्ने ठाउँमा अस्मिताको जोखिममा परेका, आर्थिक शोषित र लैङ्गिक रूपमा उत्पीडित नारी समुदायको अस्तित्वको रक्षा हुन सकेको छैन ।

### ३. उद्देश्यमा चयन स्वतन्त्रताका सूचकहरू

नेपाली समाजमा भौतिक र मानसिक निर्माणको अभियान क्रमको आधारमा सञ्चालित जीवन मूल्यलाई मूल्याङ्कन गर्दै मान्छेको जीवन र स्वतन्त्रका पाटाहरूलाई केलाउने काम यो कथामा गरिएको छ। दिनभर परिश्रमका पसिना चुहाएर पनि एक पेट खानका लागि धौधौ पर्ने विवश मान्छेको यथार्थ देखाउन खोज्नु नै यो कथाको उद्देश्य रहेको देखिन्छ। प्राविधिक शासकहरूका आदेशमा बाँच्न विवश श्रमिकहरूको जीवनलाई देखाउन लेखकले यस कथालाई आधार बनाएको उदाहरण तलको साक्ष्यले पुष्टि गर्दछ :

*एक जमात ज्यामीहरूमाथि सधैँ रोलर भएर नाइके पेलिन्छ। रोलरजस्तै नाइके तर नाइके इतिहास होइन। म रोलरलाई एक मोड दिन खोज्दै घोरिन्छु। खोइ ? कहाँ मोड्ने यो रोलर? कहाँ मोड्ने यो इतिहास ? (पृ. ७१ )।*

आफ्नो अस्तित्व रक्षाका लागि पात्रहरूले गरेको  सङ्घर्षका माध्यमबाट लेखकले चयन स्वतन्त्रतालाई देखाएको देखिन्छ ।

**४. बिम्ब प्रयोगमा चयनस्वतन्त्रताका सूचकहरू**

गरिब एवम् निम्न वर्गका मान्छेहरूको जीवनको वास्तविकतालाई प्रस्तुत गरिएको यस कथामा बिम्ब प्रयोगका दृष्टिले पनि चयन स्वतन्त्रताका सूचकहरू देख्न सकिन्छ जुन कुरालाई यसरी देखाउन सकिन्छ :

*एक जमात ज्यामीहरूमाथि सधैँ रोलर भएर नाइके पेलिन्छ । रोलर जस्तै नाइके तर नाइके इतिहास होइन (पृ. ७१) ।*

*हामी मात्र एउटा सडक निर्माणको अधुरो अवधिसँग किन आएका विवश अस्तित्वहरू ? ( पृ. ७२) ।*

*हामी असङ्ख्य पानीका छालहरू हौँ र निर्माण काकाकुल हौँ ( पृ. ७२) ।*

माथिका साक्ष्यहरूमा प्राविधिक शासकहरूका आदेशमा बाँच्न विवश श्रमिकहरूले आफ्नो अस्तित्व रक्षाका लागि लडिरहेको सन्दर्भलाई बिम्बात्मक प्रस्तुति देख्न सकिन्छ । श्रमिकहरू सधैँ आफू रोलर हुनुपर्ने, शासकको निर्देशनमा आफूलाई समाहित गरेर पनि भनेजस्तो स्वतन्तता प्राप्त गर्न नसकेको यथार्थ यस कथामा आएको देखिन्छ ।

## ३.२.४ बीसौँ शताब्दी एउटा गल्लीमा कथाको विश्लेषण

**१. कथानकमा चयन स्वतन्त्रताका सूचकहरू**

कथामा प्रस्तुत म पात्र टयुमर रोगी रहेको छ । उसको उपचार रेडियम लगाएर गरिएको छ । एक वर्षपछि मर्ने भन्ने निश्चित भएको म पात्र आजै मरेर मृत्युलाई मारिदिने कुरा सोच्छ । यस प्रसङ्बाट कथाको कथानकमा चयन स्वतन्त्रताका सूचकहरू देख्न सकिन्छ । कथामा मान्छेले आफ्नो सीमित स्वार्थलाई त्याग्न नसक्दा आफू मात्रै बाँच्ने वातावरण सृजना गरेको छ भन्ने प्रसङ्ग आएको छ । मान्छे काम आफू गर्छ तर त्यही कामको परिणाम नराम्रो भयो भने दोष अरूलाई दिन्छ । कथामा आएका पात्रहरू आफ्नो चयन स्वतन्त्रताको सङ्घर्ष गरिहेका छन् । कथामा प्रयुक्त पात्र पसल्नीले बच्चा पाउन लाग्दा पसलेले गाली गर्दै उसको

अस्तित्वलाई नै बुझ्ने प्रयास गर्दैन तर पनि पसल्नीले आफ्नो स्वन्तत्रताका लागि आफ्नो सङ्घर्षलाई भने अन्त्य गरेकी छैन। अस्तित्व बचाउनका लागि यस कथामा भएका पात्रहरूले आफ्नो ठाउँबाट सक्दो प्रयास गरेको सन्दर्भलाई तलको साक्ष्य मार्फत प्रस्ट पार्न सकिन्छ :

*मैला पानीले पनि निकासा हुन नपाउनु ? जाबो यो पानीले पनि बग्ने बाटो नपाउनु ? नगरपालकहाँ जान्छु, यो बाटो नखुलाए त के । हरे ! हाम्रो चोक हाम्रो गल्ली । यहाँ चामलले निकासा हुन नपाउनु ? घ्युले निकासा हुन नपाउनु ? मैला पानीले नपाउनु ?* (पृ. २७)

अस्तित्ववादका अनुसार  शून्यता, निराशा, विसङ्गति आदि प्रत्येक मानवीय अस्तित्वको अनिवार्य सर्त हो । अस्तित्व दुःखपूर्ण छ भन्ने अस्तित्ववादीहरूको भनाइ अनुसार नै माथि आएको कथांशका माध्यमबाट कथामा आएको प्रसङ्गले पात्रको चयन स्वतन्त्रतालाई कथाकारले देखाउन खोजेको देखिन्छ । कथाकारले यस कथामा म पात्रको आफ्नो विवरण, पसले र पसल्नीको चित्र, काजी र युवतीको भनाभनले पनि कथाका पात्रहरूले आफ्नो अस्तित्व रक्षाका लागि सङ्घर्ष गरिरहेका छन् भन्ने कुराको सङ्केत गरेको देखिन्छ ।

## २. पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

म पात्रले आफूलाई पाङ्री कुकुरको लाससँग तुलना गर्नु, छोरा जन्मिएपछि पसलेले पत्नीलाई स्याबासी दिनु, तर बालक जन्मने बितिकै मर्नु, मानिसको जन्मसँगै मृत्यु पनि जन्मिन्छ भन्ने कुरा बोध हुनु आदि जस्ता घटनाहरू कारण पात्रहरूको कार्यव्यापारमा चयन स्वतन्त्रताका सूचकहरू देखिन्छन् ।  कथामा रहेकी युवती पात्र पनि आफ्नो अस्तित्व रक्षाका लागि काजीसँग बाझ्ने अवस्थामा पुगेकी छ । काजीले युवतीलाई नकचरी भनेर गाली गरेको छ । पात्रको चरित्रचित्रणमा देखिएका केही चयन स्वतन्त्रताका सूचकहरूलाई यसरी देखाउन सकिन्छ :

*मोरी छोराछोरी नपा भन्दा मान्दिनस् । अब त माइतै गएर बस् । चार पाँच वर्षसम्म नआइज  (पृ. २३) ।*

*सुक्क सुक्क पसल्नी रुँदैछे । (पृ.२३)*

*हो मर्नपर्छ खानलाई सायद यिनीहरूको कचिङ्गलले अब सुत्न पनि नदिने हो कि ? (पृ. २५)*

आफ्नो पेटको कथाबाट सुरु भएको यस कथाको कथानकमा गल्लीको पसले, पसल्नी, काजी र युवती, छिमेकी हुँदै विश्वको स्थितिमा पुगेर मानिस भएका सबै ठाउँमा यस्तै हुन्छ र त्यसैमा रमाएर आफ्नो अस्तित्व खोज्नुपर्छ भन्ने कुरालाई पात्रको चरित्रबाट प्रस्ट हुन सकिन्छ ।

### ३. उद्देश्यमा  चयन स्वतन्त्रताका सूचकहरू

**बीसौँ शताब्दी एउटा गल्लीमा** कथामा म पात्रको आफ्नो विवरण, पसले र पसल्नीको चित्र, काजी र युवतीको भनाभन आदिले यस कथाको उद्देश्यसँग सम्बन्ध देखाएर यस कथामा आएको पात्रका माध्यमबाट हरेक मान्छेको चयन स्वतन्त्रताको मूल्याङ्कन गर्न खोजिएको छ। सामान्य व्यवहारको चर्चा गर्ने क्रममा कथाकारले मान्छेको अस्तित्वको प्रसङ्गलाई पात्रको कार्यव्यापारबाट देखाउन खोजेको देखिन्छ । यस कथाको हरेक घटनामा मान्छे आफैँ मुछिएको छ र त्यसरी मुछिएको  मान्छेले आफ्नो अस्तित्व प्राप्तिका लागि भने सङ्घर्ष गर्न छाडेको छैन । नचाहेर पनि मान्छे कसरी विवश हुन्छ र उसले कसरी त्यही विवशतामा रमाउन बाध्य हुनुपर्छ भन्ने कुरालाई अस्तित्ववादी कोणबाट यो कथालाई प्रस्तुत गरिएको छ ।

### ४.बिम्ब प्रयोगमा चयनस्वतन्त्रताका सूचकहरू

बीसौँ शताब्दी एउटा गल्लीमा कथाले प्रतीकात्मक उद्देश्य बोकेको देखिन्छ। बीसौँ शताब्दीमा आइपुग्दा पनि मान्छेले आफ्नो सीमित स्वार्थलाई त्याग्न नसकेको कुरालाई कथाकारले यस कथामार्फत देखाउन खोजेको देखिन्छ।  मान्छेले काम चाहिँ आफू नराम्रो गर्छ तर त्यही कामको दोष चाहिँ अरुलाई लगाएर आफू चाहिँ पानीमाथिको ओभानो बन्न चाहन्छ  भन्ने बिम्बात्मक सूचकहरूलाई यस कथाले देखाउन खोजेको छ । पसल्नीले बच्चा पाउँदा पसलेले गाली गर्दै मोरी छोराछोरी धेरै नपा, अब तँ माइतै गएर बस् भनेको छ । यो कथन बिम्बात्मक छ । पसलेको विकृत मानसिकताभित्र पनि पसल्नीले आफ्नो अस्तित्वलाई मर्न दिएकी छैन । म पात्रको पेट दुखाइको प्रसङ्ग नै यो कथाको बिम्बात्मक सूचक हो जसको कारणले शताब्दी नै दुखेको छ जसका कारणले मान्छेहरू अस्तित्वको खोजमा छन् भन्ने कुरालाई यस कथाले प्रस्तुत गर्न खोजेको देखिन्छ ।

### ३.२.५ मैले नजन्माएको छोरो कथाको विश्लेषण

#### १. कथानकमा चयन स्वतन्त्रताका सूचकहरू

**मैले नजन्माएको छोरो** आत्मप्रवचना, यौन र जीवन समेतको दुर्नियतिलाई समाजको विकृत सभ्यताका परिवेशमा उभ्याएर त्यसबाट एउटी नारीको अस्तित्वलाई प्रस्तुत गरिएको कथा हो । होली पर्वको अवसर, स्कुल र पसल जस्ता संस्कार र समाजका परिवेश र जीवनका शैलीका चापमा उभिएर जीवन गुजारा गरिरहेकी म पात्रको अस्तित्वको प्रश्न यस कथामा आएको छ । मैले नजन्माएको छोरो आत्मगत कथा हो । नारीमा आफूभन्दा १५/२० वर्ष पाकै उमेरकी नारी भए पनि पत्नी बोध गर्ने गुण प्राकृतिक रूपमा निहित हुन्छ भन्ने आशय यस कथामा रहेको पाइन्छ । नारी अस्तित्व सन्तानको अधिकार प्रयोगमा पग्लन खोज्छ भन्ने मान्यतालाई तलको साक्ष्यले प्रस्ट पार्न सक्छ :

*त्यो झ्याल नौलो लाग्छ, रमाइलो लाग्छ अनि फेरि आफैँलाई बिरामी अनुभव गर्छु । तर के कुरा, यस्तो चन्चलता अघि मलाई कहिल्यै आएन । सम्झन अथवा बिर्सन मसँग कुनै विषय नै थिएन* (पृ.४१) ।

#### २.पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

यस कथामा प्रयुक्त म पात्रले आफ्नो स्वतन्त्र अस्तित्वका लागि सङ्घर्ष गरेको देखिन्छ । प्रस्तुत म पात्रमा वरणस्वतन्त्रतासँगै उत्तरदायित्वको भावना पनि आएको देखिन्छ । प्रस्तुत नारी म पात्रको अस्तित्वशीलताको उदाहरणको रूपमा उसले त्यो केटाबाट स्वतन्त्रता प्राप्तिको असीम आशक्तिलाई पनि प्रस्तुत गरेको देखिन्छ । आफू आफ्नै स्वतन्त्र निर्णयको परिणति भएका कारण यस कथामा प्रयुक्त म पात्रको उत्तरदायित्वलाई पनि अस्तित्वको एउटा पाटोका रूपमा लिनु पर्छ भन्ने विचारलाई यस कथाले प्रस्तुत गर्न खोजेको छ ।

#### ३.उद्देश्यमा  चयन स्वतन्त्रताका सूचकहरू

मैले नजन्माएको छोरो कथामा विकीर्ण चिन्तनका पोखाइबाट शारीरकि स्वस्थता प्राप्त गर्नु र मान्छेको सोचाइ र  व्यवहारमा आएको परिवर्तन देखाउनु यस कथाको उद्देश्य रहेको देखिन्छ । नारी मनका दमित भावना र सामाजिक परिवेशद्वारा त्यसको उद्बोधनले पारेको प्रभावको प्रकटीकरणसँग कथाकारले चयन स्वतन्त्रतालाई देखाउन खोजेको देखिन्छ ।

पारिजातले यस कथामा मनोविज्ञाको पाटालाई प्रस्तुत गरेर चयन स्वतन्त्रता देखाउन खोजेको देखिन्छ । जुन कुरा प्राप्त हुन असम्भव छ त्यतिबेला व्यक्तिका मनमा त्यो व्यक्ति या वस्तुप्रति घृणा, ईर्ष्या द्वेषको भावना जागृत हुन थाल्दछ । यो स्थिति भनेको व्यक्तिले आफ्नो स्वतन्त्रताका लागि अस्तित्वको सङ्घर्ष हो । यस कथामा पनि म पात्रले त्यो सानो केटाको फरक व्यवहारप्रति जब घृणा पैदा गर्दछिन् तब त्यस केटालाई आफ्नो स्मरणबाट हटाएर आफू स्वतन्त्र हुन चाहेको देखिन्छ ।

### ४. बिम्ब प्रयोगमा चयनस्वतन्त्रताका सूचकहरू

नारी अस्तित्वसँग सम्बन्धित यस कथामा पारिजातले नारीको जीवनलाई अस्तित्वको घेरामा राखेर हेरेको देखिन्छ । एउटी अविवाहित नारीले एउटा अर्कैले जन्माएको छोरोप्रति राखेको स्नेहले आफ्नो व्यक्तिगत जीवनसँग कति सकारात्मक प्रभाव राख्छ र कति नकारात्मक प्रभाव पार्न सक्छ भन्ने मानसिकतालाई यस कथामा देखाउन खोजिएको देखिन्छ । यस कथामा आएका बिम्बात्मक चयन स्वतन्त्रताका सूचकहरूलाई यसरी देखाउन सकिन्छ :

*हामी पनि छोरो छोरो भन्दाभन्दै जन्मँदै गएका छोराछोरी हौँ (पृ. ४३) ।*
*म कातर स्वभावको छु (पृ. ४०) ।*
*म कसैसँग बोल्दिनँ, कसैसँग आँखा जुधाउँदिनँ (पृ. ४०) ।*

नारी अस्तित्वको प्रश्नलाई बिम्बात्मक भाषामा लेखिएको यस कथामा पारिजातले काल्पनिक शक्तिको प्रयोग गर्दागर्दै पनि कथामा अस्तित्वको रक्षाका लागि आफूले स्वतन्त्रता नै चाहेको देखिन्छ ।

## ३.२.६ एक उडानमा कथाको विश्लेषण

### १. कथानकमा चयन स्वतन्त्रताका सूचकहरू

एक उडान कथामा छोटो हवाइ यात्रामा देखिएका घटनाहरूलाई अस्तित्ववादी आँखाले कथाकारले देखाउन खोजेको देखिन्छ । मानवको अस्तित्व कसरी जोगाउन सक्नुपर्छ भन्ने मूल मर्ममा केन्द्रित भएर लेखिएको यस कथामा सोफिया नामकी पात्रलाई भोक्ता पात्र बनाएर लेखकले मान्छेको अस्तित्वको प्रश्न उठाएको देखिन्छ । मान्छेले आफ्नो चयन स्वतन्त्रताका लागि गरेको प्रयासलाई सोफिया पात्रका माध्यमबाट यस कथामा प्रस्तुत

गरिएको छ। जीवनको सङ्क्षिप्त आकृति एक क्षणको रमझममा सीमित हुन दिन नहुने लेखकीय दृष्टि यस कथामा आएको देखिन्छ। हवाइ यात्रामा पनि नारीको अस्मिता कसरी जोखिममा पर्न सक्छ र नारीले कसरी आफ्नो अस्मिताको लडाइँमा सरिक हुनुपर्छ भन्ने सारमा यो कथा रहेको छ। परिचारिका सोफियाको शरीर देखेर हिंसात्मक बनेको भिआइपी मान्छेको जालबाट बच्न सोफियाले गरेको स्वतन्त्रताको यात्रालाई यस कथाको प्रमुख कथानक बनाइएको छ।

## २. पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

एउटा छोटो हवाइयात्राको क्षणलाई समावेश गरिएको कथा हो। सोफिया प्रस्तुत कथाको अस्तित्वको सङ्घर्षमा उत्रिएकी पात्र हो। विमान परिचारिका सोफिया हरेक समय लोलाउन बाध्य भएकी छ। सोफिया चुरोट, रक्सी कुराहरूसँग पनि नजिक रहेकी छे। एउटी नारीको अस्तित्व एवम् उसको यौन शोषण कसरी भइरहेको छ। जहाजको तेस्रो सिटमा बसेको भिआइपी मान्छेले सोफियालाई गरेको यौनिक हिंसा र सोफियाले त्यस भिआइपी मान्छेसँग बँच्न गरेको सङ्घर्ष उसको चयन स्वतन्त्रताको उदाहरण हो। यस कुरालालाई तलको साक्ष्यले प्रस्ट पार्दछ :

*गतिलो टाउको, गतिलो सुट आजको भि.आइ.पी. उसलाई आँखाको इशाराले बोलाउँछ र कफीको माग गर्छ। ऊ अलि अलि काम्दो हातले कफीको कप प्रस्तुत गर्छे। कफी सिद्धिएपछि भि.आइ.पी.ले फेरि उसलाई बोलाउँछ र खल्लीबाट आफ्नो परिचय लेखिएको कार्ड दिन्छ र एकपल्ट त्यो नरम हातलाई निचोर्छ* (पृ.४९)।

माथिको साक्ष्यलाई हेर्दा यस कथाकी नारी चरित्र सोफियाको शरीर देखेर आकर्षित भएको भिआइपी मान्छेको चरित्रप्रति सोफियाले प्रतिकार गरेर आफ्नो वरण स्वतन्त्रता कायम गर्न सङ्घर्ष गरेकी छ। सोफियाले आफ्नो स्वतन्त्रताप्रतिको बाटोमा यात्रा गरेकी छ।

## ३. उद्देश्यमा  चयन स्वतन्त्रताका सूचकहरू

मानवको अस्तित्वसँग सम्बन्ध राखेर लेखिको यस कथामा  सोफिया नामकी पात्रलाई भोक्ता पात्र बनाएर लेखकले मान्छेको अस्तित्वको प्रश्न उठाएको देखिन्छ, जस्तै :

*आजको उसको उडान सिद्धिछ । आजको उडानमा उसले धेरै नचाहिँदा कुरा सोचेकी छ । त्यसैले ऊ धेरै थाकेकी छ । ब्यागबाट युडिकोलोन चोपलेको रुमाल झिकेर ओठ र निधार पुछ्ने बहाना गर्छे । उसको आँखा अगाडि बीयरको बोतल र रिजेन्ट चुरोट नाच्न थाल्छ अनि ऊ आफैँलाई हलुको र स्वस्थ अनुभव गर्छे (पृ. ५२) ।*

मान्छेले आफ्नो चयन स्वतन्त्रताका लागि गरेको प्रयासलाई सोफिया पात्रका माध्यमबाट यस कथामा प्रस्तुत गरिएको छ । जीवनको सङ्क्षिप्त आकृति एक क्षणको रमझममा सीमित हुन दिन नहुने लेखकीय दृष्टि यस कथामा आएको देखिन्छ । हवाइ यात्रामा पनि नारीको अस्मिता कसरी जोखिममा पर्न सक्छ र नारीले कसरी आफ्नो अस्मिताको लडाइँमा सरिक हुनुपर्छ भन्ने सारमा यो कथा रहेको छ ।

**४.बिम्ब प्रयोगमा चयनस्वतन्त्रताका सूचकहरू**

जीवनको सङ्क्षिप्त आकृति एक क्षणको रमझममा सीमित हुन दिन नहुने लेखकीय दृष्टि यस कथामा आएको देखिन्छ । हवाइ यात्रामा पनि नारीको अस्मिता कसरी जोखिममा पर्न सक्छ र नारीले कसरी आफ्नो अस्मिताको लडाइँमा सरिक हुनुपर्छ भन्ने बिम्बात्मक अस्तित्वको सूचकलाई यसरी देखाउन सकिन्छ :

*भि.आइ.पी. उसलाई आँखाको इशाराले बोलाउँछ र कफीको माग गर्छ । ऊ अलिअलि काम्दो हातले कफीको कप प्रस्तुत गर्छे (पृ.४९) ।*

*मेरा प्रत्येक कलिला र फुक्का भावनाहरूको कसरी हत्या गरिदिएका छन् मेरो दाज्यूले ( पृ.४९)*

*तिमीलाई डर लाग्दैन ? सोफिया तिमी विवाह गर्दिनौ ? सोफिया तिम्रो प्रेम कस्तो छ ? (पृ. ५१) ।*

यस कथामा हवाइ यात्रामा रहेकी परिचारिका सोफियाको जीवनको अस्तित्वलाई कथाकारले देखाउन खोजेको देखिन्छ । भिआइपी जस्ता मान्छेहरू सोफिया जस्ता नारीको शरीरप्रति आकर्षण भएको देखाएर नारी हरेक ठाउँमा असुरक्षित छे भन्ने देखाउनका लागि कथाकारले यस कथामा बिम्बात्मक भाषशैलीको प्रयोग गरेर चयन स्वतन्त्रताका सङ्केतहरू देखाउन खोजेको देखिन्छ ।

## ३.२.७ सधैं बित्नुपर्ने हामी कथाको विश्लेषण

### १. कथानकमा चयन स्वतन्त्रताका सूचकहरू

सधैँ बित्नुपर्ने हामी कथा म पुरुष पात्रले आफ्नो जीवनमा घटेका घटनाहरूलाई अस्तित्वको कोणबाट प्रस्तुत गरेको देखिन्छ । कथामा मान्छेमा निहित प्रेम भाव र त्यसको अस्तित्वलाई देखाउन खोजिएको छ । यस कथामा  म पात्र पुरुषले आफ्नो जीवनमा घटेका घटनालाई प्रमुख विषयका रूपमा प्रस्तुत गरेको छ । शारीरिक सुन्दरतामा मख्ख पर्दै बेबीको रूपाकृति प्रस्तुत गर्दै अस्तित्वको खोज गरिएको छ। आत्मपीडा र स्वप्रवन्चनाका स्वरूपहरूलाई देखाएर त्यसैका बीचबाट मान्छेको अस्तित्वलाई खोज्नका लागि कथाकार प्रयत्नशील रहेको देखिन्छ ।

### २.पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

किशोर अवस्थामा भर्खर प्रवेश गर्दै आएकी केटीको चरित्रलाई यस कथामा प्रस्तुत गरिएको छ । बेबीको कैशोर्यमा देखिने उन्मादमा निस्सारताको पूर्वाभास देख्ने कथाकारले यस कथामा चयन स्वतन्त्रताको पक्षलाई तलको  साक्ष्य मार्फत देखाउन खोजेको देखिन्छ :

*बेबी र म हामी दुइटैको एउटा मिलित क्षण र एउटा संलग्न खुसियाली यो कुनै इतिहास त होइन । कुनै कथा त होइन । तर मलाई अगाध सन्तुष्टि छ । हामी बित्नुको कुनै झस्को मलाई लाग्दैन र बेबीलाई पनि आहा ! (पृ. ३७) ।*

आफ्नो जीवनको भोगाई, चिन्तनको अवस्था र प्रस्तुतीकरणको स्वरूपलाई हेर्दा यहाँ पात्रले आफ्नो चयन स्वतन्त्रताका लागि हरेक रूपबाट उठाएर सङ्घर्ष गर्नु परेको देखाउन खोजिएको छ। आफ्नो अस्तित्वका लागि रोगले गालेको अवस्थामा पनि मरीमरी बाँच्नु परेको यथार्थलाई कथाकारले नकार्न सकेको छैन। त्यसैले यस कथामा आएको विषय र पात्रको भूमिकालाई हेर्दा अस्तित्व रक्षा र स्वतन्त्रताका लागि पात्रहरूले सङ्घर्ष गरिरहेका छन् भन्ने कुरालाई कथाकारले देखाउन खोजेको देखिन्छ ।

### ३. उद्देश्यमा चयन स्वतन्त्रताका सूचकहरू

**सधैँ बित्नुपर्ने हामी** कथामा युगीन परिवेश र सामाजिक दायित्व निर्वाहप्रति आफूलाई उभ्याउनु पर्ने भावलाई लेखकीय दृष्टिकोणका आधारमा देखाउन सकिन्छ । आफ्नो जीवन भोगाइ, चिन्तनको अवस्थालाई कथाकारले यस कथाको पात्रका माध्यमबाट देखाउन खोजेको देखिन्छ । अस्तित्व रक्षाका लागि मान्छेले गर्ने सङ्घर्षलाई यो कथामा देख्न सकिन्छ । पुरुष म पात्र बेबीको शरीरसँग एकाकार भएको छ । बेबी गर्भवती भएको कथामा देखाइएको छ र बेबीको गर्भपतन गराइएको कुराले बेबी जस्ता नारीको अस्मिताको कुरा र पुरुषको भोगवादी दृष्टिकोणलाई लेखकले प्रस्तुत गरेर नारीको अस्मितालाई यस कथामा उठाएको देखिन्छ ।

### ४. बिम्ब प्रयोगमा चयनस्वतन्त्रताका सूचकहरू

लेखकले यस कथामा अस्तित्वको प्रश्नलाई बिम्बात्मक तरिकाले प्रस्तुत गरेको देखिन्छ । यो कथाको शैली विवरणात्मक देखिए पनि कथामा आएको बिम्बात्मक प्रयोगले मान्छेको अस्तित्वको आवाजलाई नै सम्बोधन गरेको देखिन्छ ।

*हामी दुब्लाइसकेका छौँ । तर यो हुनु हाम्रो प्रेम मर्नु होइन । अब हामी सीमाहीन भइसकेका छौँ । सधैँ जून चिताएर हुँदैन, हामीलाई हाम्रो वरिपरि औँसीको व्यापकता पनि चाहिन्छ ( पृ.३८) ।*

प्रस्तुत कथामा आएको कथानकले नै बिम्बात्मक अभिव्यक्ति लिन्छ । म पात्रको व्यवहार र बेबीको अस्तित्व रक्षामा उठेको प्रश्न नै यो कथामा आएको प्रमुख बिम्ब हो ।

## ३.२.८ सिमेन्टीभित्र एउटा राजबेली कथाको विश्लेषण

### १.कथानकमा चयन स्वतन्त्रताका सूचकहरू

**सिमेन्टीभित्र एउटा राजबेली** कथामा पात्रको कल्पनाशक्तिका माध्यमबाट वरणस्तन्त्रतालाई प्रस्तुत गर्न लेखक प्रयत्नशील रहेको देखिन्छ । एउटा कच्ची बाटोको छेउमा लहरे पीपल नजिकै गाडिएको एउटा बिजुलीको सिमेन्टी खम्बालाई कथाकारले म पात्र बनाएर त्यसका माध्यमबाट मान्छेको अस्तित्वलाई खोजिएको छ । खम्बाले आफू उभिएको ठाउँको वर्णन

गरी ममा कुनै आवरण र्छन, नाङ्गो छु, असाध्यै लज्जाहीन नग्नता भन्दै आफ्नो यथार्थको परिचय दिएको देखाएर मान्छेको वरणस्वतन्त्रतालाई कथाकारले देखाउन खोजेको हो भन्ने प्रमाणित हुन्छ ।

**२.पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू**

सिमेन्टीको खम्बाले साँझदेखि बिहानसम्म आफ्ना अगाडि राजबेलीको झाडभित्र भएका घटनालाई प्रस्तुत गरेको प्रसङ्ग देखाउनु भनेको हरेक मानवले आफ्नो अस्तित्वको रेखालाई चिन्न सक्नु पर्दछ भन्न खोजिएको हो । आफू नाङ्गै भएको स्वीकार्नु र चिनचा र हीराकाजी पनि नाङ्गिएको सङ्केत दिनुले यौन संवेग र अचेतन मनको भित्री स्वरूपलाई प्रस्तुत गरेको छ । यस कथाका मुख्य पात्र चिनचा र हिराकाजीको चरित्रबाट मान्छेका मनमा रहेका यौन सुखको चाहनालाई उजागर गरेर हरेक मान्छेको स्वतन्त्र अस्तित्वलाई प्रस्तुत गर्नु हो भन्ने कुरालाई तलको साक्ष्य मार्फत देखाउन सकिन्छ :

*राजबेलीको झाङमुनि खासखुस कुरा गरेको आवाज आउँछ । आज चिनचा घर फर्किन र हीराकाजी पनि । हीराकाजी पनि चिनचाको नरम पाखुरा समातेर आफूतिर तान्छ । र ऊ हाँस्छे । चुरा बज्छ, मसिनो खित्का छुट्छ । चुल्ठोबाट राजबेलीको फूल झरेर बालुवामा पछारिन्छ* (पृ.३२) ।

माथिको साक्ष्यमा आएको सन्दर्भमा सिमेन्टीको खम्बाभित्र पनि यौन चाहना देखाउनु अतियथार्थको सङ्केतका रूपमा देखिए पनि यो एउटा चयन स्वतन्त्रता प्राप्तिको बाटो हो भन्ने कुरा कथाका पात्रको कार्यव्यापारबाट देख्न सकिन्छ ।

**३.उद्देश्यमा चयन स्वतन्त्रताका सूचकहरू**

सिमेन्टीभित्र एउटा राजबेली कथामा कथाकारले फ्रायडीय चिन्तनलाई अस्तित्ववादी कोणबाट प्रस्तुत गरेको देखिन्छ । यसमा आएको म पात्र बिजुलीको खम्बा रहेको छ जसले आफू उभिएको ठाउँको वर्णन गरेको देखाएर मान्छेको अस्तित्वलाई प्रतीकात्मक पारामा देखाइएको छ । खम्बाले नग्नताको वर्णन गर्नु भनेको मान्छेको अस्तित्वको वर्णन हो भन्ने लेखकीय दृष्टि यो कथामा रहेको देखिन्छ ।

### ४. बिम्ब प्रयोगमा चयनस्वतन्त्रताका सूचकहरू

सिमेन्टी भित्र एउटा राजबेली कथामा लेखकले बिम्बात्मक भाषा शैली प्रयोग गरेको देखिन्छ जस्तै :

*असक्त वेदना, राजबेली फूल उसको चुल्ठोभित्र बाँधिएर एकपटक गम्किन्छ । मेरो रङ्गहीन रङ्गमाथि आएर घामका किरण पोतिन्छन् । चिनचा मिरिरि दाँत देखाएर हाँस्छे । सिमेन्टीको लट्टा देखिन्छ (पृ.३०)।*

वर्णनात्मक शैलीमा लेखिएको यस कथाले प्रकृतिको सुन्दर चित्रण गर्दै मान्छेको अस्तित्ववादी स्वरलाई नै मुखरित गरेको छ ।

## ३.२.९ अप्ठ्यारो र अभ्यस्त मान्छे कथाको विश्लेषण

### १.कथानकमा चयन स्वतन्त्रताका सूचकहरू

**अप्ठ्यारो र अभ्यस्त मान्छे** कथामा मनोविकारमा पीरमा पिल्सिएको पुरुष म पात्रको अस्तित्वको प्रश्नलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ। त्यसैले यो कथा प्रकृति एवम् जीवनको तादाम्यतालाई आत्मसात गर्न सफल कथा हो । मान्छेको वरण स्वतन्त्रताका लागि एउटा मान्छेले आफ्नो जीवनभरि कति धेरै सङ्घर्ष गर्नु पर्छ भन्ने यथार्थको आवाजलाई यस कथाका माध्यमबाट कथाकारले देखाउन खोजेको देखिन्छ। यस कथामा मान्छेको मानसिकता , मानसिक संरचना र प्राकृतिक उदारतासमेतलाई अनुकूल वस्तुको चयन गरेर यस्तो प्रकारको कुराको माध्यमबाट मान्छेको स्वतन्त्रताको बाटोलाई देखाउन खोजिएको छ ।

### २.पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

पुरुष म पात्रलाई लिएर लेखिएको यस कथामा सामाजिक विकृति र मनोविज्ञानलाई जोड्दै मानवीय अस्तित्वलाई प्रस्तुत गरिएको छ। यहाँ आएको स्वतन्त्रताको चयन भनेको पात्रले आफ्नो जीवनलाई सहज बनाउनका लागि गरेको चयन स्तन्त्रताको बाटो हो जुन कुरालाई तलको साक्ष्यमा देखाउन सकिन्छ :

*यी फोस्रा कागजका दामहरूसँगै म पनि डट्न र पछारिन सक्छु । मलाई थाह छ जसो गरी यो कागजका नोटहरूको सन्तुलनमा केही छैन त्यस्तै मेरो पनि आफ्नो सन्तुलनमा केही छैन । म पनि एउटा पुङ्माङ मात्र हुँ । मलाई हेरेर किन हाँस्छन् यिनीहरू ?* (पृ. ८९)

माथिको साक्ष्यमा आएको म पात्रको अभिव्यक्तिले चयन स्वतन्त्रताको एउटा पाटोलाई बोलेको छ । म पात्रले आफ्नो अस्तित्वलाई हरण हुन नदिनका लागि अनेक उपाय रचेको देखिन्छ । मान्छेले आफ्नो स्वतन्त्रता गुमाउनु भनेको सबैथोक गुमाउनु हो भन्ने कुरा म पात्रलाई बोध भएको छ त्यसैले ऊ आफूमा जागेको यौन रोगको मानसिक अभिव्यन्जनामा चमेली पात्रसँग साक्षात्कार गर्न चाहेको देखिन्छ । म पात्रले आफ्नो मनको कुरा स्वतन्त्र तरिकाले चमेली पात्रसँग राख्न चाहनुसँग कथाकारले यस किसिमको विषयलाई स्वतन्त्रता प्राप्तिको बाटोका रूपमा हेरेको देखिन्छ ।

### ३. उद्देश्यमा  चयन स्वतन्त्रताका सूचकहरू

मान्छेले आफ्नो स्वतन्त्रता गुमाउनु भनेको सबैथोक गुमाउनु हो भन्ने कुरा म पात्रलाई बोध भएको छ त्यसैले ऊ आफूमा जागेको यौन रोगको मानसिक अभिव्यन्जनामा चमेली पात्रसँग साक्षात्कार गर्न चाहेको देखिन्छ । एउटा मान्छेले आफ्नो जीवनभरि कति धेरै सङ्घर्ष गर्नु पर्छ भन्ने यथार्थको  आवाजलाई यस कथाका माध्यमबाट कथाकारले देखाउन खोजेको देखिन्छ । यस कथामा मान्छेको मानसिकता , मानसिक संरचना र प्राकृतिक उदारतासमेतलाई अनुकूल वस्तुको चयन गरेर यस्तो प्रकारको कुराको माध्यमबाट मान्छेको स्वतन्त्रताको बाटोलाई देखाउन खोजिएको छ ।

### ४.बिम्ब प्रयोगमा चयन स्वतन्त्रताका सूचकहरू

म पात्रले आफ्नो मनको कुरा स्वतन्त्र तरिकाले चमेली पात्रसँग राख्न चाहनुसँग कथाकारले यस किसिमको विषयलाई स्वतन्त्रता प्राप्तिको बाटोका रूपमा हेरेको देखिन्छ । मनोविकारमा पीरमा  पिल्सिएको पुरुष म पात्रको अस्तित्वको प्रश्नलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ । त्यसैले यो कथा प्रकृति एवम् जीवनको तादाम्यतालाई आत्मसात गर्न सफल कथा हो ।

अंखोरा बिम्बले यौनको चाहनालाई सङ्केत गरेको छ भने पानीको वेगले यौनकै आवाज बोलेको छ । खेतको आलीले कोमलतालाई बुझाएको छ । यस कथामा आएको कथानक नै बिम्बात्मक रहेको देखिन्छ ।

### ३.२.१० अनिदो र शून्यता कथाको विश्लेषण

#### १.कथानकमा चयन स्वतन्त्रताका सूचकहरू

**अनिदो र शून्यता** कथामा मान्छेको जीवन शान्तिको अभावमा अस्वस्थ हुन्छ भन्ने कुरालाई सङ्केत गरिएको छ । नेपाली समाज र मान्छेको जीवनको वास्तविकतालाई नाजुक तरिकाले देखाएर यसैबाट मान्छे र समाजको अस्तित्वलाई खोज्नु पर्ने आसयलाई कथाकारले यस कथाका माध्यमबाट प्रस्ट पारेको देखिन्छ । यस कथाकी प्रमुख पात्र मधुको अवस्थाभन्दा नाजुक अवस्था समाजको देखाएर कथाकारले जीवन र जगतलाई फरक ढङ्गले हेरेकी छन् । फरक ढङ्ग भनेको मान्छेले आफ्नो वरण स्वतन्त्रताका लगि कति धेरै सङ्घर्ष गनुपर्छ र मानव जीवनलाई मूर्त रूप दिनका लागि कस्तो सामना गर्नु पर्छ भन्ने मुख्य विषय नै यस कथाको विचार हो । मान्छेको अस्तित्वलाई मान्छेले चिन्न सक्दैन भने वरण स्वतन्त्रताको खोजी व्यर्थ हुन्छ भन्ने भनाइ पनि कथाकारको रहेको देखिन्छ । यस कुरालाई तलको साक्ष्य मार्फत प्रस्ट पार्न सकिन्छ :

*स्वस्थ तन, स्वस्थ मन जम्मामा स्वस्थ प्रकृतिकी माधू हँसिली र जोवनले पूर्ण भएकी थिई । यस्तो अवस्थामा उही पनि तन मनले स्वस्थ भएकी जुनै रात पनि ऊ दश बजेदेखि बिहानसम्म निर्बिरोध सुत्थी । उसलाई प्रकृतिमाथि पूरा विश्वास छ दोस्रो रात उसलाई सङ्कै भएन* (पृ.८१) ।

#### २.पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

शान्तिको अभावमा जीवन अस्वस्थ हुन्छ भन्ने भाव बोकेको कथा अनिदो र शून्यतामा कथाकारले मधु पात्रका माध्यमबाट वरण स्वतन्त्रका लागि आफूले सङ्घर्ष गर्नुपर्ने कुरालाई प्रस्तुत गरेकी छन् । नेपाली समाज र जीवनका वास्तविकतालाई प्रस्तुत गर्ने हो भने यस कथामा प्रयुक्त पात्र मधु नाजुक अवस्थामा रहेको देखिन्छ । मानसिक शान्तिको अभावमा मृत्युसम्मुख पुग्ने आजको समयलाई यो कथाले प्रस्तत गरेको देखिन्छ ।

*असाध्य नियास्रो र दिक्क मानेर डराउँदै छट्पटाउँदै कार्तिकको लामो रात बिताई । ऊ रुन्थी अरुलाई पनि रुवाउँथी, डराउँथी र आफैँले आफ्नो हृदयगतिलाई पनि अनियमित बनाई (पृ. ८१) ।*

माथिको साक्ष्यलाई हेर्दा वर्तमान समयमा मान्छेहरूमा  उब्जिएको अमानवीय भावना एवम् मान्छेमा जागृत विकृति एवम् विसङ्गति हटाउनका लागि स्वतन्त्रताको सङ्घर्ष जारी राख्नुपर्ने कुरालाई अस्तित्वका केन्द्रीयताबाट यो कथामा कथाकारले आफ्नो विचार प्रस्तुत गरेको देखिन्छ ।

**३.उद्देश्यमा  चयनस्वतन्त्रताका सूचकहरू**

प्रस्तुत  कथाकी प्रमुख पात्र मधुका माध्यमबाट आजको समयको यथार्थ प्रतिबिम्ब देखाउने प्रयास कथाकारले गरेका छन् । मान्छेले आफ्नो वरण स्वतन्त्रताका लगि कति धेरै सङ्घर्ष गनुपर्छ र मानव जीवनलाई मूर्त रूप दिनका लागि कस्तो सामना गर्नु पर्छ भन्ने मुख्य विषय नै यस कथाको विचार हो । मान्छेको अस्तित्वलाई मान्छेले चिन्न सक्दैन भने वरण स्वतन्त्रताको खोजी व्यर्थ हुन्छ भन्ने अस्तित्ववादी चिन्तनलाई कथामा व्यक्त पात्रका माध्यमबाट कथाकारले देखाउन खोजेकी छन् ।

**४. बिम्ब प्रयोगमा चयनस्वतन्त्रताका सूचकहरू**

नेपाली समाज र मान्छेको जीवनको वास्तविकतालाई नाजुक तरिकाले देखाएर यसैबाट मान्छे र समाजको अस्तित्वलाई खोज्नु पर्ने आसयलाई कथाकारले यस कथाका माध्यमबाट प्रस्ट पारेको देखिन्छ ।  मान्छेको जीवन शान्तिको अभावमा अस्वस्थ हुन्छ भन्ने कुरालाई सङ्केत गरिएको यस कथाको भाषशैली बिम्बात्मक रहेको देखिन्छ । औँसीमा सुरु भएको, कात्रो ओडाउँदा, उसले नुहाई, भुसिया कुकुर, लाटोकोसेरो आदि जस्ता बिम्बात्मक शब्दको प्रयोगले मधु पात्रले यो विसङ्गत समाज पनि अस्तित्वका लागि सङ्घर्ष गरिरहेकी छ भन्ने अर्थ बोध गराउँदछ ।

## ३.२.११ साइनो ग्रयाटिनको टुक्रासँग कथाको विश्लेषण

### १.कथानकमा चयन स्वतन्त्रताका सूचकहरू

**साइनो ग्रयाटिनको टुक्रासँग** कथामा वर्तमान जीवनको विस्फोटनको स्थितिलाई अस्तित्वका कोणबाट प्रस्तुत गरिएको छ। चुरोटको धुँवा खोकेर जीवनको अस्तित्व खोज्ने मान्छेको कथालाई कथाकारले यस कथामा मान्छेको चयन स्वतन्त्रतालाई पहिलो प्राथमिकता दिएको पाइन्छ। जीवन भनेको ग्रयानीटका कणहरूसँग सम्झौता गरेर बाँचिरहेको छ र यो बाँच्नुको प्रयासमा हरेक मान्छेलाई आफ्नो अस्तित्वलाई खोजिरहेका छन् भन्ने यथार्थलाई कथाकारले यस कथामा देखाउन खोजेको मुख्य विषय सन्दर्भ हो। यस कुराको पुष्टिका लागि तलको साक्ष्यलाई राख्न उपयुक्त हुन्छ :

> *मेरो मुटुको एक हिस्सा, फोक्सोको एक हिस्सा र शरीररको आधा पाखा छोराको मृत्युको घाउले पोलेको छ भने अर्को पाखा छोरीको कुबेलाको मृत्युले पिल्सिएको छ। ऊ आफ्नो सोह्रौँ वसन्तमा क्षयरोगले मरी। मेरो इच्छाको विरूद्ध सायद पोइल नगएकी भए बाँचेकी हुन्थी* (पृ.७७)।

### २.पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

कथामा समाख्याताले उसको कथा भनिरहँदा चयन स्वतन्त्रताका कुराहरू आइरहेका देखिन्छन् जस्तै :

*मुर्दा पोलेको गन्ध तिखारिएर उसको नाकभित्र पस्छ। त्यो अभ्यस्त गन्ध उसलाई थाहा हुन्छ ऊ आफू पनि तुसारोमा क्रमश : कठ्याङ्ग्रिदै जाँदैछ (पृ.७५)।*

मृत्युको स्वीकार गरेर पनि मान्छेले अस्तित्वलाई ग्रहण गरिरहेको हुन्छ भन्ने लेखकको मान्यता कथामा आएको देखिन्छ। मान्छेको जीवन अभावसँग मात्रै पनि सीमित हुँदैन यो विभिन्न अस्त्र एवम् विस्फोटनका वस्तुसँग पनि नजिक हुन्छ जसबाट हामीले आफ्नो अस्तित्वको लागि सङ्घर्ष गर्नै पर्छ भन्ने मूल कुरालाई कथाममा म पात्रले प्रस्तुत गर्न खोजेको देखिन्छ।

**३.उद्देश्यमा  चयनस्वतन्त्रताका सूचकहरू**

मान्छेको जीवन अभावसँग मात्रै पनि सीमित हुँदैन यो विभिन्न अस्त्र एवम् विस्फोटनका वस्तुसँग पनि नजिक हुन्छ जसबाट हामीले आफ्नो अस्तित्वको लागि सङ्घर्ष गर्नै पर्छ भन्ने उद्देश यबोकेको यस कथामा कथाकारले आफ्नो तर्कलाई यसरी राखेको देखिँछ :

*मेरो छोरा, अँ मेरो चोट्टा छोराले सारा मानवताको फाइदा उठाएर मलाई हलनटाट पारेर ऊ मरेको छ,  आफ्नो रहर लाग्दो आयुमा  (पृ. ७७) ।*

लेखकले यस कथाका माध्यमबाट जीवनको अस्तित्व खोज्ने मान्छेको कथालाई कथाकारले यस कथामा मान्छेको चयन स्वतन्त्रतालाई पहिलो प्राथमिकता दिएको पाइन्छ ।

**४.बिम्ब प्रयोगमा चयनस्वतन्त्रताका सूचकहरू**

विभीषिकाका विविध स्रोतका बिचमा उभिएर अलिकति जीवनको अस्तित्व खोजी गरिएको कथा हो यो । यस कथामा आएका बिम्बात्मक अभिव्यत्तिलाई यसरी देखाउन सकिन्छ :

मेरो मुटुको एक हिस्सा, मेरो चोट्टा छोरो, लसुनको अचार, गिदी नभएको, शिवलिङ्ग एक सर्को धुवाँ यी पद एवम् पदावलीले जीवनको निस्सारताको बोध गर्नुका साथै अस्तित्ववादी भाव व्यक्त गरेका छन् ।

**३.२.१२ सोफिजम मेरो लोग्नेसँग कुराकानी कथाको विश्लेषण**

**१.कथानकमा चयन स्वतन्त्रताका सूचकहरू**

**सोफिजम मेरो लोग्नेसँग कुराकानी** कथामा चयन स्वतन्त्रतामा मान्छेले देखाउने भूमिकाको सन्दर्भलाई देखाउन खोजिएको छ । जीवनको अस्तित्व र परिस्थितिका मूल्यवत्तालाई चयन स्वतन्त्रताका केन्द्रीयताबाट हेर्न खोजिएको छ । मान्छेको वरण स्वतन्त्रतालाई नेपाली समाजसँग मात्र दाँजेर हेर्ने होइन विश्व समाजसँग तौलिएर हेर्नु पर्ने भावलाई यस कथाले बाकेको देखिन्छ । मानिसको अपूर्णतालाई लक्षित गर्दै यस कथामा पत्नीले आफ्नो पतिका भावलाई अस्तित्वको स्वीकारका तहबाट हेरेको देखिन्छ । पलायन र विरक्ति भएका आजका मान्छेको साझा समस्यालाई यो कथाले उठान गरेको विषय हो ।

**२.पात्रको चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू**

कथामा चयन स्वतन्त्रताको प्रसङ्गलाई यसरी देखाउन खोजिएको छ :

*म हिस्टरिक जस्तै जोडसँग चिच्याउँछु र उसले बुझ्छ मैले उसलाई कुन अर्थले हेरिरहेकी छु । मलाई देखेर ऊ झन विरक्त हुन्छ तर म विचलित हुन्नँ । उसको सिलवेट क्रमशः मदेखि टाढा हुँदै जान्छ र मलाई लाग्छ अब म बढी सोफिजमको शिकार छैनँ* (पृ. ६७) ।

माथिको साक्ष्यलाई हेर्दा कथाकार पारिजातले यस कथामा चयन स्वतन्त्रलाई प्राथमिकताका साथ प्रस्तुत गरेको देखिन्छ । म पात्रका माध्मबाट मानवले आफ्नो स्वतन्त्र अस्तित्वका लागि गर्नुपर्ने सङ्घर्षलाई म पात्रका माध्यमबाट देखाउन खोजिएको छ ।

**३.उद्देश्यमा चयन स्वतन्त्रताका सूचकहरू**

कथाकार पारिजातले मान्छेको अस्तित्वको प्रश्नलाई उठाउने क्रममा मानिसको अपूर्णतालाई लक्षित गर्दै यो कथा लेखेको देखिन्छ । यस कथामा पत्नीले आफ्नो पतिका भावलाई अस्तित्वको स्वीकारका तहबाट हेरेको देखिन्छ । मान्छेको वरण स्वतन्त्रतालाई नेपाली समाजसँग मात्र दाँजेर हेर्ने होइन विश्व समाजसँग तौलिएर हेर्नु पर्ने भावलाई यस कथाले बोकेको देखिन्छ । जीवनको अस्तित्व र परिस्थितिका मूल्यवत्तालाई चयन स्वतन्त्रताका केन्द्रीयताबाट हेर्न खोजिएकोले यस कथाले बोकेको सारमा पनि अस्तित्ववादी स्वर भेटिनुका साथै चयन स्वतन्त्रताका लागि यस कथामा प्रयुक्त पात्रले सङ्घर्ष गरेका छन् ।

**४.बिम्ब प्रयोगमा चयन स्वतन्त्रताका सूचकहरू**

कथामा प्रयुक्त बिम्बात्मक अभिव्यत्तिःलाई यसरी देखाउन सकिन्छ :

यौटा सपना जस्तै हुन्छ मलाई..........

जीवनको राग हो .........

कृपया मलाई फेरि एकपल्ट जन्माइदिनुस्...

तपाईं मेरो लोग्ने कुन प्रमाणमा ?

यस कथामा आएको म पात्रले बोलेको अभिव्यक्तिमा एकातिर निस्सारता देखिन्छ भने अर्कातिर त्यही निस्सरताभित्रै अस्तित्वको सङ्केत पनि देखिन्छ । लेखकले यस कथामा म

पात्रलाई नेपाली समाजको व्यथितिको यथार्थ प्रस्तुत गर्न उभियाएर अस्तित्वको आवाज बोल्न लगाएको प्रस्ट हुन्छ ।

### ३.३ निष्कर्ष

पारिजातको कथायात्राको प्रथम चरणमा लेखिएको आदिम देश कथासङ्ग्रहमा रहेका बाह्रवटा कथाहरूमा मानवीय अस्तित्वलाई प्रमुख रूपमा प्रस्तुत गरिएको छ । अर्मूत भावना वा अन्तर्मुखी चिन्तनलाई अस्पस्ट रूपमा प्रस्तुत गर्ने कथाकार पारिजातले यस कथासङ्ग्रहभित्रका कथाहरूमा जीवनमूल्य र चेतनाको पहिचानलाई प्रमुख विषय बनाएको पाइन्छ । कुनै प्राणीको हुनु वा नहुनु, मानवीय अस्तित्व र अनस्तित्व एवम् भाव र अभाव जस्ता मुख्य गुणको खोजी गर्नु पनि  अस्तित्ववादको महत्त्वपूर्ण पाटो हो । प्राणी स्वयंमा पूरै अपारदर्शी तथा अभेदक र ठोस हुने गर्दछ । प्राणी स्वयंमा जे थियो त्यो उही नै हो । तर प्राणी आफ्ना लागि जे जो थिएन त्यो त्यही हो । प्राणी वा मनुष्यले आफ्ना लागि हुनु भनेको उसमा चेतना हुनु हो । त्यो चेतना भनेको कुनै वस्तु नभई वस्तुको चेतना हो । चेतना त्यतिवेला मात्र पैदा हुन्छ जब कुनै व्यक्ति केही हुने चाहना राख्दछ । त्यस्तो केही चाहना राख्ने प्राणी मनुष्य मात्र हो । त्यसै चेतनाले गर्दा नै मानिस संसारमा सम्पूर्ण प्राणी र पदार्थका बिचमा विशिष्ट रूपको देखिन आउँछ । उसको आफू छु भन्ने बोध वा चेतनाले नै उसको विशिष्ट अस्तित्व  देखाउँछ । पारिजातका कथामा पात्रहरूले चयन स्वतन्त्रताका लागि गरेको सङ्घर्षलाई उनीहरूको कार्यव्यापार मार्फत देखाउन खोजिएको छ । युद्धले मानव जीवनमा पारेको प्रभावलाई केलाएर शून्यतामा पनि अस्तित्वको खोजी गरेकी पारिजातले भोकि उन्नतिको होडबाजीमा संसारलाई नै आफ्नो बनाएर आफू मात्र बाँच्न खोज्ने आजका मान्छेहरूबाट प्रताडितहरूले चयन स्वतन्त्रताका लागि सङ्घर्ष गर्नु पर्ने मूल आशयलाई कथामा प्रस्तुत गरिएको छ । पारिजातका आदिम देश कथासङ्ग्रहभित्रका बाह्रवटा कथाहरूमा मान्छेले जीवनमा आफ्नो अस्तित्व प्राप्त गर्नका लागि विद्रोह एवम् सङ्घर्ष नै गर्नु पर्छ भन्ने मूल मर्म रहेको भेटिन्छ ।

# परिच्छेद चार

# आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववादी स्वर

## ४.१ विषय परिचय

पारिजातका चारवटा कथासङ्ग्रहहरू क्रमशः **आदिम देश, सडक र प्रतिभा, साल्गीको बलात्कृत आँसु र बधशाला जाँदा आउँदा** रहेका छन् । उनका **आदिम देश** कथा सङ्ग्रहका बाह्रवटा कथाहरूमा मानव जीवनका अस्तित्व र मानवीय मूल्यलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ । उनका अन्य तीन कथासङ्ग्रहहरू **सडक र प्रतिभा, साल्गीको बलात्कृत आँसु** र **बधशाला जाँदा आउँदा** का कथाहरूमा मार्क्सवादी चिन्तन प्रमुख रूपमा आएको देखिन्छ । यस अध्ययनमा पारिजातका कथामा अस्तित्ववादी स्वरमा केन्द्रित हुनुपर्ने भएको हुनाले अस्तित्ववादसँग सम्बन्धित भएर लेखिएका पारिजातका आदिम देशका बाह्रवटा कथाहरूलाई मात्र यस अध्ययनमा समेटिएको छ। यस अध्यायनको छनोटमा परेको **आदिम देश** कथासङ्ग्रह भित्रका बाह्रवटा कथामा अस्तित्ववादी स्वरका लागि पात्रले खेलेको भूमिकालाई भाषाका माध्यमबाट के कसरी उपस्थित गराइएको छ  भन्ने कुराको अध्ययन गरिएको छ ।

## ४.२ आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववादी निर्णय र निस्सारताको स्वर

आदिम देश कथासङ्ग्रहमा **आदिम देश**, **बीसौं शताब्दी एउटा गल्लीमा**, **सिमेन्टीभित्र एउटा राजबेली**, **सधैं बित्नुपर्ने हामी**, **मैले नजन्माएको छोरो,एक उडानमा, तिउरीको फूल, पायरियाको गन्ध**, **सोफिज्म मेरो लोग्नेसँग कुराकानी**, **निर्माणको मोडेल समयभित्र**, **साइनो ग्रयानिटको टुक्रासँग**, **अनिदो र शून्यता**, **अप्ठ्यारो र अभ्यस्त मान्छे** कथाहरू पर्दछन् । यी कथाहरूमा समाजका विकृति, विसङ्गति, जीवनका वितृष्णा एवम् अस्तित्ववादी दर्शन रहेको पाइन्छ। कथामा रहेका यस्ता विषयमा पात्रहरूले अस्तित्वका लागि गरेको सङ्घर्षमा अस्तित्ववादी स्वरको मुखरित कसरी भएको छ भन्ने कुरालाई यस अध्ययनमा प्रस्तुत गरिएको छ ।

प्राणी वा मनुष्यले आफ्ना लागि हुनु भनेको उसमा चेतना हुनु हो । त्यो चेतना भनेको कुनै वस्तु नभई वस्तुको चेतना हो । चेतना त्यतिबेला मात्र पैदा हुन्छ जब कुनै व्यक्ति केही हुने चाहना राख्दछ । त्यस्तो केही चाहना राख्ने प्राणी मनुष्य मात्र हो । त्यसै चेतनाले गर्दा नै मानिस संसारमा सम्पूर्ण प्राणी र पदार्थका बिचमा विशिष्ट रूपको देखिन आउँछ । उसको

आफू छु भन्ने बोध वा चेतनाले नै उसको विशिष्ट अस्तित्व  देखाउँछ । जब मानवले आफ्नो स्वतन्त्रता प्राप्त गरेपछिको परिणाममा मूल्य भेट्छ तब उसले स्वतन्त्रताको महसुस गर्दछ ।

### ४.२.१ आदिम देश कथाको विश्लेषण

#### १. आदिम देश कथाको कथानक र पात्रमा अस्तित्ववादी स्वर

कथामा आजको मानिसमा माानिसलाई नै संहार गर्ने प्रवृति बढ्दै गएको र त्यसबाट मान्छेले वरण स्वतन्त्रताको दायित्व हासिल गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । वैज्ञानिक उन्नति र राजनैतिक स्वतन्त्रताका नाममा मानिस मानवीय मूल्य र मान्यताबाट नाङ्गिएको कुरालाई देखाएर कथाकारले त्यस्तो क्रियाकलापबाट स्वतन्त्र हुनका लागि म पात्र  र उसकी श्रीमतीले गरेको प्रयासले स्वतन्त्रताको परिणाम दिएको छ भन्ने सन्दर्भलाई तलको साक्ष्य मार्फत प्रस्ट पार्न सकिन्छ :

*कहिलेकाहीँ यस्तै यस्ता ठाउँहँरूमा विराम चिन्ह लागि दिन्छ तर अफसोस चिन्ह लाग्दैमा कुनै कुराको अन्त्य हुँदैन । मेरा विचारश्रृङ्खलाहरूमा अनायास विराम चिन्ह लाग्छ । धेरै विवादास्पद गन्थनहरूलाई  आफैंभित्र थान्को लगाएर एक क्षणको लागि विचारशून्य भइदिन्छु* (पृ. २१) ।

अस्तित्ववादमा  शून्यता, निराशा, व्यथा एवम् विसङ्गति आदि कुराहरू प्रत्येक मानवीय अस्तित्वको अनिवार्य सर्त हो । माथिको साक्ष्यमा पनि निराशाका कुराहरू आएका छन् तर ती निराशाहरूभित्रै अस्तित्वको खोज गरिएको छ जसको कारण स्वतन्त्रताको परिणाम देखा पर्न गएको छ। अस्तित्व दुःखपूर्ण छ भन्ने अस्तित्ववादीहरूको मान्यताले पनि माथिको साक्ष्यसँग सम्बन्ध राखेको हुँदा मान्छेको दायित्व नै स्वतन्त्रता खोजी गर्ने हो जसको परिणामले हरेक मानवको अस्तित्वलाई जोगाउन सक्छ भन्ने सन्दर्भलाई माथिको साक्ष्यले प्रस्ट पार्न खोजेको छ । म र उसकी श्रीमती दुई पात्र रहेको यस कथामा विसङ्गत जीवन बाध्यात्मक रूपमा जिउँदै आफ्नो अस्तित्वका लागि आवाज उठाएका छन् ।

## २. आदिम देश कथामा लेखकीय दृष्टिकोण

आदिम देश कथामा आएको  विषयवस्तु भनेको अस्तित्ववादी स्वर हो। यस कथाका आधारमा लेखकीय दृष्टि पनि अस्तित्वमैत्री रहेको छ भन्न सकिन्छ। आजको मानिसमा माानिसलाई नै संहार गर्ने प्रवृति बढ्दै गएको सन्दर्भलाई पारिजातले अस्तित्वको केन्द्रीयताबाट हेरेको देखिन्छ  वैज्ञानिक उन्नति र राजनैतिक स्वतन्त्रताका नाममा मानिस मानवीय मूल्य र मान्यताबाट नाङ्गिएको कुरालाई कथाकारले देखाउन खोज्नु भनेको हरेक मान्छेले आफ्नो अस्तित्वको लागि आवाज उठाउनु हो।  कथामा म र उसकी श्रीमती दुई पात्र स्थापना गरेर पारिजातले मान्छेको अस्तित्वलाई उजागर गर्न खोज्नु भनेको समग्र मानव जातिको अस्तित्वको आवाज बोल्नु हो।

## ४.२.२ तिउरीको फूल, पायरियाको गन्ध कथाको  विश्लेषण

### १. तिउरीको फूल, पायरियाको गन्ध कथाको कथानक र पात्रमा अस्तित्ववादी स्वर

**तिउरीको फूल पायरियाको गन्ध** नारीको अस्तित्वलाई केन्द्रमा राखेर लेखिएको कथा हो। नारीको जवानीलाई तिउरीको फूलसँग दाँजेर लेखिएको यस कथामा एउटी नारीको स्वतन्त्रता प्राप्त गर्न उसको सङ्घर्षको कस्तो दायित्व छ र त्यो दायित्व प्राप्त भएपछि उसको जीवनमा कस्तो परिणाम आएको छ भन्ने सन्दर्भलाई कथाकारले देखाउन खोजेकी छन्। एउटी नारीमाथि हुने दुष्कृत्यहरूबाट बच्नका लागि यस कथाका पात्रहरूले स्वतन्त्रताको खोज गरेका छन्। हरेक मान्छेका अवस्था यथार्थमा उसैको स्वतन्त्र निर्णयको परिणति हो भन्ने अस्तित्ववादीहरूको भनाइ रहेको छ। यस कथामा पनि कथाकार पारिजातले हाम्रो मानव समाज तिउरीको समग्र रङ्गीन शोभामा होइन पायरियाको बास्नामा दुर्गन्धित भएर फैलिएको छ। यो दुर्गन्धलाई हटाउनका लागि स्वतन्त्रताको दायित्वलाई बोध गर्न सकेमा हामीले मानव हुनुको अस्तित्वलाई प्राप्त गर्न सक्ने थियौँ भन्ने भाव नै यस कथामा आएको छ जुन कुरालाई तलको साक्ष्य मार्फत प्रस्ट पार्न सकिन्छ :

*लाटीको लाटो सास फेराइ स्वाँ स्वाँ सुनिन्छ, त्यो पनि गह्रुङ्गो। यो पनि स्वास्नी मान्छे हो। गन्ध मात्र होइन। सम्पूर्ण स्वास्नी मान्छे। एकछिन फाँटबाट आएको हसिनाको बासले*

*मलाई आङतिरबाट कुतकुताउँछ । म लाटीको ओठलाई फष्टाएर पाकेको ताजा किम्बुको लुर्को जस्तो देख्छु* (पृ.६२) ।

अस्तित्ववादले मान्छेलाई दुःखी प्राणीको रूपमा चिनाएको छ । केही थाहा नभएको एउटा अन्धकार भविष्यप्रति आशावादी हुँदै सीमित अनुभवको आधारमा जीवनमा पटक पटक निर्णयमा हाम फाल्नु पर्ने भएको हुनाले मान्छे भय र त्रासमा गाँजिएर अनेक क्षणहरू व्यतित गर्न बाध्य भइरहेको हुन्छ । यस कथामा पनि  एउटी कुमारी आमाले आफ्नो अपराध लुकाउन बाध्य बनाइएका कारण घरबाहिर फालेकी लाटी शब्दहीन र अर्थहीन गीत गाउँदै कहिले मन्दिरको बलेसी र कहिले पसल नजिक भएको छाप्रोको अगाडि बस्दै आएकी छ । सम्पूर्ण कथा त्यही नारी पात्र लाटीका वरिपरि घुमेको छ । कथामा समाख्याता, उसकी श्रीमती, रिक्सावाल, पुलिस र टुरिस्ट गाइड ठिटाका सन्दर्भहरू गाँसिन आएका छन् । लाटी पुलिस, रिक्सावाल, टुरिस्ट  गाइड र  ठिटाको यौनतुष्टिको साधन बनेकी लाटीको जीवनबाट अस्तित्व खोज्ने प्रयास गरिएको छ ।

*छिः पहेलो दाँत, हरियो पल्टेको ओठ शायद दाँत नमाझेर पायरिया लागेको होला कति सास गन्हाउँदो हो । के छ र त्यो लाटीमा ? स्वास्नीमान्छे भनेर चिन्हाउने एउटा आकृति छ । ऊ कहाँ हो र स्वास्नीमान्छे ? उसको जीउबाट स्वास्नीमान्छेको मासुको बास्ना आउँछ ।बस त्यति हो । थाल्छु । मलाई मेरी स्वास्नीसँग घृणा आउँछ । मलाई स्वास्नी मान्छेसँग घृणा लागेर आउँछ* (पृ.५४) ।

लाटीको केन्द्रीयतामा संरचित रहेको यस कथामा  एउटी कुमारी आमाले आफ्नो अपराध लुकाउन बाध्य बनाइएका कारण घरबाहिर फालेकी लाटी शब्दहीन र अर्थहीन गीत गाउँदै कहिले मन्दिरको बलेसी र कहिले पसल नजिक भएको छाप्रोको अगाडि बस्दै आएकी छ । सम्पूर्ण कथा त्यही नारी पात्र लाटीका वरिपरि घुमेको छ । कथामा समाख्याता, उसकी श्रीमती, रिक्सावाल, पुलिस र टुरिस्ट गाइड ठिटाका सन्दर्भहरू गाँसिन आएका छन् । लाटी पुलिस, रिक्सावाल, टुरिस्ट  गाइड र  ठिटाको यौनतुष्टिको साधन बनेकी छ । समाख्याता समेत उसलाई मानसिक रूपमा यौन शोषण गर्दछ । पुलिसले उसलाई यौन  शोषण गर्नका साथै शाारीरिक यातना समेत दिएको छ । लाटीको दाँतमा पायरिया लागेको छ । उसका ओठहरू हरिया छन् । उसमा स्वास्नी मान्छेको स्वरूप र आकृति मात्र छ । समाख्याता पात्र अड्डामा काम गर्छ । ऊ अड्डा आउँदा जाँदा लाटीको दुरावस्था र उसमाथि हुने अत्याचार

सधैँजसो देख्ने गर्दछ । ऊ टुरिस्ट  ठिटो लाटी  भएतिर गएको पटक्कै रुचाउँदैन । सुरुमा लाटीप्रति दया देखाए पनि कथाको अन्त्यमा ऊ लाटीलाई अमेरिकी म्यागजिनमा प्रकाशित सुन्दरीको चित्रमा आरोपित गरी भोग गर्ने मानसिकतामा पुगेको छ ।

### २. तिउरीको फूल पायरियाको गन्ध कथामा लेखकीय दृष्टिकोण

लाटी र समाख्याताकी श्रीमतीलाई हेर्ने पुरुषवादी दृष्टिकोण समान रहेको छ। यी दुवै नारीले पुरुषको प्रभुत्व र प्रताडना पाएका छन् । समाख्याताका दृष्टिमा उनीहरू दुवै घृणाका पात्र बनेका छन्। उनीहरू उपेक्षित, उत्पीडित र प्रताडित नारी भएर पनि आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरिरहेका छन् । समाख्याता, पुलिस, रिक्सावाल र टुरिस्ट गाइड पितृसत्तात्मक समाजका प्रतिनिधि भएकाले उनीहरू हरेक सन्दर्भमा संरक्षित र सम्मानित छन्। उनीहरूका अपराधलाई वैधानिकता प्राप्त छ। यसरी कथामा लैङ्गिक रूपमा यौनशोषण, उत्पीडन र प्रताडना सहन बाध्य नारी पात्रहरू आफ्नो अस्तित्व रक्षाका लागि आवाज उठाए पनि उनीहरूले आफ्नो चयनको स्वतन्त्रता प्राप्त गर्न सकेका छैनन् ।

## ४.२.३ निर्माणको मोडेल समयभित्र कथाको विश्लेषण

### १. निर्माणको मोडेल समयभित्र कथाको कथानक र पात्रमा अस्तित्ववादी स्वर

कथामा मान्छेले आफ्नो वरण स्वतन्त्रताको खोजीमा कस्तो दायित्व निर्वाह गर्दछ भन्ने कुरामा नै त्यसको परिणाम पनि निर्भर हुने कुरा कथाकार पारिजातले कथाका पात्रको कार्यव्यापारबाट देखाउन खोजेकी छिन् । सडक निर्माणमा संलग्न ज्यामीहरूमाथि गरिएको ज्यादती तथा महिला ज्यामीमाथि गरिएको यौन दुर्व्यवहारलाई अन्त्यका लागि आफ्नो सङ्घर्षलाई जारी राख्नका लागि लेखकले यो कथामा अस्तित्वको सन्दर्भ केन्द्रमा रहेको देखिन्छ। यसमा रोलर चालक, महिला तथा पुरुष ज्यामीहरू, नाइके, ओभरसियर, इञ्जिनियर लगायतका सडक निर्माणसँग सम्बद्ध समुदाय तथा कलेज पढ्ने  ठिटाहरूको उपस्थिति रहेको छ । बिहानदेखि बेलुकासम्म सडक निर्माणमा संलग्न श्रमजीवी समुदायले आफ्नो स्वतन्त्रताका लागि गरिहेको अस्तित्वको सङ्घर्ष र यसको परिणामका रूपमा रहेको भनेको स्वतन्त्रताको सन्दर्भलाई तलको साक्ष्यमार्फत प्रस्ट पार्न सकिन्छ :

*म फिसिक्क हाँस्छु । समय छैन कस्तो मीठो बहाना । समयको सागरमा हामी, म र मेरो रोलर समयहीन भइसक्यौ । वातावरणलाई साँझले एक पत्र पोतिसकेको छ धुम्रो, मैलो, नियास्रो साँझ । म पसिना पुछ्दै रोलरबाट ओर्लन्छु र बिस्तारै बाटो लाग्छु* (पृ. ७३) ।

माथिको साक्ष्यले कथाको म पात्रले अस्तित्व रक्षाका लागि गरेको सङ्घर्ष र त्यस सङ्घर्षबाट प्राप्त भएको परिणामलाई देखाएको छ। निम्न वर्गीय ज्यामी समुदायको जीवनपद्धति र उनीहरूको आफ्नो अस्तित्व बचाउन गरेको प्रयास नै यसमा आएको दायित्वको सन्दर्भ हो । वरण स्वतन्त्रताको सन्दर्भ शून्यता, चिन्ता, त्रास, मृत्यु र विसङ्गति जस्ता कुराहरूको अत्यधिक चर्चा पाइन्छ। यस दर्शनले मानव अस्तित्वका त्यस्ता समस्याहरूलाई कोट्याउँछ, जसलाई साधारण मानिसहरू अस्वस्थ ठान्छन् र सचेत रूपमा दवाएर राख्नु उपयुक्त मान्दछन् । यस कथामा आएका पात्रहरू पनि सडक निर्माणमा जुटेका छन् । उनीहरू अग्राखको आगो र पग्लेको तातो पिचमा पसिना चुहाउँदै ओभरटाइम गर्न बाध्य भएका छन् । जतिसुकै अधिक समय काममा खटिए पनि ज्यामीहरू भटमास र लट्टेको साग अनि चिउरा र भुटेको मकैको फाँकोले जीवन धान्न बाध्य भएका छन् त्यसैले उनीहरू शोषित, उत्पीडित मजदुर समुदाय हुन् । यहाँ आएका पात्रहरू आफ्नो वरणको स्वतन्त्रताबाट उम्किन सकेका छैनन् किनभने अस्तित्ववादमा यस्तो बाध्यता, त्रास, चिन्तामै पनि पात्रले आफू: स्वतन्त्रताको आशा गरिरहेको हुन्छ भन्ने जुन मान्यता राख्दछ यो कथामा आएका र घटनाले पनि अस्तित्ववादको त्यही विचारसँग सम्बन्ध राख्दछ ।

### २. निर्माणको मोडेल समयभित्र कथामा लेखकीय दृष्टिकोण

कथाकार पारिजातले नेपाली समाजमा भौतिक र मानसिक निर्माणको अभियान क्रमको आधारमा सञ्चालित जीवन मूल्यलाई मूल्याङ्कन गर्दै मान्छेको जीवन र स्वतन्त्रका पाटाहरूलाई केलाउने काम यो कथामा गरेको पाइन्छ । यस कथामा दीर्घकालीन इतिहास बोकेका श्रमजीवी समुदायको अस्तित्वलाई उजागर गर्न खोजिएको छ । त्यसैले कथाकार ऐतिहासिक र सामाजिक निर्मितिका रूपमा दु:खद र कष्टकर जीवनयापन गरिरहेको ज्यामी, चालक जस्ता श्रमजीवी मजदुर समुदायका अस्तित्वलाई बचाउन यो कथामा सफल भएको मानिन्छ । कथामा लैङ्गिक प्रसङ्ग पनि देखाइएको छ । ज्यामी काम गर्ने युवतीहरू र नाइकेका श्रीमतीले नारी समुदायको प्रतिनिधित्व भएको छ । नारी समुदायका लागि लैङ्गिक उत्पीडन र वर्गीय शोषणलाई यस कथामा देखाउन खोजिएको छ । दिनभर परिश्रमका

पसिना चुहाएर पनि एक पेट खानका लागि धौधौ पर्ने विवश मान्छेको तर्फबाट अस्तित्ववादी स्वर बोल्नु लेखकको उद्देश्य रहेको देखिन्छ ।

### ४.२.४ बीसौँ शताब्दी एउटा गल्लीमा कथाको विश्लेषण

### १. बीसौँ शताब्दी एउटा गल्लीमा कथाको कथानक र पात्रमा अस्तित्ववादी स्वर

कथामा मान्छेले आफ्नो सीमित स्वार्थलाई त्याग्न नसक्दा आफू मात्रै बाँच्ने वातावरण सृजना गरेको छ भन्ने प्रसङ्ग आएको छ । सङ्गतिहीनता र निस्सारताको सत्यभित्रै रहेर जीवनमा हरेकले आफ्नो अस्तित्वलाई प्रमाणित गर्नु आफैँ नै प्रयास गर्नुपर्छ भनेझै यस कथामा आएका पात्रहरूले अस्तित्व रक्षाका लागि सङ्घर्षका गरिहेका देखाइएको छ । कथामा प्रयुक्त पात्र पसल्नीले बच्चा पाउन लाग्दा पसलेले गाली गर्दै उसको अस्तित्वलाई नै बुझ्ने प्रयास गर्दैन तर पनि पसल्नीले आफ्नो स्वतन्त्रता प्राप्तिको दायित्वलाई त्याग्न सकेकी छैन जुन कुरालाई तलको साक्ष्यका माध्यमबाट प्रस्ट पार्न  सकिन्छ :

*ऊ रोइरहेकी छ, गोदाइ खाई क्या । एक पेट त जहाँ पनि खाएकी थिएँ । खानै नपाई तपाईंकहाँ आएकी हो र ? मनपरी नभन्नोस् । आफैँ होइन दश रूपैयाँले हुन्न भने । मैले त मानेकै थिएँ नि* (पृ. २५) ।

माथिको साक्ष्य अनुसार युवती शारीरिक भोकले होइन, आर्थिक भोकले विवश बनेर शरीर बेच्नु परेको बाध्यता हो भन्ने कुराको पुष्टि हुन्छ । म पात्रले मानिसको वातावरण भएका सबै ठाउँमा जीवनहरू, मानिसहरू ट्युमरका सेलझैँ बढिरहेका छन् । त्यसको दुखाइलाई रोकथाम गर्न पनि मान्छेले अस्तित्वको लडाइँ लड्नु परेको सन्दर्भलाई कथाकारले पात्रको कार्यव्यापारका माध्यमबाट प्रस्तुत गर्न खोजेको देखिन्छ । पात्रको यो वरण स्वतन्त्रताको दायित्वले आफ्नो मानव अस्तित्वलाई मूल्यसहितको जिन्दगी दिन खोजेको कुरा पनि कथाका पात्रको कार्यव्यापारबाट पुष्टि हुन्छ ।

### २. बीसौँ शताब्दी एउटा गल्लीमा कथामा लेखकीय दृष्टिकोण

**बीसौँ शताब्दी एउटा गल्लीमा** कथामा लेखक पारिजातले  म पात्रको यथार्थ विवरण, पसले र पसल्नीको चित्र, काजी र युवतीको भनाभनको कथालाई देखाएर हरेक मान्छेको चयन स्वतन्त्रताको लागि अस्तित्ववादी प्रस्तुत गरेको पुष्टि हुन्छ । नेपाली समाजको यथार्थ चित्र

उतार्ने क्रममा कथाकारले मान्छेको अस्तित्वको प्रसङ्गलाई पात्रको कार्यव्यापारबाट देखाउन खोजेको देखिन्छ । यस कथाको हरेक घटनामा मान्छे आफैं मुछिएको छ र त्यसरी मुछिएको मान्छेले आफ्नो अस्तित्व प्राप्तिका लागि भने सङ्घर्ष गर्न छाडेको छैन । आफ्नो अस्तित्वको आवाजका लागि हरेक व्यक्तिले कुनै न कुनै प्रकारबाट प्रयास गरिरहेको हुन्छ भन्ने देखाउनु लेखकको अभीष्ट रहेको हुनाले यस कथामा लेखक अस्तित्वमैत्री रहेकी छिन् भन्न सकिन्छ ।

### ४.२.५ मैले नजन्माएको छोरो कथाको विश्लेषण

### १. मैले नजन्माएको छोरो कथाको कथानक र पात्रमा अस्तित्ववादी स्वर

नारी अस्तित्वको प्रश्न र त्यस प्रश्नले देखाएको अस्तित्वबोधको परिणाम नै यस कथाको मुख्य सन्दर्भ हो । मानव प्रकृतिलाई साधारणीकरण गरेर या अड्कल बाजी गरेर बुझ्न सकिँदैन भने जस्तो एउटा मान्छेको चाहना र आवश्यकता पनि के हो भन्ने कुरा बुझ्नलाई कठिन भएको अवस्थामा मान्छेहरूले समस्याभित्रैबाट आफ्नो अस्तित्व खोजिरहेका हुन्छन् । व्यक्तिको वरण स्वतन्त्रतासँगै उत्तरदायित्वको भावाना पनि जोडिएर आएको हुन्छ । यस कथामा पनि अस्तित्व रक्षा लागि पात्रको दायित्व दुई तरिकाले आएको देखिन्छ, जस्तो: पारिजातको विकीर्ण चिन्तनका पोखाइबाट शारीरिक स्वस्थता प्राप्त गर्न खोज्नु एउटा वरण स्वतन्त्रताको दायित्व देखिन्छ भने अर्को चाहिँ युग परिवर्तनसँगै भित्रिएको शिक्षा परिवर्तनले मान्छेको सोचाइ र व्यवहारमा पनि भिन्नता देखाएर आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्नु वरण स्वतन्त्रताको दायित्व हो । यी दुई दायित्वका कारणले एउटी नारीले कसरी सारा बन्धनहरूबाट मुक्त हुन सक्छे भन्ने परिणाम पनि कथाकी म पात्रको कार्यव्यापारबाट प्रस्ट हुन आएको देखिन्छ । नारी अस्तित्व सन्तानको अधिकार प्रयोगमा पग्लन खोज्छ भन्ने मान्यतालाई तलको साक्ष्यले प्रस्ट पार्न सक्छ :

*भोलि हुन्छ । मेरो रोग कम भएको छ तर सोचाइको मात्रा बढेको छ , मलाई फेरि पनि फुर्सद छैन । त्यो ठिटोलाई अंकमाल गर्ने, स्वाईं खाने आवेग छुटेको छैन । त्यो मेरो छोरो वा अरू कोही, सोच्छु शायद त्यो प्रकृतिको वरदान होला । स्वास्नी मानिसको वात्सल्यदेखि वञ्चित रहन नसक्ने* (पृ.४३) ।

माथिको साक्ष्यमा आएको सन्दर्भले प्रस्तुत कथामा आएकी म पात्रको माध्यमबाट नारी मनका दमित भावना र सामाजिक परिवेशद्वारा त्यसको उद्बोधनले पारेका नारी अस्तित्वको

मर्म हो । एउटी नारीले आफ्नो वरण स्वतन्त्रताको दायित्वमा आफ्नो सङ्घर्षलाई पनि कायम राखेको देखिन्छ । प्रस्तुत नारी म पात्रको अस्तित्वशीलताको उदाहरणको रूपमा उसले त्यो केटाबाट स्वतन्त्रता प्राप्तिको असीम आशक्तिलाई पनि प्रस्तुत गरेको देखिन्छ । आफू आफ्नै स्वतन्त्र निर्णयको परिणति भएका कारण यस कथामा प्रयुक्त म पात्रको दायित्वले स्वतन्त्रताको परिणाम दिन सकेको छ । स्वतन्त्रताको सङ्घर्षका लागि यस कथामा म पात्रले गरेको अस्तित्व पनि साकार भएको देखिएको छ ।

## २. मैले नजन्माएको छोरो कथामा लेखकीय दृष्टिकोण

पारिजातले मैले नजन्माएको छोरो कथाका माध्यमबाट एउटी नारीको मनोदशालाई प्रस्तुत गरेकी छिन् । यस कथामा लेखका निजी विचारहरूले कथानकको माध्यम भएर बाहिर निस्किने बाटो पाएका हुनाले यस कथालाई नारी अस्तित्वको केन्द्र विन्दुमा पारिजातको यथार्थ जीवनलाई राखेर हेर्न पनि सकिन्छ । विकीर्ण चिन्तनका पोखाइबाट शारीरकि स्वस्थता प्राप्त गर्नु र मान्छेको सोचाइ र  व्यवहारमा आएको परिवर्तन देखाउनु यस कथाको उद्देश्य रहेको देखिन्छ । नारी मनका दमित भावना र सामाजिक परिवेशद्वारा त्यसको उद्बोधनले पारेको प्रभावको प्रकटीकरणसँग कथाकारले चयन स्वतन्त्रतालाई देखाउन खोजेको देखिन्छ । पारिजातले यस कथामा मनोविज्ञाको पाटालाई प्रस्तुत गरेर चयन स्वतन्त्रता देखाउन खोजेको देखिन्छ । जुन कुरा प्राप्त हुन असम्भव छ, त्यतिबेला व्यक्तिका मनमा त्यो व्यक्ति या वस्तुप्रति घृणा, ईर्ष्या द्वेषको भावना जागृत हुन थाल्दछ । यो स्थिति भनेको व्यक्तिले आफ्नो स्वतन्त्रताका लागि अस्तित्वको सङ्घर्ष हो । यस कथामा पनि म पात्रले त्यो सानो केटाको फरक व्यवहारप्रति जब घृणा पैदा गर्दछिन् तब त्यस केटालाई आफ्नो स्मरणबाट हटाएर आफू स्वतन्त्र हुन चाहेको देखिन्छ । नारी अस्तित्वसँग सम्बन्धित यस कथामा पारिजातले नारीको जीवनलाई अस्तित्वको घेरामा राखेर हेरेको देखिन्छ । एउटी अविवाहित नारीले एउटा अर्कैले जन्माएको छोरोप्रति राखेको स्नेहले आफ्नो व्यक्तिगत जीवनसँग कति सकारात्मक प्रभाव राख्छ र कति नकारात्मक प्रभाव पार्न सक्छ भन्ने मानसिकतालाई यस कथामा देखाउन खोजिएको हुनाले पारिजात नारी अस्तित्व रक्षाका लागि सधैं आवज उठाउने नारीका रूपमा देख्न सकिन्छ ।

### ४.२.६ एक उडानमा कथाको विश्लेषण

### १. एक उडानमा कथाको कथानक र पात्रमा अस्तित्ववादी स्वर

मा पात्रले वरण स्वतन्त्रताका लागि गरेको दायित्वलाई कथाकारले देखाउन खोजेको देखिन्छ। एउटा छोटो हवाइयात्रामा भएका घटनाहरूलाई यस कथाको मुख्य विषय बनाएर पात्रको अस्तित्व र अस्तित्व प्राप्तका लागि गरिएका सङ्घर्षलाई कथामा प्रस्तुत गरिएको छ। वरण स्वतन्त्रताको पक्षलाई हेर्ने हो भने संसारमा विद्यमान सम्पूर्ण प्राणी पदार्थ र वस्तुका बिचमा मनुष्यको स्थान बेग्लै रहेको छ। मनुष्य चेतनशील प्राणी भएकको हुनाले यसमा "आफू" छु भन्ने कुराको बोध रहन्छ। मनुष्यमा भएको त्यही आफू छु भन्ने कुराको बोध भएर नै उसको अस्तित्वलाई प्रमाणित गरेको हो भन्ने कुरा प्रस्ट हुन्छ यस कथामा सोफिया अस्तित्वको सङ्घर्षमा उत्रिएकी  पात्र हो। विमान परिचारिका सोफिया हरेक समयमा लोलाउँछे उसमा जीवनप्रतिको इच्छा नै सकिएको जस्तो अनुभव पनि हुन्छ तर पनि कथाकारले सोफिया जस्ती नारी पात्र खडा गरेर उसको वरण स्वतन्त्रता र त्यस स्वतन्त्रताले देखाएको परिणामलाई कथाकारले देखाउन खोजेको देखिन्छ। एउटी नारीको अस्तित्व एवम् उसको यौन शोषण कसरी भइरहेको छ। जहाजको तेस्रो सिटमा बसेको भिआइपी मान्छेले सोफियालाई गरेको यौनिक हिंसा र सोफियाले त्यस भिआइपी मान्छेसँग बाँच्न गरेको सङ्घर्षमा उसको स्वतन्त्रताप्रतिको दायित्व महत्त्वपूर्ण भएर आएको देखिन्छ। उसले भिआइपीसँग आफ्नो स्वतन्त्रताका लागि लड्नु नै उसले अस्तित्व प्राप्त गर्नु हो भन्ने बुझिन्छ, जुन कुरालाई तलको साक्ष्यले प्रस्ट पार्दछ :

*आजको उसको उडान सिद्धिन्छ। आजको उडानमा उसले धेरै नचाहिँदा कुरा सोचेकी छ। त्यसैले ऊ धेरै थाकेकी छ। ब्यागबाट युडिकोलोन चोपलेको रुमाल झिकेर ओठ र निधार पुछ्ने बहाना गर्छे। सम्झन्छे यस्तै हो जीवन। यस्तै उडान* (पृ.५२)।

माथिको साक्ष्यमा सोफिया पात्रले आफ्नो अस्तित्व रक्षाका लागि गरेको सङघर्षलाई देख्न सकिन्छ। कथाकार पारिजातले नारी अस्मिताको मूल्यलाई घट्न नदिएको र नेपाली समाजमा नारीलाई हेरिने दृष्टिकोण र नारी अस्तित्वको प्रश्न यो कथामा उठाएर हेर्ने प्रयास गरेको देखिन्छ। मानवीय मूल्य मान्यतालाई आजको समाजले बिर्सदै गएको समयमा यस्ता

पात्रको सङ्घर्षलाई जीवन्त रूपमा देखाएर लेखकले नारी अस्मिताको संरक्षण नै गरेको देखिन्छ ।

### २. एक उडानमा कथामा लेखकीय दृष्टिकोण

मानवको अस्तित्वसँग सम्बन्ध राखेर लेखिको यस कथामा  सोफिया नामकी पात्रलाई भोक्ता पात्र बनाएर लेखकले मान्छेको अस्तित्वको प्रश्न उठाएको देखिन्छ ।  मान्छेले आफ्नो चयन स्वतन्त्रताका लागि गरेको प्रयासलाई सोफिया पात्रका माध्यमबाट यस कथामा प्रस्तुत गरिएको छ । जीवनको सङ्क्षिप्त आकृति एक क्षणको रमझममा सीमित हुन दिन नहुने लेखकीय दृष्टि यस कथामा आएको देखिन्छ । हवाइ यात्रामा पनि नारीको अस्मिता कसरी जोखिममा पर्न सक्छ र नारीले कसरी आफ्नो अस्मिताको लडाइँमा सरिक हुनुपर्छ भन्ने सारमा यो कथा रहेको छ । जीवनको सङ्क्षिप्त आकृति एक क्षणको रमझममा सीमित हुन दिन नहुने लेखकीय दृष्टि यस कथामा आएको देखिन्छ ।

## ४.२.७ सधैँ बित्नुपर्ने हामी कथाको विश्लेषण

### १. सधैँ बित्नुपर्ने हामी कथाको कथानक र पात्रमा अस्तित्ववादी स्वर

**सधैँ बित्नुपर्ने हामी**  कथामा म पात्र पुरुषले आफ्नो अस्तित्वको कुरालाई सुनाएको छ । म पात्र सचेत चिन्तनले युक्त पारिजातको अस्तित्वलाई नै प्रतिनिधित्व गर्न पनि खोजेको देखिन्छ । मान्छेले वरण स्वतन्त्रताको सङ्घर्षमा आफ्नो दायित्वलाई कतिसम्म फैलाउन सक्छ भन्ने सन्दर्भलाई पारिजातले यस कथामा देखाउन खोजेको देखिन्छ । मान्छेमा निहित प्रेम भाव र त्यसको अस्तित्वलाई देखाउन खोजिएको छ । यस कथामा  म पात्र पुरुषले आफ्नो जीवनमा घटेका घटनालाई प्रमुख विषयका रूपमा प्रस्तुत गरेको छ । शारीरिक सुन्दरतामा मख्ख पर्दै बेबीको रूपाकृति प्रस्तुत गर्दै अस्तित्वको खोज गरिएको छ । आत्मपीडा र स्वप्रवन्चनाका स्वरूपहरूलाई देखाएर त्यसैका बीचबाट मान्छेको अस्तित्वलाई खोज्नका लागि कथाकार प्रयत्नशील रहेको देखिन्छ । बेबीको कैशोर्यमा देखिने उन्मादमा निस्सारताको पूर्वाभास देख्ने कथाकारले वरण स्वतन्त्रताका लागि पात्रलाई दायित्व बोध गराएर स्वतन्त्रता प्राप्तिको परिणमलाई देखाउन खोजेको प्रसङ्गलाई तलको  साक्ष्य मार्फत प्रस्ट पार्न सकिन्छ :

*मलाई आफ्नो पीडा यदि जीवनमा भएदेखि त्यसको प्रदर्शन गर्नु छैन । उसले हाँसेर त्यही सन्तोषप्रद समर्थन दिई । हो यो त्यही अभिव्यक्ति हो र त्यही हाँसो हो । यो त्यी एउटा बेबीको सानो चिउँडो हो जो मेरा औंलाहरूको माझमा छ (पृ. ३९) ।*

मान्छेको आफ्नो अस्तित्वलाई हरेक मान्छेले आफ्नै तरिबाट सोच्नसक्नु पर्छ भन्ने अस्तित्ववादीहरूको मान्यतासँग लेखक पारिजातको विचार पनि एकाकार भएको देखिन्छ । यस कथामा आएको पात्रमा जुन वरण स्वतन्त्रताको चाहना छ त्यो कुरा यसरी खुलेर आउनुका पछाडि लेखको अस्तित्वसँग सम्बन्धित मान्यता पनि खुलस्त हुनु हो भन्ने प्रमाणित गर्न सकिन्छ । त्यसैले यस कथामा आएको विषय र पात्रको भूमिकालाई हेर्दा वरण स्वतन्त्रताका लागि पात्रहरूको दायित्व उल्लेखनीय भएकै हुनाले उनीहरूले स्वतन्त्रताको आभास गर्न पाए भन्ने कुरा प्रस्ट पार्न सकिन्छ ।

### २. सधैं बित्नुपर्ने हामी कथामा लेखकीय दृष्टिकोण

आफ्नो जीवन भोगाइ, चिन्तनको अवस्थालाई कथाकारले यस कथाको पात्रका माध्यमबाट देखाउन खोजेको देखिन्छ । अस्तित्व रक्षाका लागि मान्छेले गर्ने सङ्घर्षलाई यो कथामा देख्न सकिन्छ । पुरुष म पात्र बेबीको शरीरसँग एकाकार भएको छ । बेबी गर्भवती भएको कथामा देखाइएको छ र बेबीको गर्भपतन गराइएको कुराले बेबी जस्ता नारीको अस्मिताको कुरा र पुरुषको भोगवादी दृष्टिकोणलाई लेखकले प्रस्तुत गरेर नारीको अस्मितालाई यस कथामा उठाएको देखिन्छ । **सधैं बित्नुपर्ने हामी** कथामा युगीन परिवेश र सामाजिक दायित्व निर्वाहप्रति आफूलाई उभ्याउनु पर्ने भावलाई पारिजातले आफ्नो लेखकीय दृष्टिकोणका आधारमा देखाउन खोजेकी छिन् ।

## ४.२.८ सिमेन्टीभित्र एउटा राजबेली कथाको विश्लेषण

### १. सिमेन्टीभित्र एउटा राजबेली कथाको कथानक र पात्रमा अस्तित्ववादी स्वर

**सिमेन्टी भित्र एउटा राजबेली** कथामा भौतिक वस्तुको मानवीकरण गर्दै मानवीय अस्तित्व र त्यो अस्तित्वले मानव जीवनमा पारेको सकारात्मक प्रभावलाई प्रस्तुत गरेको छ । पात्रको कल्पनाशक्तिका माध्यमबाट वरणस्तन्त्रताको दायित्वलाई पात्रको कार्यव्यापारमा देखाएर एउटा मान्छेको अस्तित्व हरणका लागि अन्य मान्छेले कस्तो भूमिका खेलिरहेका हुन्छन् भन्ने

कुरा कथाकारले यस कथामा देखाउन खोजेको देखिन्छ । एउटा कच्ची बाटोको छेउमा लहरे पीपल नजिकै गाडिएको एउटा बिजुलीको सिमेन्टी खम्बालाई कथाकारले म पात्र बनाएर त्यसका माध्यमबाट हाम्रो समाजमा बस्ने मान्छेको संवेदना एवम् मानव्य परिस्थितिको एउटा चित्र खिच्ने काम कथाकारले गरेको देखिन्छ । कथामा वर्णित विषय सबै मान्छेको अस्तित्व रक्षा नै हो मान्छेले अरूको अस्तित्वलाई कति धेरै हलुका रूपमा लिन्छ भन्ने आसयलाई यस कथाका माध्यमबाट लेखकले देखाउन खोजेको देखिन्छ । खम्बाले आफू उभिएको ठाउँको वर्णन गरी ममा कुनै आवरण छैन, नाङ्गो छु, असाध्यै लज्जाहीन नग्नता भन्दै आफ्नो यथार्थको परिचय दिएको देखाएर मान्छेको वरणस्वतन्त्रतालाई कथाकारले देखाउन खोजेको हो भन्ने प्रमाणित हुन्छ । सिमेन्टीको खम्बाले साँझदेखि बिहानसम्म आफ्ना अगाडि राजबेलीको झाडभित्र भएका घटनालाई देखाएर लेखकले हरेक मानवले आफ्नो अस्तित्व बचाउनका लागि दायित्व वहन गर्न सकेमा हामी समाजमा मानव भएको परिणाम दिन सक्छौँ भन्ने भाव प्रस्तुत गर्न खोजेको देखिन्छ ।आफू नाङ्गै भएको स्वीकार्नु र चिनचा र हीराकाजी पनि नाङ्गिएको सङ्केत दिनुले यौन संवेग र अचेतन मनको भित्री स्वरूपलाई प्रस्तुत गरेको भन्ने कुरालाई तलको साक्ष्य मार्फत देखाउन सकिन्छ :

*चिनचा उठ्छे, हीराकाजीलाई उठाउँछे र अल्छे हाइ काड्छे । मानौँ उठ्न उसलाई जाँगर छैन । त्यो बिहानमा हीराकाजी चिनचालाई लिएर मोड उता हराउँछ र फर्केर आउदैन* ( पृ.३३) ।

माथिको साक्ष्यमा आएको प्रसङ्गले मान्छेको अचेतन मनमा आएका दमित मांशल प्रेम वा यौन सुखको कुरालाई उजागर गर्न खोजेको देखिन्छ । सिमेन्टीको खम्बाभित्र यौन चाहना देखाउनु अतियथार्थको सङ्केतका रूपमा देखिए पनि यो वरण स्वतन्त्राका लागि पात्रले गरेको सङ्घर्षको दायित्व निर्वाह जसबाट पात्रले स्वतन्त्रताको परिणाम भोग्न पाएको सन्दर्भलाई यस कथामा देखाउन खोजिएको छ ।

## २. सिमेन्टी भित्र एउटा राजबेली कथामा लेखकीय दृष्टिकोण

परिजातले यस कथामा आफ्नो लेखकीय दृष्किोणका माध्यमबाट अस्तित्वको आवाजलाई देखाउन खोजेको देखिन्छ। यो कथामा कथाकार पारिजातले फ्रायडीय चिन्तनलाई अस्तित्ववादी कोणबाट प्रस्तुत गर्दै म पात्र बिजुलीको खम्बा रहेको छ जसले आफू उभिएको

ठाउँको वर्णन गरेको देखाएर मान्छेको अस्तित्वलाई प्रतीकात्मक पारामा देखाइएको छ । यो भन्नुको अर्थलाई लेखकले मान्छेको अस्तित्वको प्रसङ्ग नै यथार्थ रूपमा देखाउनु रहेको बुझिन्छ । खम्बाले नग्नताको वर्णन गर्नु भनेको मान्छेको अस्तित्वको वर्णन हो भन्ने लेखकीय दृष्टि यो कथामा रहेको देखिएकाले लेखक अस्तित्वमैत्री हुन् भन्न सकिन्छ ।

### ४.२.९ अप्ठ्यारो र अभ्यस्त मान्छे कथाको विश्लेषण

### १. अप्ठ्यारो र अभ्यस्त मान्छे कथाको कथानक र पात्रमा अस्तित्ववादी स्वर

**अप्ठ्यारो र अभ्यस्त मान्छे** कथामा मनोविकारमा पीरमा  पिल्सिएको पुरुष म पात्रको अस्तित्वको प्रश्नलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ । मान्छे जीवन करुणाले भरिएको छ । यो संसारमा बाँच्ने हरेक मान्छे एक्लो छ भन्ने अस्तित्ववादको मान्यतालाई यो कथाले पनि स्वीकार गरेको देखिन्छ । वरण स्वतन्त्रताका लागि एउटा मान्छेले आफ्नो दायित्वलाई बोध गर्न सकेमा आफूले भनेजस्तै स्वतन्त्रता प्राप्त गर्न सकिन्छ भन्ने मान्यताकै सेरोफेरोमा रहेर पारिजातले यो कथाका पात्रहरूको अस्तित्वको मूल्याङ्कन गर्न यो कथाको सिर्जना गरेकी हुन्न भन्ने अर्थ बोध हुन्छ । यस कथामा मान्छेको मानसिकता र मानसिक संरचना र प्राकृतिक उदारतासमेतलाई अनुकूल वस्तुको चयन गरेर यस्तो प्रकारको कुराको माध्यमबाट मान्छेको स्वतन्त्रताको बाटोलाई देखाउन खोजिएको छ । यहाँ आएको वरण स्वतन्त्राको दायित्वमा पात्रले खेलेको भूमिका र त्यो भूमिकाले दिएको परिणामलाई कथामा स्वतन्त्रताको एउटा बलियो उपलब्धका रूपमा लिन सकिन्छ, जुन कुरालाई तलको साक्ष्य मार्फत देखाउन सकिन्छ :

*चमेलीको छाप्रो छोडेर अझ उता उतासम्म जान मन लाग्छ । तर खट्प्वालबाट छिरेर आएको एक धर्सो उज्यालोले मानौँ सीमारेखा कोरिदिन्छ ।म जात्रा पर्न खोज्छु । प्रयास गर्दै एक पटक टाढा फाँटसम्म हेरिसकेपछि आँखा बसकिन मिच्छु । आखिर त्यहाँ पनि अविराम भएको विष्णुमती र शायद कमलासम्म हिलो पानी, अभ्यस्त अँध्यारो* (पृ. ८९) ।

माथिको साक्ष्यमा आएको अभिव्यक्तिले वरण स्वतन्त्रताका लागि म पात्रले खेलेको दायित्व बोधलाई सङकेत गरेको छ । म पात्रले गरेको सङ्घर्षका कारण उसले मान्छे हुनुको अस्तित्वलाई बुझ्न सकेको र जसबाट म पात्रले आफू छु भन्ने अस्तित्वको परिणाम पाएको सन्दर्भलाई माथिको साक्ष्यले प्रस्तुत गरेको छ ।

## २ अप्ठ्यारो र अभ्यस्त मान्छे कथामा लेखकीय दृष्टिकोण

परिजातद्वारा लिखित **अप्ठ्यारो र अभ्यस्त मान्छे** कथामा स्वतन्त्रता गुमाउनु भनेको सबै थोक गुमाउनु हो भन्ने लेखकीय दृष्टिकोण रहेको देखिन्छ। म पात्रले भोगेका कुराहरू यही समाजका नै घटनाहरू भएको हुनाले लेखकले यस्ता ससाना कुराहरूलाई कथानक बनाएर कथामा प्रस्तुत गरेको देखिन्छ। म पात्रले आफूमा जागेको यौन रोगको मानसिक अभिव्यन्जनामा चमेली पात्रसँग साक्षात्कार गर्न चाहेको देखिन्छ। एउटा मान्छेले आफ्नो जीवनभरि कति धेरै सङ्घर्ष गर्नु पर्छ भन्ने यथार्थलाई लेखकीय पक्षबाट यस कथामा देखाउन खोजिएको हुनाले मान्छेको मानसिकता , मानसिक संरचना र प्राकृतिक उदारतासमेतलाई अनुकूल वस्तुको चयन गरेर यस्तो प्रकारको कुराको माध्यमबाट मान्छेको स्वतन्त्रताको बाटोलाई देखाउन सक्नुपर्छ भन्ने लेखकीय दृष्टिकोण यस कथामा रहेको देखिन्छ।

## ४.२.१० अनिदो र शून्यता कथाको विश्लेषण

## १. अनिदो शून्यता कथाको कथानक र पात्रमा अस्तित्ववादी स्वर

**अनिदो शून्यता** कथामा अस्तित्वभित्र  मान्छेको जीवन कसरी जीवन्त हुन्छ भन्ने कुरालाई देखाउन खोजिएको छ। अहिलेका मान्छे र यहाँको समाजबाट हराउदै गएको मानवीय मूल्य मान्यतालाई केलाउनका लागि कथाकारले यो कथा लेखेको देखिन्छ। मान्छेको वास्तविकता के हो ? मान्छेले जीवनमा के कस्ता खराब काम गरेर आफ्नो र अरूको अस्तित्वलाई पनि सखाप पारेको छ भन्ने कुरालाई यस कथामा देखाउन खोजिएको छ। यस कथाकी प्रमुख पात्र मधुको अस्थाभन्दा नाजुक अवस्था समाजको देखाएर कथाकारले जीनव र जगतलाई फरक ढङ्गले हेरेका छन्। फरक ढङ्ग भनेको मान्छेले आफ्नो स्वतन्त्रताका लागि मान्छेले कतिसम्म आफूलाई सक्रिय राख्न सक्छ जसबाट मान्छे समाजमा आफ्नो स्वतन्त्रताको सेरोफेरोमा रमाउन सक्छ भन्ने कुरालाई यस कथामा देखाउन खेजिएको सन्दर्भलाई तलको साक्ष्य मार्फत प्रस्ट पार्न सकिन्छ :

*एक बिहान म भर्खर घाम झुल्केको समय इनारमा नुहाएर आइरहेकी थिएँ। त्यो भोगटेको रुखनिर चन्द्रकान्तसँग भेट हुँदा उसलेमेरोअघि एउटा निर्लज्ज प्रस्ताव राख्यो, "तपाईंको शरीरलाई न्युड चित्रकलामा भर्न  मन लागेको छ। मौका दिनु हुन्छ ?* (पृ.८१)।

माथिको साक्ष्यलाई आधार मानेर हेर्दा यस कथाकी नारी पात्र मधुलाई चन्द्रकान्त भन्ने पात्रले उसको अस्तित्वलाई हरण गर्न खोजेको खेखिन्छ। अरुको अस्तित्वलाई लुटेर आफ्नो स्वार्थ पूर्ति गर्ने चन्द्रकान्त जस्ता पात्रका अगाडि लेखकले मधु जस्तो पात्र खडा गरेर आफ्नो स्वतन्त्र अस्तित्वका लागि आफैँ लड्नु पर्ने प्रसङ्ग यस कथामा देखाउन खोजिएको छ। वर्तमान समयका मान्छेहरूमा उब्जिएको अमानवीय भावना एवम् मान्छेमा जागृत विकृति एवम् विसङ्गति हटाउनका लागि आफ्नो दायित्व रहेको कुरा यस कथामा देख्न सकिन्छ।

### २. अनिदो शून्यता कथामा लेखकीय दृष्टिकोण

अनिदो शून्यता कथामा कथाकार पारिजातले कथाकी प्रमुख पात्र मधुका माध्यमबाट आजको समयको यथार्थ प्रतिबिम्ब देखाउने प्रयास गरेकी छिन्। नेपाली समाज र मान्छेको जीवनको वास्तविकतालाई नाजुक तरिकाले देखाएर यसैबाट मान्छे र समाजको अस्तित्वलाई खोज्नु पर्ने आसयलाई कथाकारले यस कथाका माध्यमबाट प्रस्ट पारेको देखिन्छ। मान्छेले आफ्नो वरण स्वतन्त्रताका लगि कति धेरै सङ्घर्ष गनुपर्छ र मानव जीवनलाई मूर्त रूप दिनका लागि कस्तो सामना गर्नुपर्छ भन्ने मुख्य विषयलाई कथाकारले आफ्नो पक्षबाट खुलस्त बनाएर अस्तित्ववादी आवजलाई पनि मुखरित गरेको हुनाले यस कथामा पनि लेखक अस्तित्वमैत्री रहेको पाइन्छ।

## ४.२.११ साइनो ग्रयाटिनको टुक्रासँग कथाको विश्लेषण

### १. साइनो ग्रयाटिनको टुक्रासँग कथाको कथानक र पात्रमा अस्तित्ववादी स्वर

**साइनो ग्रयाटिनको टुक्रासँग** कथामा जीवन भनेको ग्रयानीटका कणहरूसँग सम्झौता गरेर बाँचिरहेको छ र यो बाँच्नुको प्रयासमा हरेक मान्छेलाई आफ्नो अस्तित्वलाई खोजिरहेका छन् भन्ने सन्दर्भलाई कथाकारले यस कथामा देखाउन खोजेको देखिन्छ। वर्तमान मानव जीवन र अहिलेको सामाजिक असहज परिस्थितिको केन्द्रमा रहेर लेखिएको यस कथामा जीवनको विस्फोटनको स्थिति र यसलाई अन्त्य गर्नका लागि मान्छेले खेल्नु पर्ने भूमिकालाई नै प्रमुखताका साथ प्रस्तुत गरिएको देखिन्छ। वरण स्वतन्त्रताका सवालमा मान्छेले अरूबाट पाएको घृणा तिरस्कार एवम् अमानवीय कुरा अन्त्यका लागि आफ्नो सङ्घर्षको पनि प्रमुख दायित्व हुन्छ भने सन्दर्भलाई तलको साक्ष्यमार्फत प्रस्ट पार्न सकिन्छ :

*फोक्सोको एक हिस्सा र शरीररको आधा पाखा छोराको मृत्युको घाउले पोलेको छ भने अर्को पाखा छोरीको कुबेलाको मृत्युले पिल्सिएको छ । ऊ आफ्नो सोह्रौं वसन्तमा क्षयरोगले मरी । मेरो इच्छाको विरूद्ध सायद पोइल नगएकी भए बाँचेकी हुन्थी* (पृ.७७) ।

मृत्युको स्वीकार गरेर पनि मान्छेले अस्तित्वलाई ग्रहण गरिरहेको हुन्छ भन्ने लेखकको मान्यता कथामा आएको देखिन्छ । मान्छेको जीवन अभावसँग मात्रै पनि सीमित हुँदैन यो विभिन्न अस्त्र एवम् विस्फोटनका वस्तुसँग पनि नजिक हुन्छ जसबाट हामीले आफ्नो अस्तित्वको लागि सङ्घर्ष गर्नै पर्छ र हामीले गरेको अस्तित्वको सङ्घर्षले मानवलाई स्वतन्त्रताको अनुभूति दिन सक्छ भन्ने तर्क यस कथामा रहेको देखिन्छ ।

### २. साइनो ग्रयाटिनको टुक्रासँग कथामा लेखकीय दृष्टिकोण

**साइनो ग्रयाटिनको टुक्रासँग** कथामा कथाकार पारिजातको दृष्टिलाई हेर्ने हो भने यहाँ पनि मान्छेको अस्तित्व कहाँ छ भन्ने प्रश्न नै मुख्य रूपमा आएको देखिन्छ । पारिजातले समाजमा देखिएको सामाजिक अवस्थालाई नजिकबाट नियाल्ने काम गरेकी छिन् । यस कथामा पत्नीले आफ्नो पतिका भावलाई अस्तित्वको स्वीकारका तहबाट हेरेको देखिन्छ । मान्छेको वरण स्वतन्त्रतालाई नेपाली समाजसँग मात्र दाँजेर हेर्ने होइन विश्व समाजसँग तौलिएर हेर्नु पर्ने भावलाई यस कथाले बाकेको देखिन्छ । जीवनको अस्तित्व र परिस्थितिका मूल्यवत्तालाई चयन स्वतन्त्रताका केन्द्रीयताबाट हेर्न खोजिएकोले यस कथाले बोकेको सारमा पनि अस्तित्ववादी स्वर भेटिनुका साथै चयन स्वतन्त्रताका लागि यस कथामा प्रयुक्त पात्रले सङ्घर्ष गरेका छन् भन्ने विचार देखाउन कथाकार सफल रहेको दखिन्छ ।

### ४.२.१२ सोफिजम मेरो लोग्नेसँग कुराकानी कथाको विश्लेषण

### १. सोफिजम मेरो लोग्नेसँग कुराकानी कथानक र पात्रमा अस्तित्ववादी स्वर

कथामा मानिसको अपूर्णतालाई लक्षित गर्दै यस कथामा पत्नीले आफ्नो पतिका भावलाई अस्तित्वको स्वीकारका तहबाट हेरेको देखिन्छ । पलायन र विरक्ति भएका आजका मान्छेको साझा समस्यालाई यो कथाले उठान गरेको विषय हो । वरण स्वतन्त्रताका लागि मुख्य कुरा हरेक मान्छेले आफ्नो ठाउँबाट अस्तित्वको सङ्घर्ष गर्नै पर्दछ वरण स्वतन्त्रताको दायित्वलाई जबसम्म मान्छेले बोध गर्न सक्दैन तबसम्म मान्छेले आफ्नो अस्तित्व पनि प्राप्त गर्न सक्दैन

भन्ने मर्म यो कथामा रहेको देखिन्छ । जीवनको अस्तित्व र परिस्थितिका मूल्यवत्तालाई चयन स्वतन्त्रताका केन्द्रीयताबाट हेर्न खोजिएको छ । मान्छेको वरण स्वतन्त्रतालाई नेपाली समाजसँग मात्र दाँजेर हेर्ने होइन विश्व समाजसँग तौलिएर हेर्नु पर्ने भावलाई यस कथाले बोकेको देखिन्छ ।

### २. सोफिजम मेरो लोग्नेसँग कुराकानी कथामा लेखकीय दृष्टिकोण

**सोफिजम मेरो लोग्नेसँग कुराकानी शीर्षकको कथामा** कथाकार पारिजातले आफ्नो लेखकीय दृष्टिकोणका माध्यमबाट अस्तित्ववादी आवाजलाई मुखरित गरेको पाइन्छ । यस कथामा पत्नीले आफ्नो पतिका भावलाई अस्तित्वको स्वीकारका तहबाट हेरेको देखिन्छ । मान्छेको वरण स्वतन्त्रतालाई नेपाली समाजसँग मात्र दाँजेर हेर्ने होइन विश्व समाजसँग तौलिएर हेर्नु पर्ने भावलाई यस कथाले बोकेको देखिन्छ । जीवनको अस्तित्व र परिस्थितिका मूल्यवत्तालाई चयन स्वतन्त्रताका केन्द्रीयताबाट हेर्न खोजिएकोले यस कथाले बोकेको सारमा पनि अस्तित्ववादी स्वर भेटिनुका साथै चयन स्वतन्त्रताका लागि यस कथामा प्रयुक्त पात्रले सङ्घर्ष गरेका छन् । पारिजातको कथायात्राको प्रथम चरणमा लेखिएको कथासङ्ग्रह **आदिम देश** भित्रका कथाहरू अस्तित्ववादी चिन्तनमा आधारित रहेका छन् । कथाकार पारिजातले मानिसको विसङ्गतपूर्ण जीवनको मूल्य खोज्दै यस कथासङ्ग्रहभित्रका कथाहरू लेखेको पुष्टि हुन्छ । आजको मानिसमा मानिसलाई नै संहार गर्ने प्रवृति बढ्दै गएको परिप्रेक्ष्यलाई पारिजातले कथाका माध्यमबाट नेपाली समाज र मानवीय अस्तित्वको विषयलाई उठाउन खोजेको देखिन्छ । वैज्ञानिक उन्नति र राजनैतिक स्वतन्त्रताका नाममा मानिस मानवीय मूल्य र मान्यताबाट पूरै नाङ्गिएको अवस्थामा पारिजातले मान्छेको चयन स्वतन्त्रता पनि सङ्कटमा परेको देखेकी छिन् र मानवीय मूल्य, नैतिक प्रतिष्ठा र मानिसका निष्ठालाई जोगाइ राख्नका लागि कथाका माध्यमबाट अस्तित्वको सङ्घर्षलाई जारी राखेको देखिन्छ ।

## ४.३ निष्कर्ष

पारिजातद्वारा लिखित **आदिम देश** कथासङ्ग्रहभित्रका कथाहरूले मानवीय अस्तित्वको आवाजलाई उठाएका छन् । दोस्रो विश्वयुद्धले मानिस हताहत भई युरोपेली चिन्तनमा विसङ्गतिको सिर्जना भएको कुरालाई पनि कथाकार पारिजातले आफ्ना कथामा अस्तित्वकै सवालबाट प्रस्तुत गरेको देखिन्छ । मानिसले आफ्नो अस्तित्वको खोज गर्नका लागि आफूले

नै सङ्घर्ष गर्नु पर्छ भन्ने मान्यतामा आधारित भएर लेखिएका पारिजातका कथामा मान्छेको चयन स्वतन्त्रतालाई अरूको अधीनमा राख्न दिनु हुन्न भन्ने कुरामा केन्द्रित रहेका छन् । नारी भएर बाँच्दाका पीडाहरू र अस्तित्वका पाटाहरूलाई पनि पारिजातले प्रमुखताका साथ प्रस्तुत गरेको देखिन्छ । मानवीय अस्तित्वको ह्रासलाई उनले **तिउरीको फूल, पायरियाको गन्ध** जस्तो कथामा देखाउन खोजेको देखिन्छ । **सोफिजम मेरो लोग्नेसँग कुराकानी, मैले नजन्माएको छोरो** जस्ता कथाहरूमा नारीको अस्तित्व र अस्तित्वमाथि आइपर्ने सङ्कट र आफ्नो स्वतन्त्रताका लागि नारीले गरेको सङ्घर्षलाई प्रस्तुत गरेको देखिन्छ । यायावरीय जीवनशैलीबाट माथि उठेको मानिस कतिपय अवस्थामा उसले आदिम प्रवृतिलाई अवलम्बन गर्दै हिँडेको हुनाले मानव समाजमा अस्तित्वको सङ्कट परेको हो भन्ने लेखकीय दृष्टि कथाहरूमा प्रस्तुत भएको देखिन्छ । आजको मान्छेले आफूलाई जतिसुकै धार्मिक भएको ढोंग गरे पनि उदारवादी र मानवीय भावनाले ओतप्रोत ठाने पनि ऊ यी सबै कुराबाट नाङ्गो भएको छ भन्ने लेखकीय दृष्किोण रहेको हुनाले उनका कथामा जीवन र जगत्को निस्सारतालाई देखाएर अस्तित्वको खोजी गर्ने प्रयत्न गरिएको छ । **बीसौँ शताब्दी एउटा गल्लीमा, सिमेन्टीभित्र एउटा राजबेली, सधैँ बित्नु पर्ने हामी** जस्ता कथाहरूमा मानवको अस्तित्वलाई जोगाउनका लागि लेखकले कथाको माध्यमबाट आवाज उठाएको देखिन्छ । लेखक **आदिम देश** कथासङ्ग्रहभित्रका कथाहरूमा अस्तित्वमैत्री देखिन्छिन् । मानवीय मूल्य मान्यता घट्दै गइरहेको नेपाली समाजमा हरेक मानवले आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्न सक्नु पर्छ भन्ने कुरालाई लेखकले प्रस्तुत गरेको देखिएको हुनाले पारिजातका यी कथाहरूमा अस्तित्व रक्षाको प्रतिबिम्ब देख्न सकिन्छ ।

# परिच्छेद पाँच
# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववाद शीर्षकको शोधप्रबन्ध पारिजातका कथाहरूमा केन्द्रित भई गरिएको शोधकार्य हो । यो शोध प्रबन्ध पाँचवटा परिच्छेदमा सङ्गठित छ । यस शोधप्रबन्धको परिच्छेद एकमा शोध परिचय प्रस्तुत गरिएको छ । यस अन्तर्गत विषय परिचय, समस्या कथन, अध्ययनका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, सीमाङ्कन, सामग्री सङ्कलन, शोधविधि र शोध प्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । शोध शीर्षकलाई विषय परिचयमा परिभाषित गरी शीर्षक र पूर्वकार्यको अध्ययनका आधारमा शोध्य समस्याको निरूपण गरिएको छ । त्यसपछि निरूपित समस्याका आधारमा उद्देश्यको निर्माण, सीमाङ्कन शोधविधि निर्धारण गरिएको छ। पूर्वकार्यको अध्ययनबाट प्रमाणित शोध्य समस्याको महत्त्व प्रस्तुत गरी यस शोध कार्यको औचित्य स्थापित गरिएको छ । शोधविधिअन्तर्गत सामग्री सङ्कलनका लागि सोद्देश्यमूलक नमुना छनोट विधि र सामग्री विश्लेषणको ढाँचाको चयन गरिएको छ ।

यस शोधप्रबन्धको परिच्छेद दुईमा अस्तित्ववादको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ । अस्तित्ववादभित्रको वरण स्वतन्त्रता मानवदर्शन हो । मानवीय जीवनको मूल समस्या पहिल्याउन र त्यसैको परिप्रेक्ष्यमा जीवनको सत्य खट्टयाउनु वरण स्वतन्त्रताको विशिष्ट अभिप्राय हो । अस्तित्ववाद व्यक्तिलाई सम्पूर्ण भ्रमबाट मुक्त पार्न चाहन्छ र भ्रममुक्त भएको एउटा शून्यको बिन्दुबाट आफूलाई खोज्ने र आफ्नै प्रयासले आफूलाई प्राप्त गर्ने जाँगर र आत्मविश्वास व्यक्तिभित्र जगाउन खोज्छ । यद्यपि जन्मसंगैसंगै मृत्युको अभिशाप पनि बोकेर आएको मान्छेको जीवनका निस्सारता, निरर्थकता, निरूपायता, अनिश्चितता एवं यावत् विवशताको बोधबाट उत्पन्न चरम नैराश्यको भावना नै अस्तित्ववादको मूल प्रेरणा स्रोत हो, तर यो आफै भने निराशावादी दर्शन होइन । यसले मानिसलाई जीवनबाट भाग्न होइन, जीवनसित जुझेर अर्थात् सङ्घर्ष गरेर यसको नवीन अर्थ र मूल्यको खोजी गर्न उत्प्रेरित गर्दछ । व्यक्तिसत्ताप्रति यस वादको अपार लगाव र झुकाव रहेको पाइन्छ । एक अर्थमा भन्ने हो भने अस्तित्ववाद व्यक्तिवाद नै हो । अस्तित्ववादको सिद्धान्त अनुसार केवल व्यक्ति नै सत्य हो । यो संसारमा मान्छेको हुनुको कुनै निश्चित प्रयोजन छैन । मान्छे

आफ्नो इच्छा विना नै यो संसारमा त्यत्तिकै विना प्रयोजन फालिएको छ। उसको अगाडि जीवनको मूल्य तोक्ने अर्को कुनै सत्ता यस संसारमा छैन। हरेकले आफ्नो मूल्य आफै निर्माण गर्दछ, गर्नुपर्दछ। हरेक मान्छे आफ्नो काम आफैँ रोज्छ र त्यस अनुसार आफैले आफूलाई बनाउँछ। यसरी हरेक व्यक्तिले आफ्नो मूल्य आफै प्राप्त गर्न प्रयास गर्नुपर्छ भनी वैयक्तिक जीवनलाई नयाँ सन्दर्भ, अर्थ र मानवीय मूल्यमा प्रतिस्थापित तुल्याउन खोज्नु नै अस्तित्ववादको मूल अभीष्ट हो।

यस शोध प्रबन्धको परिच्छेद तिनमा आदिम देश कथासङ्ग्रहका कथामा चयन स्वतन्त्रता शीर्षकमा आबद्ध रहेर निम्न उपशीर्षकहरूको अध्ययन विश्लेषण गरिएको छ :

(क) कथानकमा चयन स्वतन्त्रताका सूचकहरू

(ख) पात्रका चरित्रचित्रणमा चयन स्वतन्त्रताका सूचकहरू

(ग) उद्देश्यमा चयन स्वतन्त्रताका सूचकहरू

(घ) बिम्ब प्रयोगमा चयन स्वतन्त्रताका सूचकहरू

यसमा पारिजातका प्रकाशित कथासङ्ग्रहहरूमध्ये अस्तित्ववादी स्वरका कोणबाट अध्ययन गर्न योग्य सङ्ग्रह **आदिम देश**भित्रका सबै बाह्रवटा कथाहरू लिइएको छ। आदिम देश सङग्रहभित्रका सबै कथाहरूलाई शोध समस्यासँग सम्बन्धित भएर विषयपरिचय, अस्तित्व रक्षाका लागि पात्रले गरेको सङ्घर्ष र निष्कर्ष गरी तिन वटा शीर्षकमा अध्ययन गरिएको छ।

परिच्छेद चारमा आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववादी स्वर शीर्षकसँग सम्बन्धित भएर विषय परिचय, कथानक र चरित्रचित्रणमा अस्तित्ववादी निर्णय, निस्सारता र लेखकीय दृष्टिको अध्ययन विश्लेषण गरिएको छ।

परिच्छेद पाँच अन्तर्गत यस शोधकार्यको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ।

## ५.२ निष्कर्ष

पारिजातद्वारा लिखित आदिम देश कथा सङ्ग्रहका कथामा अस्तित्ववाद शीर्षकको प्रस्तुत शोध प्रबन्धमा शोध समस्यामा उल्लिखित दुईवटा शोधप्रश्नहरूका उत्तरहरू नै विश्लेषणका

क्रममा समेटिएका छन् । ती उत्तरहरूमा समेटिएका सामग्रीका निचोडलाई नै यहाँ निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ ।

आदिम देश कथासङ्ग्रहका कथाहरूमा चयन स्वतन्त्रता भन्ने प्रश्न प्रस्तुत अध्ययनको पहिलो प्रश्नको रूपमा रहेको छ र तेस्रो परिच्छेदमा यस प्रश्नको उत्तर पहिल्याइएको छ ।

मानवीय अस्तित्वको आवाजलाई उठाउनका लागि यो **आदिम देश** कथासङ्ग्रहका कथाहरूलाई लिएको प्रस्ट हुन्छ । मानवीय अस्तित्वको ह्रासलाई पारिजातले **तिउरीको फूल पायरियाको गन्ध** जस्तो कथामा देखाउन खोजेको देखिन्छ । दोस्रो विश्वयुद्धले मानिस हताहत भई युरोपेली चिन्तनमा विसङ्गतिको सिर्जना भएको कुरालाई पनि कथाकार पारिजातले आफ्ना कथामा अस्तित्वकै आवाज प्रस्तुत गरेको देखिन्छ । मानिसले आफ्नो अस्तित्वको खोज गर्नका लागि आफूले नै सङ्घर्ष गर्नु पर्छ भन्ने मान्यतामा आधारित भएर लेखिएका पारिजातका कथामा मान्छेको चयन स्वतन्त्रतालाई अरूको अधीनमा राख्न दिनु हुन्न भन्ने कुरामा केन्द्रित रहेका छन् । नारी भएर बाँच्दाका पीडाहरू र अस्तित्वका पाटाहरूलाई पनि पारिजातले प्रमुखताका साथ प्रस्तुत गरेको देखिन्छ । उनले **सोफिजम मेरो लोग्नेसँग कुराकानी, मैले नजन्माएको छोरो** जस्ता कथाहरूमा नारीको अस्तित्व र अस्तित्वमाथि आइपर्ने सङ्कट र आफ्नो स्वतन्त्रताका लागि नारीले गरेको सङ्घर्षलाई प्रस्तुत गरेको देखिन्छ । यायावरीय जीवनशैलीबाट माथि उठेको मानिस कतिपय अवस्थामा उसले आदिम प्रवृतिलाई अवलम्बन गर्दै हिँडेको हुनाले मानव समाजमा अस्तित्वको सङ्कट परेको हो भन्ने लेखकीय दृष्टि कथाहरूमा प्रस्तुत भएको देखिन्छ । आजको मान्छेले आफूलाई जतिसुकै धार्मिक भएको ढोंग गरे पनि उदारवादी र मानवीय भावनाले ओतप्रोत ठाने पनि ऊ यी सबै कुराबाट नाङ्गो भएको छ भन्ने लेखकीय दृष्किोण रहेको हुनाले उनका कथामा जीवन र जगतको निस्सारतालाई देखाएर अस्तित्वको खोजी गर्ने प्रयत्न गरिएको छ । **बीसौं शताब्दी एउटा गल्लीमा, सिमेन्टीभित्र एउटा राजबेली, सधैं बिल्नु पर्ने हामी** जस्ता कथाहरूमा मानवको अस्तित्वलाई जोगाउनका लागि लेखकले कथाको माध्यमबाट आवाज उठाएको देखिन्छ । लेखक **आदिम देश** कथासङ्ग्रहभित्रका कथाहरूमा अस्तित्वमैत्री देखिन्छिन् ।

आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववादी स्वर भन्ने प्रश्न प्रस्तुत अध्ययनको दोस्रो प्रश्नको रूपमा रहेको छ र चौथो परिच्छेदमा यस प्रश्नको उत्तर पहिल्याइएको छ । आदिम

देश कथासङ्ग्रहमा सङ्ग्रहित बाह्रवटा कथामा पात्रको कार्यव्यापारमार्फत् उनीहरूले आफ्नो अस्तित्व रक्षाका लागि उठाएको आवाजलाई देख्न सकिन्छ। **आदिम देश** शीर्षकको कथामा कथाको म पात्र र उसकी श्रीमतीले आफ्नो अस्तित्वका लागि आवाज उठाएका छन्। नारीको अस्तित्वलाई तिउरीको फूलसँग दाँजेर लेखिएको **तिउरीको फूल पायरियाको गन्ध** कथामा नारी स्वतन्त्रताका लागि उसले उठाएको अस्तित्व रक्षाको स्वरलाई प्रस्तुत गरिएको छ। एउटी लाटी आइमाईलाई समाजले कसरी हेर्छ र उसको अस्तित्वलाई कसरी दबाउन खोज्छ भन्ने सन्दर्भलाई यस कथामा देखाउन खोजिएको छ। त्यसैगरी **निर्माणको मोडेल समयभित्र** शीर्षकको कथामा ज्यामी मजदुरको अस्तित्व र उनीहरूको स्वको प्रश्नलाई प्रस्तुत गरिएको छ। **बिसौँ शताब्दी एउटा गल्लीमा** कथामा पसल्नी नारीमाथि भएका सामाजिक हिसां र त्यस हिसांबाट बच्नका लागि उसले प्रस्तुत गरेको अस्तित्व रक्षाको आवाजलाई प्रस्तुत गरिएको छ। **मैले नजन्माएको छोरो** कथामा नारीको मनोविज्ञान र सामाजिक परिवेशमा देखिएका विकृति र विङ्गतिप्रति एउटी नारीले देखाएको आवाजलाई प्रस्तुत गरिएको छ। आदिम देश कथासङ्ग्रहभित्र आएका सम्पूर्ण कथाहरूमा अस्तित्व रक्षाका लागि हरेक पात्रहरूले समान रूपमा आवाज उठाउन सकेको देखिदैन। कोही पात्रहरूले अस्तित्व रक्षाका लागि बोल्न नसके पनि लेखकीय दृष्टिमार्फत् ती पात्रहरू बोलेको देखिन्छ। पारिजातका यी कथाहरूमा अस्तित्वका लागि पात्रहरूले के कसरी आवाज उठाउनु पर्छ भन्ने विचारलाई कथाकारले देखाउन खोजेको देखिन्छ।

## सन्दर्भसामग्री सूची


उप्रेती, रेवता, "साल्गीको बलात्कृत आँसु कथा सङ्ग्रहको अध्ययन" अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६४ ।

कार्की, अम्बु भवानी "पारिजातको कथाकारिता" अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५२ ।

कोइराला, कुमार प्रसाद, *नेपाली आख्यानको अध्ययन,* काठमाडौंः वाणी प्रकाशन, २०५८ ।

गौतम, कृष्ण, *पारिजात, मैले नजन्माएको छोरो कथा,* गरिमा, ८/१२, पूर्णाङ्क ९६, १६-२२ , २०४७ ।

गौतम, कृष्ण, *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौंः भृकुटी एकेडेमिक पब्लिकेसन्स, २०६४ ।

गौतम, दीपक, "समकालीन प्रगतिवादी नेपाली कथामा प्रवृत्तिहरू" अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, २०६३ ।

गौतम, देवीप्रसाद, (सम्पा.), *नेपाली कथा,* काठमाडौंः नवीन प्रकाशन, २०५४ ।

घिमिरे, कृष्णप्रसाद, *पारिजातको कथाकारिता* गरिमा, १८/६ जेठ, ५०-५७, २०५७ ।

..., *अनुसन्धानात्मक समालोचना,* कीर्तिपुरः कला बुक सेन्टर, २०६९ ।

घिमिरे, कृष्णप्रसाद र रामप्रसाद ज्ञवाली, *आख्यानकार पारिजात,* काठमाडौंः हजुरको पुस्तक संसार, २०५८ ।

जोशी, कुमारबहादुर, पाश्चात्य साहित्यका प्रमुखवाद, पाँ.सं., काठमाडौंः साझा प्रकाशन, २०६६ ।

त्रिपाठी, वासुदेव, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* भाग १ ते.सं., काठमाडौंः साझा प्रकाशन, २०४९ ।

निरौला, अम्बिकादेवी, “पारिजातको कथामा नारीवाद”, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, २०७२ ।

पराजुली, रञ्जुश्री, *कथाकार पारिजात र मैले नजन्माएको छोरो,* जनमत, वर्ष ९/७-९, पूर्णाङ्क ६०-६२, २०४९ ।

पाण्डेय, ताराकान्त, *पारिजातका कथामा नारी पात्रहरू : एक अध्ययन,* समकालीन साहित्य, वर्ष ४/३, साउन, भदौ, असोज, १३९-१५४, २०५१ ।

पाण्डेय, ताराकान्त, *साल्गीको बलात्कृत आँशु कथाको सांस्कृतिक अध्ययन,* समष्टि, **१,२०१-२१३, २०६८** ।

पारिजात, *पारिजातका संकलित रचनाहरू,* दो.सं., काठमाडौंः फिनिक्स बुक्स, २०७३ ।

पोखरेल, ईश्वरप्रसाद, *रचना विधान अनुसार तिउरीको फूल पायरियाको गन्ध कथाको विश्लेषण,* कुञ्जिनी, वर्ष १०/७, २४-३०, २०५९ ।

पौड्याल, रामहरि, *साल्गीको बलात्कृत आशुमा समसामयिक स्वर,* जनमत-६०/६२, ९/७, ९ श्रावण-असोज, ३४-४० २०४९ ।

पौड्याल, हिरामणि शर्मा, *रचना विवेचना,* पर्वतः इन्दिरा शर्मा पौड्याल, २०४६ ।

प्रधान, नयना, “पारिजातको कवितामा अस्तित्ववाद”, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, २०६४ ।

बराल, ईश्वर, *आख्यानको उद्भव,* काठमाडौंः साझा प्रकाशन, २०३९ ।

भट्टराई, तुलसी, *पारिजात : नारी अस्मिता र दृष्टिकोण,* **पारिजात स्मृति ग्रन्थ**, निनु चापागाइँ र खगेन्द्र संग्रौला (सम्पा.), काठमाडौं : पारिजात स्मृति केन्द्र, १९-२६, २०५१ ।

भट्टराई, रमेशप्रसाद, *नैकापे सर्किनी कथाको बहुसांस्कृतिक विश्लेषण,* वाङ्मय, ११, २२-२७, २०६० ।

भट्टराई, रमेशप्रसाद, *नेपाली साहित्य पहिचान र प्रतिनिधित्व,* काठमाडौंः विवेक सिर्जनशील प्रकाशन, २०७० ।

शर्मा, मोहनराज, *नारीमनकी अन्तरङ्ग शिल्पी : पारिजात,* बगर, वर्ष १०, पूर्णाङ्क ३४, ९१-९८, २०४८ ।

श्रेष्ठ, दयाराम (सम्पा.), *नेपाली कथा भाग ४*, दो.स.काठमाडौंः साझा प्रकाशन, २०६० ।

सुवेदी, राजेन्द्र, *सृजनविधाका परिधानमा पारिजात,* वाराणासीः भूमिका प्रकाशन, २०५३ ।